## पहिलो परिच्छेद

# शोध परिचय

### १.१ विषय परिचय

नेपाली साहित्यमा कार्तिकेय घिमिरे नामले प्रसिद्ध रहेका प्रतिभाको जन्म वि.सं. २०३३ कार्तिक ११ गते जनकपुर अञ्चलको सर्लाही जिल्लाको हरिवन गा.वि.स.को वडा नं. २ मा पिता चन्द्रनाथ घिमिरे र माता दुर्गादेवी घिमिरेका नवौँ सुपुत्रको रूपमा भएको हो । मध्यमवर्गीय परिवारमा जन्मिएका कार्तिकेय घिमिरेको बाल्यकाल हरिवनकै परिवेशमा बितेको थियो । दश जोड दुई अथवा +२ आफ्नै जन्मस्थानबाट प्राप्त गरेका कार्तिकेय घिमिरेले स्नातकोत्तर तहसम्मको अध्ययन गरेका छन् । आफ्नै संवेदनशील हृदय, बच्चाहरूप्रतिको प्रेम, हान्स क्रिश्चियन एन्डरसन र दिनेश अधिकारीको काव्यात्मकता उनका लेखनका ऊर्जा हुन् । साहित्यलेखनका अतिरिक्त सामाजिक संघ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । अध्ययन र पत्रकारितामा विशेष रुचि राख्ने कार्तिकेय घिमिरेले साहित्यका बालकथा, कविता, उपन्यास, आदि विधामा कलम चलाएका छन् । उनका हालसम्मका प्रकाशित पुस्तकाकार कृतिहरूमा ‘भूतराज’ (२०५८), ‘डरलाग्दो राक्षसको खोजी’ (२०५८), ‘अचम्मको देश’ (२०५८) उपन्यासहरू प्रकाशित छन् भने ‘बुद्धिमान छोरी’ (२०५३), ‘फुच्चे बन्यो राजा’ (२०५६) ‘मेरी सानी राधा’ (२०५८), ‘सुगा बन्यो राजा’ (२०५८), ‘भ्यागुताको प्रजातन्त्र’ (२०५८), ‘बालदिवस’ (२०६०), ‘परीको कल्पना’ (२०६०), ‘निर्दोष हत्यारा’ (२०६१), बाल साहित्य श्रृङ्खला- १ ‘छिः कस्तो नराम्रो हिरो’ (२०६४), आदि बाल कथा सङ्ग्रहहरू प्रकाशित  छन् भने ‘मुर्दालाई दुख्दैन’ (२०५६) कविता सङ्ग्रह प्रकाशित छ । उनी निरन्तर हरूमा पत्रकारिता, बाल साहित्य र सामाजिक क्षेत्रमा लाग्दै आएका छन् । यस शोधमा तिनै कार्तिकेय घिमिरेको आख्यानात्मक कृतिहरू (कथा) का बारेमा प्रकाश पारिएको छ ।

## १.२ समस्याकथन

वि.सं. २०३३ सालमा सर्लाही हरिवनमा जन्मिएका र नेपाली बाल साहित्यमा कार्तिकेय घिमिरे नामले प्रसिद्ध रहेका व्यक्ति प्रतिभाले कविता, कथा, उपन्यास तथा बालसाहित्यका क्षेत्रमा आफ्नो लेखनीलाई सक्रिय तुल्याएका छन् । उनका आख्यानात्मक (कथा) कृतिहरूको अध्ययन गर्नु नै यस शोधको मुख्य समस्या हो । नेपाली बालसाहित्यलाई सङ्ख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्ष प्रदान गर्ने कार्यमा निरन्तर लागिरहने स्रष्टाका रूपमा चिनिएका कार्तिकेय घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्त्वका बारेमा विस्तृत र गहन अध्ययन नभएकोले प्रस्तुत शोधकार्य कार्तिकेय घिमिरेका निम्नलिखति समस्यासँग सम्बद्ध रहेको छ ।

(क) बालकथाको सिद्धान्त के कस्तो छ र नेपाली बालकथाको विकास कसरी भएको छ ?

(ख) बाल कथाकार कार्तिकेय घिमिरेको जीवनी के कस्तो छ र उनको कथा यात्रा कस्तो छ ?

(ग) कार्तिकेय घिमिरेका बालकथाहरू के कस्ता छन् ?

## १.३ शोधकार्यको उद्देश्य

विशेषतः शोधकार्यका रूपमा देखिएका विषयहरूको उत्तर वा समाधान पहिल्याउनु नै शोधपत्रको मुख्य उद्देश्य रहने हुनाले शोधपत्रको समस्यालाई समाधान गर्ने सन्दर्भमा वस्तुपरक ढंगले व्याख्या विश्लेषण र समाधान के कसरी गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्ने क्रममा निम्नलिखित उद्देश्यहरू अघि सारिएका छन् ।

(क) बालकथा सिद्धान्तको अध्ययन गरी नेपाली बालकथाको विकासक्रमको उल्लेख गर्नु,

(ख) बालकथाकार कार्तिकेय घिमिरेको जीवनी प्रस्तुत गर्नु र उनको कथायात्राको निरूपण गर्नु,

(ग) कार्तिकेय घिमिरेको बालकथाहरूको चर्चा गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

सर्लाहीको हरिवनमा जन्मेर स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरी विभिन्न सामाजिक तथा साहित्यिक संघ-संस्थामा र पत्रकारितामा आवद्ध रहेका कार्तिकेय घिमिरेको सिर्जना यात्राको आरम्भ कविता विधाबाट भएको हो । वर्तमान समयमा पनि अनवरत रूपमा साहित्यसिर्जनामा लागिरहेका कार्तिकेय घिमिरे उल्लेख्य पुरुष प्रतिभा हुन् । कार्तिकेय घिमिरेका कथाका बारेमा विभिन्न समीक्षकहरूले विभिन्न पत्र-पत्रिकामा चर्चा गरेको पाइन्छ । उनका कथाका बारेमा व्यक्त विचारहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

'नयाँ करेन्ट' (साप्ताहिक) २०५४ कार्तिक मङ्सिरमा प्रकाशित पुस्तक स्तम्भमा रामचन्द्र पाण्डेले लेखेका छन् : घिमिरेको नेपाली बालसाहित्यको कुरा गर्दा वि.सं. २०५३ साल कार्तिक मङ्सिर महिनाको अङ्कमा 'रचना' साहित्यिक द्वैमासिक पत्रिकामा 'कथा एउटा जीवनको' शीर्षक कविता मार्फत उनी यस क्षेत्रमा प्रवेश गरेका हुन् ।

'नेपाली' (पाक्षिक २०५८ मङ्सिर १-१५ मा (भ्यागुताको प्रजातन्त्र) कथासङ्ग्रहको बारेमा रामदयाल राकेश लेख्छन्– "कुनै-कुनै कथा लामो भएको र अनुच्छेद पनि लामो भएकोले बालबालिकालाई झर्को लाग्न सक्छ तर भाषा शैली सरल एवं सम्प्रेषणीय भएकोले यो लोकप्रिय कथासङ्ग्रह भएको छ ।"

केटाकेटी इन्टरनेट पत्रिका २०६० मा अच्युत शरण अर्याल लेख्छन् "भूतराज" र "डरलाग्दो राक्षसको खोजी" दुई बाल उपन्यासमा तिलस्मी र चमत्कारपूर्ण घटनाहरूको संयोजन छ भने "अचम्मको देश" यथार्थपरक छ ।

"नेपाली बाल साहित्यको इतिहास" २०६१ पुस्तकमा प्रमोद प्रधान लेख्छन् "कार्तिकेय घिमिरेका बाल कथाहरू थोरै र बाला पात्रपात्रा, मिठा-छोटा संवाद र सरल भाषा शैलीको कारण अझ विशिष्ट हुन पुगेका छन् ।

२०६२ सालको 'स्वर' (द्वैमासिक) पत्रिकामा दुर्गाप्रसाद भण्डारी भन्छन्– 'कार्तिकेय घिमिरे नूतन शैली अथवा नूतन अभिव्यक्तिको खोजी गर्दै, तदनुहरू अध्ययनशील हुँदै बालकथा, कविता र प्रौढकथा लेखन शिल्पमा उत्तरोत्तर अधिकार जमाउँदै जानेछन् र नेपाली साहित्यमा स्मरणीय योगदान गर्नेछन् । बालकथा सङ्ग्रह रोचक र उपयोगी छ । बालबालिकाहरूको लागि केही सीमा सम्मत नेपाली बृद्धबृद्धाहरूको लागि पनि । पढेलेखेका केही नेपाली बृद्धबृद्धाहरूको बौद्धिक स्तर बालकथा सङ्ग्रहमा बढी रमाउने खालको पनि छ ।'

'समय' (राष्ट्रिय साप्ताहिक २०६३ मङ्सीर ७) मा डायमन्ड शमशेर राणा लेख्छन्– 'घिमिरेको कथा लेखन शैली प्रशंसनीय छ, उनका कथाले केवल मनोरञ्जन मात्र दिँदैनन् पाठकमा उत्सुकता जगाउँछन्' ।

"मेरी हजुरआमा" २०६४ मा श्लेष्मा क्षेत्री भन्छिन् "कार्तिकेय दाइ मेरा प्रेरणाका स्रोत हुन ।"

"सर्लाहीका साहित्यिक प्रतिभाहरू" २०६५ मा नीलकण्ठ भट्टराई भन्छन् "हुने विरुवाको चिल्लो पात भने झैं यति कलिलो उमेरमै समृद्ध साहित्यको मैदानतिर लम्किरहनु भएका कार्तिकेय घिमिरेलाई पक्कै पनि भविष्यमा प्रसिद्धि मिल्ने छ भन्ने मैले ठानेको छु । उहाँले रचना गर्नु भएका कृतिहरू हालसम्म कविता र बालकथामा रमाइरहेका भएपनि भविष्यमा वृहत काव्यका पानामा प्रवाहित नहोला भन्न सकिन्न ।"

यसरी कार्तिकेय घिमिरेका साहित्यिक गतिविधिबारे विभिन्न विद्वान्हरूले चर्चा गरे पनि उनका आख्यानात्मक कृतिहरूको समग्र रूपमा चर्चा नभएकोले यस

सोधमा उनका आख्यानात्मक (कथा) कृतिहरूका सबै पाटाहरूलाई समेटेर समग्र रूपमा चर्चा गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

साहित्यका विविध क्षेत्रमा कलम चलाएका साहित्यकार कार्तिकेय घिमिरेका बारेमा युवा साहित्यकार भएकाले र हालसम्म कृतित्त्व सम्बन्धी गहन अध्ययन नभएको अवस्थामा उनको कृतित्त्वको विषयमा अध्ययन गरिनु आवश्यक देखिएकाले यो शोधकार्य गरिएको हो । सामाजिक घटना र पात्रहरूको चरित्रलाई सन्तुलित रूपमा प्रस्तुत गरिएका उनका विभिन्न कथाहरू मध्ये बालशृंखला १-२१ सम्मका उनका महत्त्वपूर्ण कथाहरू हुन् । यिनीहरूको सामान्यतः आंशिक चर्चा गरिएको भए तापनि समग्र रूपमा विद्यार्थी, समालोचक, अनुसन्धानकर्ता, शिक्षक आदिलाई सहयोगी सावित गर्नु प्रस्तुत शोधकार्यको औचित्य हुनेछ

## १.६ शोधकार्यको सीमाङ्कन

कार्तिकेय घिमिरेको बालकथा र बालसाहित्यिक पुस्तकाकार कृतिहरूको सर्वेक्षण गरी तिनको समालोचनात्मक अध्ययन नै प्रस्तुत शोधकार्यको सीमा हो । यस शोधपत्रमा उनका कथा सङ्ग्रहमध्ये मुख्य रूपमा “भ्यागुताको प्रजातन्त्र”, “बालदिवस”, “छिः कस्तो नराम्रो हिरो” को  विश्लेषण गरिएको छ र संक्षेपमा अन्य कृतिको चर्चा गरिएको छ ।

## १.७ शोध विधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्य गर्दा मूलतः पुस्तकालय र आवश्यकता अनुसार अन्तर्वार्ता, प्रश्नावलीका माध्यमबाट पनि सामग्री सङ्कलन गरिएकोछ । साथै सम्बद्ध क्षेत्रका विद्वान्, प्राध्यापक, समालोचक र आफन्त तथा मित्रहरूसँग पनि आवश्यक सुझाव र सल्लाह लिइएकोछ ।

### १.७.२ सैद्धान्तिक ढाँचा (सामग्री– विश्लेषण विधि)

यस शोधकार्यमा संकलित सामग्रीहरू विश्लेषण गर्दा वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ, यस क्रममा जीवनीपरक र कृतिपरक समालोचना प्रणालीलाई आधार बनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसंगठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्न लिखति परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : बाल कथाको सैद्धान्तिक परिचय र नेपाली बालकथाको विकासक्रम

तेस्रो परिच्छेद : कार्तिकेय घिमिरेको जीवनी परिचय र उनको कथा यात्रा

चौथो परिच्छेद : कार्तिकेय घिमिरेका बालकथाहरूको विश्लेषण

पाँचौं परिच्छेद : उपसंहार

सन्दर्भग्रन्थसूची

उपर्युक्त पाँच परिच्छेदलाई पनि आवश्यकता अनुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ ।

दोस्रो परिच्छेद

# बालकथाको सैद्धान्तिक परिचय र नेपाली बालकथाको विकासक्रम

## २.१ बालकथाको सैद्धान्तिक परिचय

साहित्यिक विधा जुन बालउपयोगी हुन्छन् तिनलाई बालसाहित्य भनिन्छ । बालसाहित्य भित्रको पनि एक उत्कृष्ट विशिष्ट विधाको रूपमा बालकथा रहेको छ । बालकथाको विकासलाई कोट्याउने हो भने मानवसभ्यताको आरम्भतिर नै पुग्नुपर्ने हुन्छ । परापूर्वकालदेखि गाउँघरमा बूढापाकाहरूले केटाकेटीहरूलाई अलमल्याउन, आज्ञाकारी र चरित्रवान बनाउन कथा सुनाउने गरेको प्रचलनतिर फर्कनु पर्ने हुन्छ । रञ्जुश्री पराजुलीका भनाइ अनुसार “बालमस्तिष्कले अठ्याउन सक्ने खालका रमाइला विषयको एउटा प्रमुख घटनालाई समातेर त्यसैको सेरोफेरोमा केन्द्रित रहेको आख्यानलाई बालकथा भनिन्छ” (पराजुली, २०५३ : ७३) ।

जगत क्षेत्रीका अनुसार “बालकथा मधुर र सरल शब्दहरूमा तथा सहज र छोटो वाक्यहरूमा भनिन्छन् वा लेखिन्छन् । बालकथा विशेष गरी पाठक केन्द्रित हुन्छन्, लेखक केन्द्रित होइन । यस्ता कथाहरू रचना गर्दा पाठकको मानसिक स्तर, उमेर, भाषा विषयमा विचार गरिन्छ” (क्षेत्री, २०५२ : ६) ।

उपर्युक्त भनाइहरूलाई आत्मसात गर्ने हो भने बालकको मानसिक स्तर, उमेर, भाषा, रुचि जस्ता कुराहरूलाई ख्याल राखी सरल, सहज शब्द, छोटो वाक्यहरू, बालमस्तिष्कले सजिलै समात्न सक्ने र प्रशस्त मनोरञ्जन प्राप्त गर्दै, आनन्दित हुँदै शिक्षा प्राप्त गर्न सक्ने कथाहरूलाई बालकथा भनिन्छ ।

### २.१.१ विषय-प्रवेश

पूर्वीय र पाश्चात्य दुबै साहित्यिक मान्यताहरूलाई आत्मसात् गर्ने हो भने जीवन-जगतको वस्तुस्थितिको कलात्मक अभिव्यक्ति नै साहित्य हो । साहित्य भनेको मानवीय संवेदनाको रागात्मक पोखाइ हो । धर्म, अर्थ, काम, मोक्ष जस्ता विविध

प्रयोजनमा आधारित प्रस्फुटन हो साहित्य । "आधुनिक बजारशास्त्रीय शब्दमा भन्नुपर्दा साहित्यको पनि एउटा बजार नै हुन्छ र जुनै वर्गलाई उपभोक्ताका रूपमा लक्षित गरेर त्यो वर्ग नै त्यस साहित्यको लक्षित समूहमा पर्दछ । जुन उपभोक्तावर्ग बाल्यसमूहमा पर्दछ त्यस बाल्यसमूहलाई लक्षित समूह मानी सिर्जना गरिएको साहित्य बालसाहित्य हो" (सुवेदी, २०५३ : ७४) ।

यसरी साहित्य भनेको मानिसका आशु र हाँसोको कलात्मक पोखाइ नै हो ।

बालसाहित्य भन्ने वित्तिकै तोकिएको उमेर समूहलाई लक्षित बनाई सिर्जना गरिएको साहित्य भन्ने बुझिन्छ । बालबालिकालाई लक्षित बनाइ सिर्जित साहित्य प्रौढ साहित्यको तुलनामा फरक हुन्छ । बाल उमेर भनेको शारीरिक, मानसिक, बौद्धिक हरेक रूपले विकासोन्मुख उमेर भएकाले अपरिपक्व उमेर मानिन्छ । यस समयमा उनीहरूको आफ्नै छुट्टै संसार हुन्छ । उनीहरूले यथार्थतालाई पूर्ण रूपले ग्रहण गरिनसकेको अवस्था हुने हुनाले सामान्यभन्दा सामान्य कुराहरूबाट पनि उनीहरू भयभीत र आतङ्कित हुने गर्दछन् । त्यसैले बाल साहित्यको सिर्जना गर्दा उनीहरूको उमेरहद, मनोवैज्ञानिक पक्ष, ग्रहणनशीलता, रुचि जस्ता कुरालाई आधार बनाउनु पर्ने हुन्छ ।

साहित्य सामान्य किसिमको भाषिक अभिव्यक्ति नभएर विशिष्ट किसिमको अभिव्यक्ति हो । वस्तुजगतको कुनै पनि विषयलाई सिलसिला मिलाएर लिपिबद्ध गर्दैमा साहित्य सिर्जना हुन सक्दैन । त्यसमा त साहित्यकारभित्र उर्लिएका संवेदना घोलिनु पर्छ । साहित्यकार सिर्जनाभित्र छताछुल्ल भएर पोखिनु पर्छ । आफू त्यहीभित्र एकाकार हुन सक्नुपर्छ । यस्तो अवस्थामा सबै व्यक्ति साहित्यकार बन्न सक्दैन र सबै साहित्यकार बालसाहित्यकार बन्न सक्दैनन् । त्यसैले कतिपय बालसाहित्य भनिने कृतिहरू साहित्यानुरागी बालबालिकाहरूबाट टाढा पुगेको पाइन्छ ।

उपर्युक्त कुराहरूलाई हेर्दा बालबालिकाहरूको मनोवैज्ञानिक, बौद्धिक अवस्थालाई बुझेर उनीहरूले आत्मसात गर्न सक्ने विषय, भाव र प्रस्तुतीकरणका

आधारमा स्वस्थ मनोरञ्जन दिँदै, पूर्ण मानव बनाउने अभिप्रेरणाले अभिप्रेरित भई सिर्जना गरिएका साहित्य नै बाल साहित्य हो भन्न सकिन्छ ।

### २.१.२ परिचय

बाल वा बालक भन्ने वित्तिकै "उमेर नपुगेका वा कम उमेरको केटाकेटी अथवा बालबालिका भन्ने बुझिन्छ भने साहित्य भन्ने वित्तिकै "जीवन जगतसँग सम्बद्ध विविध विषयमा सौन्दर्य रूप, गुण, भावुकता आदिका दृष्टिले अभिव्यक्त हुने वा रचिने हृदयस्पर्शी लेख" अथवा प्रतिभा सम्पन्न मानवीय अन्तर्मनको पोखाइ भन्ने बुझाउँछ (पोखरेल, २०४० : ९६०) । यसरी यी दुई पदहरूको मेलबाट व्युत्पन्न बालसाहित्य शब्दले एउटा छुट्टै अर्थ बोध गराउँदछ । यसले एकातिर बालबालिकाद्वारा सिर्जना गरिएका साहित्य बुझाउँछ भने अर्कोतिर प्रौढ सिर्जित बालोपयोगी साहित्य भन्ने बुझिन्छ । तर यहाँ उल्लेख गर्न खोजिएको बालसाहित्य भने प्रौढ सिर्जित बालोपयोगी साहित्य नै हो । मानिसले आफ्नो आत्मप्रकाशनका साथै जीवन-जगतका वस्तुस्थितिका कलात्मक चित्रण भाषाको माध्यमले गरेपछि साहित्यको सिर्जना हुन्छ अनि त्यो कलात्मक चित्रण भित्र एउटा बालक उत्सुक भएर छिर्न खोज्दछ र त्यसभित्रबाट प्रशस्त मनोरञ्जन प्राप्त गर्दै जीवनोपयोगी ज्ञान बटुलेर फर्कन सक्छ । त्यस प्रतिभा पोखाइलाई बालकको कलिलो मस्तिष्कले टपक्क टिप्न सक्छ भने त्यहाँ बालसाहित्यको जन्म हुन्छ ।

यी सम्पूर्ण कुराहरूलाई हेर्दा बालसाहित्य भनेको १५-१६ वर्ष उमेर समूहसम्मका मानवको रुचि, ग्रहणशीलता, पारख क्षमता, मनोवैज्ञानिक पक्षजस्ता कुराहरूलाई विचार गरेर बालक अनुरूपका वाक्यगठन, शब्द, शिल्प, शैलीजस्ता कुरालाई आधार बनाएर लेखिएको साहित्य नै बालसाहित्य हो ।

### २.१.३ परिभाषा

बालसाहित्यलाई बालसाहित्यकारहरूले यसरी परिभाषित गरेका छन् :

चूडामणि बन्धुका अनुसार "प्रौढ साहित्य वा सामान्य साहित्यमा आयुवर्गलाई छुट्याइँदैन, भाषिक संरचना र शब्द भण्डार लेखिएको निजी शैलीअनुसार हुन्छ,

स्तरीकृत गर्रिंदैन । बालबालिकाका निम्ति स्वस्थ मनोरञ्जन, उपयोगी शिक्षा, व्यवहारिक ज्ञान र नयाँ नयाँ सूचना दिने सबै कृतिलाई बालसाहित्य शब्दले जनाउने चलन छ । बालसाहित्यका विधा मात्र होइन विषय पनि धेरै छन्, यसको क्षेत्र व्यापक छ । बालसाहित्य विशेष गरी पाठक केन्द्रित हुन्छ लेखक केन्द्रित होइन । यसमा पाठकको मानसिक स्तर, उमेर, भाषाजस्ता कुराहरूको पनि विचार गरिन्छ बन्धु, २०४५ : २-३) ।

भिक्टर प्रधानका अनुसार "बालसाहित्य साहित्यको एक विशिष्ट प्रकार हो जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक दृश्य-पाठ्य सामग्रीमा आप्लावित ज्ञान, सिप, चरित्र वृत्ति निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्गनिर्देशन हो । बाल साहित्य भनेको ठूला वा अभिभावक (वयस्क) हरूले आफ्ना बालकहरूलाई उनीहरूका जीवन यापन सम्पादनका निम्ति भविष्यमा काम लाग्ने शिक्षाप्रद केही प्रभावकारी ढंगले भन्नु हो" (प्रधान, २०५३ : ५-९) ।

भुवनेश्वरी सत्यालका अनुसार "बालकको उमेर अवस्था अनुसार रुचिकर हुने, उनीहरूलाई मनपर्ने सरल, सुलभ भाषा, बोलीचालीका शब्द प्रयोग गरी लेखिएको साहित्यलाई बालसाहित्य भनिन्छ । बालसाहित्यको विषयवस्तु, बोली भाषा र शैली पनि बालकको उमेरको विकास अनुसार साहित्यकारले ढाल्दै गएर उनीहरूको मन जित्न सक्नु, उनीहरूलाई ती पढूँ पढूँ पार्न सक्नु र त्यसैबाट बौद्धिक, मानसिक, चारित्रिक र नीतिसम्बन्धी खुराक दिन सक्नु नै सफलता हुन जान्छ" (सत्याल, २०५३ : २३) ।

महादेव अवस्थीका अनुसार "बालसाहित्यमा वक्ता र लेखकले आफूले व्यक्त गर्न खोजेको मुख्य कथ्य र विषयवस्तुका साथै यसका श्रोता र पाठकका पनि चयन गर्दछ र त्यस्तै श्रोता र पाठकका रूपमा रहने बालकका निम्ति उपयोगी हुने खालको बालसाहित्य रचनाको उत्पादन वक्ता र लेखकले गर्दछ" (अवस्थी, २०५६ : १६-१७) ।

अशिक्षित आमा, बज्यैका काखमा बसेका केटाकेटीले काल्पनिक कथाका नायक-नायिकाका बहादुरी, साहस, चमत्कार आदि उत्साहपूर्वक कान ठाडो पारेर सुनेको हामी कल्पना गर्न सक्छौँ । यस्तै विषयबाट बालकथाको विकास हुन थालेको हो । फुर्सदको समयमा सुनाइएका यस्ता कथाले बालबच्चा शान्त भएको र बदमासी गर्न थाल्दा कथा सुनाउँछु भनेपछि ज्ञानी भएको अनि कथा सुन्दासुन्दै निधाएको प्रसङ्गबाट उनीहरूका लागि बालकथा कति रुचिकर हुँदा रहेछन् भन्ने कुरा अनुमान गर्न सकिन्छ (प्रधान, २०६१ : ८६) ।

उक्त परिभाषाहरूलाई हेर्दा बालकको रुचिअनुसारको सरल भाषाशैली प्रयोग गरी प्रसस्त मनोरञ्जन, ज्ञान र सन्देश दिँदै बदलिँदो विश्वपरिस्थितिमा उनीहरूलाई भिजाउन सक्ने विषयवस्तुको चयन गरी लेखिएको प्रभावकारी साहित्यलाई बालसाहित्य भन्न सकिन्छ ।

## २.२ नेपाली बालकथाको विकासक्रम

नेपाली बालकथाको आरम्भ साहित्यका अन्य विधाका तुलनामा धेरैपछि मात्र भएको हो । नेपाली समाजमा बालकथा धेरै पछिसम्म पनि सुन्ने र सुनाउने परम्परामै सीमित रहेको थियो । देवशमशेरले देशभरि शिक्षाको ज्योति छर्ने योजना बनाए पछि जयपृथ्वीबहादुर सिंहलाई पहिलो पटक नेपाली भाषामा पाठ्यक्रम निर्माण गर्न लगाइएको हो र उनले त्यसबेला विभिन्न बालउपयोगी पाठ्यक्रम तयार पार्ने क्रममा बालकथाहरू पनि रचना गरेको पाइन्छ ।

'गोर्खा भाषा प्रकाशिनी' र नेपाली भाषा प्रकाशिनी समिति' को स्थापनाले पनि बालोपयोगी पुस्तक प्रकाशन गर्न महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ, तापनि प्रकाशित लेख रचनाहरूमा बालकथाका तुलनामा अन्य बालसाहित्यिक सिर्जनाहरू नै बढी रहेका छन् । बालबालिकालाई मनोरञ्जन प्रदान गर्न, ज्ञान दिन र बालसाहित्यतिर अभिरुचि जगाउन बिउको रूपमा भने ती प्रयासहरूको सराहना गर्नुपर्छ (पराजुली, २०५३ : १०२- १०६) ।

यसरी नेपाली बालकथाको विकासमा पहिलादेखि नै विभिन्न संघ-संस्थाको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

नेपाली बालकथाको विकास क्रमलाई दुई भागमा विभाजन गर्न सकिन्छ :

**२.२.१ प्रथम चरण (आरम्भकाल) १९५८ देखि २००७ सम्म**

कथा भन्ने र सुन्ने परम्परा धेरै पुरानो भएपनि कथा पढ्ने परम्परा त्यति पुरानो छैन । पढ्नको निम्ति शिक्षाको आवश्यकता पर्दछ । नेपाल औपचारिक शिक्षा विकासको क्रममा धेरै पछाडि परेको छ । त्यसैले यहाँ सम्पूर्ण शैक्षिक गतिविधि, साहित्य लेखन परम्परा नै पछाडि परेको अवस्थामा बालकथा लेखन पनि पछाडि पर्नु स्वभाविकै हो ।

बालकथा लेखनको विकासक्रम हेर्दा अनुसन्धाता शरदचन्द्र बर्माका अनुसार गंगाधर शास्त्रीको 'गोर्खा पहिलो किताब' (१९४९), 'सर्वसङ्ग्रह' (१९५३), जयपृथ्वीबहादुर सिंहको 'बालबोध शिक्षा' (१९५८), लक्ष्मीप्रसाद देवकोटाका 'बालशिक्षा' (सन् १९२०, १९७७) मा पनि केही बालउपयोगी कथाहरू रहेको चर्चा पाइन्छ (शर्मा, २०५० : २२२- २२३) । त्यस्तै राममणि आ.दी., चक्रपाणि चालिसे, पारसमणि प्रधान, रुद्रराज पाण्डेका रचनाहरू पनि बालउपयोगी रहेको देखिन्छ ।

उता दार्जिलिङबाट पादरी गंगाप्रसाद प्रधान र मिस गोलेनले विश्वप्रसिद्ध कथाकारहरूका अंग्रेजी बालउपयोगी कथाहरू नेपाली भाषामा अनुवाद गरेर नेपाली बालकथाको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । 'मिठो गीत गाउने चराको कथा' (१९६७), 'हाँसको नराम्रो चल्लाको कथा' (१९७१), 'सुनौली कथाको पुस्तक' (१९७९) जस्ता कथाहरू वि.सं. १९६४ देखि १९७९ बीचमा छापिएका पाइन्छन् (पूर्ववत्, नेपाली बालशिक्षा र साहित्यको प्रारम्भिक प्रचेष्टा, २०४६ : २७-२८) ।

बालकथा लेखनको विकास अपेक्षित गतिमा नभए पनि यस चरणले आगामी चरणको विकासका लागि भने महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### २.२.२ द्वितीय चरण (निर्माणकाल) २००७ सालदेखि हालसम्म

बालकथा विकासको प्रथम चरणलाई आधार बनाएर हेर्दा यसको विकासको क्रममा नेपाल, भारत दुबै क्षेत्रबाट उल्लेख्य योगदान दिएको भए पनि निरंकुशताभित्र साहित्यिक गतिविधि पनि फस्टाउन नसक्ने हुनाले २००७ सालको राजनैतिक परिवर्तनले नै सचेत रूपमा बालकथा लेख्नका निम्ति बालसाहित्यकारहरू हौस्याएको पाइन्छ । स्वतन्त्रता मानव समाजको विकासको निम्ति उर्जा हो । त्यसैल बालकथा लेखनको क्रमलाई अझ द्रुतता दिनका निम्ति २०४६ सालको परिवर्तन अझ सहयोगी सावित भएको छ ।

बालकथा विकासको द्वितीय चरणलाई हेर्दा 'पौराणिक कथा' (२००९) लिएर बदरीनाथ भट्टराई देखा परे । बदरीनाथ भट्टराई र श्यामप्रसाद बैष्णवको १३ वटा कथाका सङ्ग्रह 'कथा' (२०१८) पनि बालबालिकाहरूकै निम्ति हो ।

त्यसै क्रममा दुर्गाप्रसाद दाहाल र ज्ञानप्रसाद शर्माको बालबालिकालाई नैतिक शिक्षा दिने उद्देश्यले लेखिएको 'नैतिक शिक्षा' (२०१३) देखा पर्छ । चन्द्रप्रसाद नेपालीका अनूदित कथा, 'काश्मिरका पाँच कथा' (२०२०) र कमलप्रसाद शर्माको 'बालकथा सङ्ग्रह' भाग १ (२०२२) र भाग २ (२०२३) पनि प्रकाशित छन् । बालकथाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेकी देवकुमारी थापाको 'रामेको कथा' (२०१३), 'वरपरबाट' (२०२३), 'कथाको बटुको' (२०३६), 'जङ्गलको कथा' (२०३७) र 'सुनपखेटी चरी' (२०४२), जस्ता कथा सङ्ग्रहहरू प्रकाशित छन् ।

वरिष्ठ साहित्यकार रमेश विकल विभिन्न लोक, पौराणिक र मौलिक कथा लिएर नेपाली बालकथा क्षेत्रको विकासमा जुटेका छन् । "अगेनाको डिलमा" (२०२३), 'पञ्चतन्त्रका कथाहरू' (२०२३), 'एक्काईस रमाइला कथा' (२०२४), 'कथाकुसुम (२०५६), 'तेह्र कथाहरू' (२०२३), 'एक्काइस रमाइला कथा' (२०२४) 'तेह्र रमाइला कथा' (२०४८), 'केही मूर्खहरूको कथा' (२०४५), 'हिउँदे छुट्टी

(२०४९), र 'संगत गुनाको बुद्धि' (२०५७) जस्ता उनका कथा सङ्ग्रहहरू प्रकाशित छन् ।

बालसाहित्यको उठानमा अनवरत क्रियाशील रहँदै आएका शान्तदास मानन्धरले केही मौलिक र केही अनूदित कथाहरू लेखेका छन् । उनका कथा सङ्ग्रहहरूमा 'कथा कोसेली' भाग १ (२०४९), 'कथा कोसेली' भाग २ (२०४९), 'कथा कोसेली' भाग ३(२०५३), 'कथा कोसेली' भाग ४ (२०५६) रहेका छन् ।

नेपाली बालसाहित्यका चर्चित व्यक्तित्व कृष्णप्रसाद पराजुलीको 'सुनौला तीन कुरा' (२०२७), 'चार चरेडी' (२०२८), 'लुकामारी' (२०३०), 'सुनकेस्रा' (२०३५), 'हिमाली डाँफे' (२०४४), 'मेरो मुरली' (२०४८), 'फूल जस्तो मन' (२०५९), जस्ता कथाहरू दिएर बालबालिकालाई ठूलो गुन लगाएका छन् ।

बालकथा लेखनका अग्रणी व्यक्तित्व जनकप्रसाद हुमागाई मौलिक कथा लेख्ने कथाकार हुन् । उनले 'गोकुलकी आमा कसरी निको भइन्' (२०३६), गुनिला पाँच 'बालकथा' (२०४१), 'बा आमाको माया' (२०४३), 'दिदीभाइको माया' (२०४७), 'चम्पा र मायालु काका' (२०५०), 'मालतीको यात्रा वर्णन' (२०५१), 'भाइबहिनीका कथा' (२०५३), 'लहरे पीपलको कथा' (२०५९), 'गल्ती पत्ता लगाउने नाति' (२०५९), 'असल मित्र' (२०६०) जस्ता कथा सङ्ग्रह दिएका छन् ।

बालकथा विधाका सशक्त व्यक्तित्व विश्वम्भर चञ्चलले 'पञ्चे बाजा' ( २०३०), 'वायुपङ्खी घोडा' (२०४६) र 'जादूको वाकस' (२०५९) जस्ता कथाहरू बालबालिकाहरूलाई दिएका छन् ।

साहित्यकार परशुप्रधानले 'नानीका कथा' (२०२८), 'सुनको छाती' (२०२९), 'रीताको स्कूल' (२०२९), 'रङ्गीचङ्गी फूलबारी' (२०२९), 'घामछाया' (२०३०), 'सुन्नेलाई सुनको माला' लगायत विभिन्न कथाहरू पस्किएर बालकथा क्षेत्रलाई समृद्ध बनाउन उल्लेख्य योगदान दिएका छन् ।

'रूपैयाँ फल्ने रुख' (२०३८), 'मेरो सानो घोडा' (२०३८), 'हिरा र मोती' (२०३९), 'पञ्चतन्त्रका पाँच कथा' (२०३९), 'अर्थन वर्थका कुरा' (२०४०), 'सेती परी कालीपरी'' (२०४४), 'अपरा' (२०४४), 'खरायो र उसका छाँया' (२०४७), 'दयालु परी' (२०५२), 'शोकाकुल ढुंगाहरू' (२०५२), 'सुनचाँदीको बालक' (२०५३), 'घोडाको मोल' (२०५४), 'मित्रता' (२०५५), 'बिनाको बर्थ-डे' (२०५८), 'मामाको बिहे' (२०५८), 'कथामाला' (२०५९), जस्ता कथासङ्ग्रह दिएर नेपाली बालसाहित्यका भण्डारलाई कल्पना प्रधानले अझ विस्तृत बनाएकी छिन् ।

नेपाली बालसाहित्यको उत्थानमा संघर्षरत व्यक्तित्व शारदारमण नेपालका 'कथाकोसेली' भाग १ (२०४८), र भाग २ (२०४९), 'महाभारतका कथा' जस्ता कथा सङ्ग्रहहरू प्रकाशित छन् ।

त्यस्तै लोककथामा आधारित विभिन्न कथाहरूका सङ्ग्रह 'पट्याँस-ट्याँस' (२०५३), लिएर गणेश भण्डारी देखा परेका छन् । स्याहुते दाइ (विश्वराज पाण्डे), 'कथाको कोसेली' (२०३४), 'कथाका अर्को कोसेली' (२०५४), जस्ता कथा संग्रहका साथ बालकथाको उत्थानमा लागेका छन् । नेपाली साहित्य क्षेत्रकी वरिष्ठ प्रतिभा प्रेमा शाहले 'जिन्की र जोकर' (२०४०), 'मन्टुकी बज्यैको कथाको पेटारी' (२०४०), 'इन्द्रधनुष' (२०४२), 'रङ्गीचङ्गी कथाहरू' (२०४५), 'राम्रो काम' (२०५४), 'रे का केही कथा' (२०५१), जस्ता कथा सङ्ग्रहहरूले बालसाहित्यलाई सिञ्चित गरेकी छिन् ।

मौलिक बालकथाकारका रूपमा परिचित रञ्जुश्री पराजुलीले 'दश थुङ्गा फूल' (२०३९), 'सबैका आमाका सन्तान' (२०४८), 'म बिरामी छैन' (२०५३), 'अन्धविश्वास' (२०५४) जस्ता कथासंग्रह दिएकी छिन् । साहित्यकार खगेन्द्र संग्रौलाको पनि नेपाली बालकथा क्षेत्रमा उत्तिकै महत्त्वपूर्ण योगदान रहेको छ । उनका 'पुतलीका कथा' भाग १ (२०५६), 'पुतलीको कथा भाग २ (२०५६), 'उकालीको कथा' (२०५८), 'भित्ताको नमस्ते' (२०५८), कथासङ्ग्रहहरू प्रकाशित छन् ।

नेपाली बालकथालाई आजको अवस्थासम्म ल्याउन महत्त्वपूर्ण योगदान दिनुहुने उपर्युक्त बाहेकका साहित्यकारहरू र उनीहरूका कृतिहरूलाई छोटकरीमा प्रस्तुत गर्ने जमर्को यहाँ गरिएको छ ।

भोटु प्रधानको 'एक समयमा' (२०३८), बालकृष्ण पोखरेलको 'एकादेशमा', भिक्टर प्रधानको 'जहाजी सिन्दवाद' (२०५८), लक्ष्मी उप्रेतीको 'कृष्णको पछुतो' (२०५७), 'कर्मको फल' (२०५८), 'बुद्धिमान बाँदर' (२०५९), सुधा रिसाल शर्माको 'फुच्चे भ्यागुता' (२०६१), राममणि दुवाडीको 'नागमणि' (२०४३), मुन्सी सापकोटाको 'कथा फुलबारी' (२०५९), कुमार ज्ञवालीको 'एक्लो बालक' (२०४३), गोपीकृष्ण शर्माको 'पौराणिक बालकथा' (२०५४), देवीप्रसाद वनबासीको 'कथाकथ्यौरी' (२०२७), 'केही रुमाइला कथा' (२०३८), 'फूलपाती' (२०४०), 'चुमुर चुमुर' (२०४२), 'छुनुमुन' (२०५१), 'सिरीखुरी' (२०५४), 'बालसंगाती' (२०५८) र 'पन्ध्र कथा पञ्चतन्त्रका' (२०६१), हिरण्यकुमारी पाठकको 'कृष्णलीला' (२०५४), तेजप्रकाश श्रेष्ठको 'जुनेली साँझ' (२०३८), 'बूढाको अर्ती' (२०३८), 'बहिनीको कोसेली' (२०५७), रामकुमार पाँडेको 'सुनको माला' (२०४४), 'तिलौरे र फुलौरे' ( २०५२), सुभद्रा पन्तको 'पौराणिक कथासङ्ग्रह' भाग १, भाग २ (२०५७), 'गोरखबहादुर सिंहको 'खप्तड' (२०३९), 'बिर्सन नसकिने मान्छे' (२०४०), 'जातपातका कथा (२०४१), 'अल्छीको औषधि' (२०५७), 'चतुरेको चर्तिकला' (२०५८), 'सुनको सियो' (२०६०), पोष चापागाईको 'आमा पुतली' (२०५८), 'मान्छे र बाँदर' (२०५९), विजय चालिसेको 'हराएको मूर्ति' (२०५६), 'किसानबाट शिक्षा' (२०५८), 'चटकीको बाँदर' (२०५९), नारायण ढकालको 'मुसे कान्छाको करामत' (२०५९), गोमाको यार्लिङ' (२०५९), कनकमणि दीक्षितको 'धुमधामको घुमघाम' (२०५४), 'काउबुढी र अरु कथा' (२०५५), 'काठमाडौं सन्दी' (२०६१), किशोर पहाडीको 'लम्ललम्ती दम' (२०५७), अशेष मल्लको 'पानी जङ्गल र गाउँ' (२०५६), महेश पौडेलको 'अर्को एउटा पृथ्वी' (२०५७), कपिल लामिछानेको 'अक्षर' (२०५१), 'काले कुकुर' (२०५१), 'भाँडाकुटी' (२०५८), 'सुनकथा' (२०५९), 'दशैं,

पिङ र हात्ती' (२०६०), 'राँके भूत' (२०६१), शारदा अधिकारीको 'मनमोलमणि' (२०३७), मधुसूदन प्रसाद घिमिरेको 'सङ्गतको फल' (२०५४), 'सुनेका कथा' ( २०५८), 'क्षेपाराको घर' (२०५९), 'तारी गाई' (२०६०), 'कालो माला' (२०६०), ध्रुव घिमिरेको 'जित कसको हुँदैछ?' (२०५१), 'चमेरोको चुच्चो किन बुच्चो?' (२०५२), गुहनाथ पौडेलको 'आगम विज्ञान माला भाग १, २ (२०५६), 'रमाइला विज्ञानका कथाहरू', शारदा अधिकारीको (ढकाल), 'कथाको किताब' (२०५८), बानियाँ कान्छाको 'अटेरी चल्लो' (२०४४), 'एक अनौठो जङ्गल' (२०४९), रामेश्वर राउतको 'मातृदास मनको कथा' (२०५३), 'मूलबाटो' (२०५७), श्याम डोटेलको 'जमिन्दारको जुक्ति' (२०५२), शाश्वत पराजुलीको 'हिराको टुक्रा' (२०४४), 'अनुहारको चित्र' (२०५४), 'लाटोकोसेरोलाई लड्डू' (२०५८), सुरेन उप्रेतीको 'अजम्बरी माया' (२०५९), मनिक्रम शर्माको 'रिसाहा थर्कमान' (२०५३), विवश वस्तीको 'कम्प्यूटरको बाघ' (२०५९), गोपी सापकोटाको 'कमिलाको सपना' (२०५७), कार्तिकेय घिमिरे (यस शोधका नायक) का कथा सङ्ग्रहहरू 'बुद्धिमान छोरी' (२०५३), 'मेरी सानी राधा' (२०५६), 'फुच्चे बन्यो राजा' (२०५७), 'परीको कल्पना' (२०५८), 'भ्यागुताको प्रजातन्त्र' (२०५८), 'सेलेक्टेड चाइल्ड स्टोरिज अफ कार्तिकेय' (२०५९), 'फेयरिज इम्याजिनेशन' (२०५९), 'बालबालिका' (२०६०), 'निर्दोस हत्यारा' (२०६१), 'तरबारको जादू' (२०६४), 'छि: कस्तो नराम्रो हिरो' (२०६४), 'जादुको टोपी' ( २०६४), 'बालदिवस' (२०६४), 'चङ्गा चेट' (२०६४), 'तिम्रो चौकी भत्काइदिन्छु' ( २०६५), 'हनुमानले सूर्य निले' (२०६५), 'फुच्चे' (२०६५), 'बादलको देश' (२०६५), 'केवुलकारको कथा' (२०६५), 'पिरिरिको देश' (२०६५), 'राम र श्याम दुबै बेस्सरी रोए' (२०६५), 'नेपाली जुनियर जेम्स (२०६५), अनन्तप्रसाद वाग्लेको 'आप्पाको झण्डा' (२०६०), सौरभ किरण श्रेष्ठको 'म पनि भाग लिन्छु' (२०६०), 'पीपलको पात' (२०६१), ऋषिराम शर्माको 'किताबको कुराकानी' (२०६०), 'रतन्धो फुर्के' ( २०६०), उषा दीक्षितको 'एकादेशमा' (२०५९), ओझश्री 'चुइँया कप्तान'को (२०३६), कमलप्रसाद शर्माको 'बालकथा सङ्ग्रह' भाग १, भाग २ (२०२२), 'काँक्रो र बूढीको

नाक' (२०५८), फुच्चे खरायो' (२०५८), 'सीमाको सुगा' (२०५९), कविताराम, 'बुद्धि बङ्गाराको फोन' भाग १ (२०५८), 'बुद्धि बङ्गाराको फोन' भाग २ (२०५९), 'बुद्धि बङ्गाराको फोन' भाग ३ (२०५९), कमल कुँवरको 'चराहरूको मेलमिलाप' (२०६०), काशीराज सुवेदीको 'कथाकुल' (२०६०), कनकलाल शर्माको 'नानीका कथाहरू' ( २०५४), किरण के भट्टराईको 'रमलाको जन्म दिन', (२०६०), गीता सापकोटाको 'धरतीमाता' (२०५९), ज्योति अधिकारीको 'आमाको माया' (२०४९), 'काम गर्ने कालु मकै खाने भालु' (२०४९), 'सेवा नै धर्म हो' (२०४९) ।

उपर्युक्त बाहेक पनि अन्य कथाकार र कथाले गर्दा नै नेपाली बालकथाको विकास आजको अवस्थासम्म आइपुग्न सफल भएको छ । छुट्टै कथा सङ्ग्रहका रूपमा प्रकाशित नभएका थुप्रै कथाहरू पनि छन् ती कथाहरू प्रकाशन गर्दै बालकथाको इतिहासलाई अगाडि बढाउन पत्रपत्रिकाहरूले पनि ठूलो सहयोग गरेको पाइन्छ ।

## २.३ नेपाली बालकथाको वर्गीकरण

विभिन्न तत्त्वहरूको मेलबाट नै एउटा कथाले पूर्णता पाउँछ । ती तत्त्वहरूमध्ये सवैभन्दा महत्त्वपूर्ण तत्त्वको रूपमा कथावस्तु रहेको पाइन्छ । कथाकारले सबैभन्दा पहिले कथाको लागि विषयवस्तुको छनोट गर्दछ । त्यस्ता विषयवस्तुको छनोट गर्दा कथाकारले लोक प्रचलित जिब्रेकथा, धर्म, पुराण, समाज जस्ता विभिन्न क्षेत्रहरूलाई आधारभूमि बनाएको हुन्छ र हामीले कथाको वर्गीकरण गर्दा पनि उपर्युक्त आधारभूमि गत कुराहरूलाई नै आधार बनाएर कथाको वर्गीकरण गर्नुपर्ने हुन्छ ।

कथा र बालकथा दुबै उस्तै आख्यानात्मक साहित्यिक विधा भए पनि बालकथाहरू बालबालिकाको संवेदनशीलतालाई ख्याल गरेर सिर्जना गरिएका हुन्छन् । त्यसैले हामीले बालकथाको वर्गीकरण गर्दा पनि केही अलग्गै तरिकाले गर्नुपर्ने हुन्छ ।

परम्परागत रूपमा बालकथालाई

(क) लोककथा/लोकगाथा

(ख) पुराणकथा

(ग) नीतिकथा

(घ) परीकथा

(ङ) विदेशीकथा

(च) सामाजिक कथा गरी जम्मा छ भागमा शारदारमण नेपालले विभाजन गरेका छन् । (मैनाली, २०६३/०६४:२०)

त्यस्तै गरी अंग्रेजी विश्वकोशले फिक्सन अर्थात् आख्यानअन्तर्गत बालकथालाई यसरी वर्गीकरण गरेको छः

(क) काल्पनिक कथा

(ख) आश्चर्य कथा

(ग) जनावर कथा

(घ) अरु देशका मान्छेका कथा

(ङ) ऐतिहासिक कथा

(च) विज्ञानकथा

(छ) जासूसी/गूढार्थमूलक/उत्पत्तिमूलक/खोजमूलक पौराणिक कथा ।

(ज) सामाजिक एवं व्यक्तिगत समस्या कथा आदि गरी जम्मा ८ भागमा विभाजन गरेको छ (इन्साइक्लोपेडिया ब्रिटानिका, ई.१९८५:) ।

बाल साहित्यकार कल्पना भट्टराईले बालकथाको वर्गीकरण यसप्रकार गरेकी छिन् :

(क) पौराणिक श्रोतमा आधारित बालकथा

(ख) सामाजिक स्रोतमा आधारित बालकथा

(ग) लोक स्रोतमा आधारित बालकथा

(घ) विदेशी श्रोतमा आधारित बालकथा (भट्टराई, २०५६ : २५) ।

लक्ष्मीप्रसाद आचार्यले बालकथालाई यसरी वर्गीकरण गरेका छन्:

(क) बाललोक कथा

(ख) सामाजिक बालकथा

(ग) जातक बालकथा

(घ) बालविज्ञान कथा

(ङ) चित्रकथा (आचार्य, २०६० : १४) ।

उपर्युक्त सम्पूर्ण बालकथाको वर्गीकरणलाई हेर्दा बालकथाको वर्गीकरण यस रूपमा गर्न सकिन्छ :

(क) धार्मिक/पौराणिक बालकथा

(ख) लोक बालकथा

(ग) सामाजिक बालकथा

(घ) विज्ञान बालकथा

(ङ) विदेशी बालकथा

(च) चित्र बालकथा

**(क) धार्मिक/पौराणिक बालकथा**

नेपाली बालकथा लेखनको परम्परा अन्य प्रौढ कथालेखनको परम्पराझैँ धार्मिक, पौराणिक ग्रन्थहरूलाई श्रोत बनाएर अथवा तिनै आख्यानको पुनः सिर्जनाबाट नै अगाडि बढेको पाइन्छ । हिन्दू धर्म, बौद्ध धर्मसम्बद्ध आख्यानका विभिन्न शूरवीर पात्रहरूलाई नेपाली बालकथामा उभ्याएर मनोरञ्जन दिँदै नैतिक, चरित्रवान र मर्यादित व्यक्तित्व विकासको उद्देश्य लिएर लेखिने त्यस्ता कथा हिजोआज पनि लेखिने गरेको पाइन्छ ।

गोपीकृष्ण शर्मा, हिरण्यकुमारी पाठक, शारदारमण नेपाल, सुभद्रा पन्त, यदुनाथ के.सी. लगायत विभिन्न कथाकारहरूले धार्मिक, पौराणिक ग्रन्थहरूलाई श्रोत बनाएर कथा लेख्ने गरेको पाइन्छ ।

**(ख) लोक बालकथा**

कथा सुन्ने, सुनाउने परम्परा मानव सभ्यताको आरम्भ जत्तिकै पुरानो छ । जबदेखि कथा सुन्ने सुनाउने चलन चल्यो र कथाले लिखित रूपमा अभिव्यक्ति हुने

मौका पाएको थिएन, त्यस अवधिका गाउँघरमा प्रचलित बालउपयोगी कथाहरूलाई नै लोक बालकथा भनिन्छ । भाषाले पछि लेख्य रूप प्राप्त गरिसकेपछि तिनै लोकप्रचलित बालकथाहरूले लेख्य लोक बालकथाको रूप प्राप्त गर्न थाले । तिनै लोक प्रचलित बालकथाहरूलाई पुनः सिर्जना गर्ने परिपाटी आज पनि जीवितै छ । विशेष गरी यस्ता कथाहरू एकादेशमा बाट सुरु गरेर **सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला** भनेर टुङ्ग्याउने गरिन्छ । यसरी भनिने कथाहरू बालबालिकाले रोचकतापूर्वक सुन्ने हुनाले त्यो उनीहरूको मस्तिष्कमा चिरस्थायी हुन सक्छ ।

रमेश विकल, कृष्णप्रसाद पराजुली, गणेश भण्डारी, देवीप्रसाद वनबासी, प्रेमा साह, कल्पना प्रधान लगायत विभिन्न बालकथाकारहरूले लेखेका बालकथाहरू पनि लोककथाको पुनः सिर्जनाका रूपमा नेपाली बालकथाको फाँटमा लहलहाएको देखिन्छ र आज पनि कतिपय कथाकारहरूले त्यस्तै लोक बालकथालाई पुनः सिर्जना गर्ने प्रचलन यथावतै राखेका छन् ।

**(ग) सामाजिक बालकथा**

परम्परागत रूपमा लोक प्रचलित बालकथाको पुनः सिर्जना गर्ने परिपाटीबाट बालकथा लेखनको प्रारम्भ भए पनि पछि समाजमा भएका यथार्थतालाई कथाका माध्मयबाट बालबालिका समक्ष पुऱ्याउने उद्देश्यले लेखिएका कथाहरूबाट सामाजिक बालकथा लेखनको प्रारम्भ भएको पाइन्छ । सामाजिक यथार्थता वस्तुस्थिति, घटना र परिस्थितिलाई जस्ताको त्यस्तै उतारिएका कथाहरूलाई सामाजिक वा मौलिक बालकथा भनिन्छ । यस्ता कथामा कथाकारले मनगढन्ते पाराले आफ्ना कुराहरूलाई लेख्न सक्दैनन् त्यसैले बालबालिकाहरू वास्तविकतासँग परिचित हुन सक्छन् ।

रमेश विकल, प्रेमा शाह, परशु प्रधान, जनकप्रसाद हुमागाई, तेजप्रकाश श्रेष्ठ, खगेन्द्र सङ्ग्रौला, रञ्जुश्री पराजुली, नारायण ढकाल, किशोर पहाडी, शारदा अधिकारी,

कपिल लामिछाने, कार्तिकेय घिमिरे (यस शोधका नायक) लगायत विभिन्न बालकथाकारहरूले सामाजिक बालकथा लेखनलाई अगाडि बढाएको पाइन्छ ।

**(घ) विज्ञान बालकथा**

विज्ञानसँग सम्बन्धित विषयवस्तुलाई समेटेर लेखिएका कथाहरू नै विज्ञान बालकथा अन्तर्गत पर्दछन् । यस्ता कथाहरूमा ग्रहतारा, नक्षत्र, चन्द्रमा, वनस्पति, जीव, रसायन जस्ता कुराहरूलाई विषयवस्तु बनाइन्छ । विज्ञानकथा लेखन प्रारम्भ पश्चिमबाट भए नि नेपालमा पनि यस परम्पराले स्थान पाउन थालेको पाइन्छ ।

नेपाली विज्ञान विषयक बालकथा लेखनमा गुहनाथ पौडेलको स्थान महत्त्वपूर्ण छ । **उनले आगमन विज्ञानमाला १, २** र **रमाइला विज्ञानका कथाहरू** जस्ता कथासङ्ग्रहहरू प्रकाशित गरेका छन् ।

**(ङ) विदेशी बालकथा**

विदेशी कथाकारहरूले लेखेको विश्वप्रसिद्ध कथाहरू र ती व्यक्तित्वहरूको बारेमा नेपाली भाषामा अनुवाद गर्ने प्रचलन पनि बालकथा जगतमा पाइन्छ । विश्वका विभिन्न भावभूमिलाई आधार बनाएर विदेशी कथाकारहरूले लेखेका कथाहरू पढेर पनि नेपालीबालबालिकाहरू लाभान्वित हुन सक्छन् भन्ने मान्यताले यो परम्परा अगाडि बढाइएको हो । नेपाली बालकथा लेखनको प्रारम्भबाट नै अनुवाद प्रक्रिया पनि अगाडि बढेको पाइन्छ र सुरुवातकर्ता भने गंगा प्रसाद पादरी र मिस गोलेन मानिन्छन् । कल्पना प्रधान, शान्तदास मानन्धर, खगेन्द्र सङ्ग्रौला, शारदारमण नेपाल, विजयराज मानन्धर, गोविन्दराज भट्ट, विश्वम्भर चन्चल लगायत विभिन्न बालकथाकारहरूले अद्यापि अनुवाद परम्परालाई अगाडि बढाएका छन् ।

**(च) चित्र बालकथा**

कथाका घटना परिघटनालाई शब्दमा मात्र सीमित नपारेर सँगसँगै चित्रमा पनि प्रस्तुत गरिएका कथालाई चित्रकथा भनिन्छ । बालबालिकाहरू स्वभावैले जिज्ञासु हुन्छन् । उनीहरू धेरै कुरा जान्न बुझ्न खोज्छन् र उनीहरूको कलिलो

मस्तिष्कले पढेको कुरा भन्दा देखेका कुरा राम्ररी समाउँछन् । शब्दमा प्राप्त गरेका जानकारीहरू अझ देख्न पनि पाए भने त्यो उनीहरूले लामो समयसम्म सम्झन सक्छन् । भिक्टर प्रधानका अनुसार "चित्रकथामा चित्र नै बोलिरहेको हुन्छ । अर्थात् कथाका प्रत्येक घुम्तीलाई चित्रले शसक्तताका साथ प्रस्तुत गरेको हुन्छ । कथाले चित्रलाई अझ स्पष्ट पार्दछ" (प्रधान, २०४७ : ३१) ।

जनक शिक्षा सामग्री केन्द्रले सर्वप्रथम अन्तर्राष्ट्रिय बाल वर्षका उपलक्ष्यमा चित्र कथा लेखनको सुरुवात गरे पनि बालगोपाल कपाली, अर्जुन विलास पन्त, श्यामलाल श्रेष्ठ, मनुज बावु मिश्र, सुनिता मालाकार, स्याहुते दाइ, रामकुमार पाँडे, शाश्वत पराजुली, विश्वम्भर चञ्चल, चुडामणि बन्धु, भुवनेश्वरी सत्याल, शारदा अधिकारी (ढकाल), तेजप्रकाश श्रेष्ठ, ध्रुव घिमिरे, कार्तिकेय घिमिरे लगायत अन्य थुप्रै बालकथाकारहरूले लेखेका बालचित्रकथाहरू बालचित्रकथा अनुरागीहरूले आफ्नो साहित्यिक भोक मेटाउन पाएको देखिन्छ । (मैनाली, २०६४: २३)

### २.४ बालकथाका तत्त्वहरू

कथा लघु आयाम भएको स्वतन्त्र मौलिक रचना हो । विभिन्न तत्त्वहरूको बीचमा तालमेल भइ अर्थपूर्ण कथाको निर्माण हुन्छ । कथाका तत्त्वहरू नै बालकथाका पनि तत्त्व हुन् । अच्युतशरण अर्यालको 'नेपाली बाल साहित्यको अध्ययन' (शोधपत्र) लाई समेत आधार बनाउँदा बालकथाका तत्त्वहरूलाई निम्नलिखित हरूमा प्रस्तुत गर्न सकिन्छ (अर्याल, २०५८ : ७६-७८) ।

#### २.४.१ कथावस्तु

बालकथा अन्य कथा झैँ आख्यनात्मक विधा भएकाले कथावस्तु यसको अपरिहार्य तत्त्व मानिन्छ । जीवन र जगत्का घटना परिघटनाहरूको सुव्यवस्थित समेटाई नै कथावस्तु हो । विभिन्न समयमा घटेका घटनाको अति अन्वितिपूर्ण प्रस्तुति नै कथावस्तु हो । कथाकारले ब्रह्मण्डका कुनै पनि ऐतिहासिक, पौराणिक, सामाजिक, धार्मिक, प्राकृतिक सन्दर्भबाट विषयवस्तुको चयन गर्न सक्छ ।

### २.४.२ क्रियाकलाप

कथामा उभ्याइएका पात्रहरूको कार्यव्यापारलाई नै क्रियाकलाप भनिन्छ । कथामा उभ्याइएको पात्र एउटा कथाको सामान्य पात्र मात्र नभएर बालमस्तिष्कले ओगट्न सक्ने सम्पूर्ण परिवेशको प्रतिनिधि हो । उसको क्रियाकलापका कारण कस्तो परिणाम व्यहोर्नु पऱ्यो, परिवर्तन हुन सक्यो सकेन, नसक्दा के फरक पऱ्यो ? सक्दा के हुन गयो? आदि कुराहरूले बालकलाई प्रत्यक्ष प्रभाव पार्ने हुनाले बालकथामा क्रियाकलापको स्थान महत्त्वपूर्ण हुन्छ ।

### २.४.३ कौतूहल

बालकथाको शुरुदेखि अन्त्यसम्म पाठकहरूलाई कथाप्रति आकर्षित गर्दै लाने अथवा अब के हुन्छ ? अब के हुन्छ ? उत्सुकता जगाउने तत्त्व नै कौतूहलता हो । त्यही उत्सुकता उमार्ने तत्त्वले गर्दा नै बालकथा  पाठक कथा पढ्दा पढ्दै बीचमै छोडदैनन्, त्यसैले बालकथामा कौतूहल महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको हुन्छ ।

### २.४.४ पात्र

बालकथामा मानवीय र मानवीय विशेषता बताउने मानवेतर पात्रहरूको प्रयोग गरिएको हुन्छ । मानव पात्रहरूमा मानिसहरू पात्रका रूपमा रहेका हुन्छन् । मानवेतर पात्र देवी, देवता, परी, भूतप्रेत, पशुपन्छी, प्रकृति आदि रहेका हुन्छन् । बालबालिकाहरूको कलिलो मस्तिष्कमा उक्त दुवै किसिमका पात्रहरूले महत्त्वपूर्ण छाप छाड्न सक्छन् । साना उमेरका पूर्ववाल्यावस्थामा मानवभन्दा मानवेतर पात्रहरूले प्रभाव पार्न सकेको पाइन्छ भने उत्तरवाल्यावस्थातिर मानवीय र मानवेतर दुवै प्रकारका पात्रहरूको उपस्थिति प्रभावकारी हुन्छ ।

### २.४.५ उद्देश्य

नेपाली सामाजमा बालकथाको परम्परा धेरै पुरानो छ र त्यतिकै लोकप्रिय पनि छ । उद्देश्य बालकथाको महत्त्वपूर्ण तत्त्व हो । उद्देश्य बिनाको बालकथा हुँदैन । शुरु शुरुमा बाजे बज्यैले बालबालिकालाई आफ्ना समिपमा राख्न अलौकिक पात्रका

माध्यमले चरित्र सुधार गर्न, ज्ञानी बनाउन बालकथा भन्ने गरेको पाइए पनि पछि मनोरञ्जन, नैतिक उपदेश र ज्ञानविज्ञानका बारेमा जानकारी दिन सामाजिक यथार्थसँग बालबालिकालाई परिचति गराउन, धर्मपुराणका बारेमा बालबालिकालाई थाहा दिन बालकथा लेखिन थालेको पाइन्छ ।

### २.४.६ परिवेश

कथामा पात्रहरूले कार्यव्यापार सम्पन्न गरेको वा घटना घटेको वातावरण, समय, स्थान र स्थितिलाई नै परिवेश भनिन्छ । परिवेशले कथालाई जीवन्तता दिन्छ । शून्यमा कुनै पनि घटना घट्न सक्दैन, त्यसैले कथावस्तु काल्पनिक भए पनि त्यसले पनि कुनै न कुनै परिवेशमा अडिनै पर्छ नत्र कथा कथा बन्न सक्दैन ।

### २.४.७ भाषाशैली

मानवले आफ्ना अभिव्यक्ति भाषाका माध्यमले गर्छ । मानवीय भाषिक अभिव्यक्तिको तरिका चाहिँ शैली हो । बालकथामा प्रयोग हुने भाषा सरल हुनुपर्छ । बालकको ग्रहणशीलतामा आधारित हुनुपर्दछ । ग्रहणशीलता अनुकूलको भाषा प्रयोग भएन भने त्यो बालकथा बालबालिकाबाट टाढिन पुग्छ । सरल र वहुप्रचलित शब्द, सरल वाक्य, सरल शैली प्रयोग गरेर लेखिएका बालकथाहरू नै उत्कृष्ट बालकथा हुन पुग्छन् ।

### २.४.८ कथोपकथन

बालकथाको कथावस्तुलाई अघि बढाउँदै उत्कर्ष र निष्कर्षमा पुऱ्याउन, वातावरणलाई प्रष्ट्याउँदै पात्रहरूलाई सजीव बनाउन कथोपकथनको प्रयोग गरिन्छ । बालकथामा रहेका पात्रहरूको एकआपसको कुराकानी, मानसिक द्वन्द्वको प्रस्तुतिलाई कथोपकथन भनिन्छ । बालकथामा प्रयोग गरिएका कथोपकथन कथाका पात्रहरूको स्तरअनुरूप हुनु आवश्यक हुन्छ ।

**२.५ आयुवर्गका आधारमा बालकथा**

बालबालिका भन्नाले १५-१६ वर्ष उमेर समूह वा स्कूल जाने उमेरका केटाकेटी भन्ने गरिएको छ । बालकथाको रचना गर्दा पनि पढ्न लेख्न गर्न सक्ने भएदेखि १५-१६ वर्ष अथवा कक्षा १० अध्ययन गर्दाका समयसम्मका मानव समुदायलाई ख्याल गरेर लेख्ने गरिन्छ । त्यस उमेर समूहभित्र पनि सबैले एकै खालका विषयवस्तु, भाषाशैली प्रयोग गरेर लेखिएको कथा पढेर बुझ्दैनन्, भर्खर पढ्न जाने बालक र कक्षा ९-१० पढ्ने बालकको बुझ्ने क्षमतामा फरक पर्दछ । त्यसैले उमेर अनुसार बालकथाको आकारप्रकार, भाषाशैली, विषयवस्तु फरक हुनुपर्छ ।

आयुवर्गलाई आधार मानी बालकथाको वर्गीकरण गर्ने क्रममा केशवप्रसाद उपाध्यायले यसरी वर्गीकरण गरेका छन् (उपाध्याय, २०६१ : १४-१७) :

(क) ५-६ वर्षदेखि ७-८ वर्ष सम्मका लागि
(ख) ९ देखि १२ वर्ष सम्मका लागि
(ग) १३ देखि १५ वर्ष सम्मका लागि ।

विजयराज न्यौपानेले यसरी वर्गीकरण गरेका छन् (न्यौपाने, पूर्ववत् : १९) ।

(क) जन्मदेखि ५ वर्ष सम्मका लागि
(ख) ६ देखि १२ वर्ष सम्मका लागि
(ग) १३/१४ वर्षदेखि देखि १८ वर्षसम्मका लागि

अच्युतसरण अर्यालका अनुसार बालकथाको वर्गीकरण यसरी गर्न सकिन्छ ( अर्याल,२०५८ : ६३) ।

(क) ३ देखि ६ वर्षको उमेर समूह घरपरिवारको कथा लयात्मक गीतिकथा
(ख) ६ देखि ९ वर्षको उमेर समूह ‘परीकथा, कल्पनामूलक कथाहरू
(ग) १० देखि ११ वर्षको उमेर समूह : लोककथा यथार्थवादी कथा, इतिहास, पुराण, उत्पत्तिकथा ।
(घ) १२ वर्षदेखि १८ वर्ष सम्मको उमेर समूहः साहसिक कथा र उदात्त चरित्र, रोमान्टिक कथा ।

उपर्युक्त वर्गीकरणलाई आधार बनाउँदा बालकथाको वर्गीकरण यसरी गर्न सकिन्छ ।

### २.५.१ ३ देखि ६ वर्षसम्मका लागि कथा

बालबाकिलाहरू भाषिक रूपले पहिलेको भन्दा केही सुधारतिर अघि बढेको यस उमेरलाई लक्षित गरी लेखिने बालकथाहरूमा बोलीचालीका सरल शब्द, सरल र छोटा वाक्यको प्रयोग गरिन्छ । अलौकिक पात्र, अलौकिक परिवेश, बहादुरी, चातुरीजस्ता विशेषता भएका र कौतूहलपूर्ण घटनालाई शृङ्खलावद्ध रूपमा राखिएको हुन्छ ।

### २.५.२ ६ वर्षदेखि ९ वर्षसम्मका लागि कथा

बालबालिकाहरू पढ्ने, लेख्ने कार्यमा भर्खर सामेल हुँदै गरेको यस अवस्थामा उनीहरूलाई लक्षित बनाई लेखिने बालकथामा सामान्य घटना परिस्थितिलाई कथावस्तुको रूपमा चयन गरेर सरल शब्द र वाक्यगठन, लयात्मकता र गेयात्मक भाषा शैलीको प्रयोग गरिएको हुन्छ ।

### २.५.३ १० देखि ११ वर्षसम्मका लागि कथा

बालबालिकाहरूमा भाषिक परिपक्कता प्राप्त हुँदै गइरहेका यस अवस्थामा पुराण, इतिहासवर्णित घटनाहरू, लोककथा, उत्पत्तिकथालाई यथार्थको निकट राखेर सरल र सहज भाषाशैलीको प्रयोग गरेर कथाहरू लेखिने गर्छन् । यस्ता कथाहरूबाट बालबालिकालाई यथार्थतातिर डोऱ्याउने प्रयत्न गरेको पाइन्छ ।

### २.५.४ १२ देखि १५-१६ वर्ष सम्मका लागि कथा

बालबालिकाहरू सामान्य रूपले भाषिक परिपक्वता प्राप्त गरिसकेको यस अवस्थामा पूर्ववर्ती समूहका लागि लेखिने कथा भन्दा केही जटिल प्रौढ निकट साहसिक र उदात्त चरित्रको व्यवस्था गरेर रोमान्टिक पारामा लेखिएको पाइन्छ (मैनाली, २०६४:२७) ।

यसरी कथाकारले बालबालिकाको लागि उनीहरूको रूचि, इच्छा र बुझ्ने क्षमताको आधारमा कथाको सिर्जना गरेको पाइन्छ ।

## २.६ पाठ्यपुस्तकीय बालकथा र पाठ्यपुस्तकेतर बालकथा

बालबालिकालाई लक्षित गरी लेखिएका कथाहरू नै बालकथा हुन् । एकातिर बालकथाकारहरूले लेखेको त्यस्ता कथाहरू केही पुस्तकाकार रूपमा प्रकाशित भएको पाइन्छन् । केही विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् भने अर्कोतिर त्यस्ता कथाहरू बालबालिकाका निम्ति तयार पारिएका पाठ्यपुस्तकभित्र पनि समावेश गरिएको पाइन्छ । पाठ्यपुस्तकीय बालकथा पनि पाठ्यपुस्तकेतर बालकथाकै रूपगुणका हुन्छन् । ती दुबै कथाहरूको उद्देश्य, विषयवस्तु, भाषाशैली एकै प्रकारका हुन्छन्, तर पनि यी दुबैमा केही समानता र केही भिन्नता औँल्याउन सकिन्छ । **चूडामणि बन्धुको पाठ्यपुस्तक र बालसाहित्य (लेख)** लाई र **केशवप्रसाद उपाध्यायको बाल साहित्य र भाषा (लेख)** लाई समेत आधार बनाउँदा यी दुईका बीचमा भएका समानता र असमानता निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ (उपाध्याय, २०६१ : १९) ।

यसरी पाठ्पुस्तकीय बालकथा र पाठ्यपुस्तकेतर बालकथामा केही समानता र केही असमानता छन् ।

**समानता**

(क) दुबै कथाहरू बालबालिकालाई लक्षित समूह बनाएर लेखिएका हुन्छन् ।

(ख) दुबै कथाहरूमा बालबालिकाको उमेरगत आधारलाई ख्याल गरिएको हुन्छ ।

(ग) दुबै कथाहरूमा बालबालिकाको भाषिक क्षमताको आधारमा शब्द, वाक्य, भाषाशैली प्रयोग गरिएको हुन्छ ।

(घ) दुबै कथामा बालबालिकाको ग्रहणशीलताको आधारमा उपयोगी शिक्षा दिने उद्देश्य, विषयभाव राखिएको हुन्छ ।

(ङ) दुबै कथाहरूमा आवश्यकता अनुसार चित्र संयोजन गरिएको हुन्छ ।

**असमानता**

| क्र.सं | पाठ्यपुस्तकीय | क्र.सं | पाठ्यपुस्तकेत्तर |
|---|---|---|---|
| १. | बालसाहित्यकारहरूले खास किसिमको अनुशासनमा रहेर लेख्नु पर्ने | १. | कुनै किसिमको वाह्य अनुशासन र निर्देशनको आवश्यकता नहुने |
| २. | शैक्षिक उद्देश्य पूरा गर्न लेखिने | २. | बालबालिकालाई पढ्ने बानी बसाल्न, पढाइमा रुचि जगाउन, मनोरञ्जन दिँदै शिक्षा दिन लेखिने |
| ३. | कथाको स्तरअनुरूप भाषा भाव र वस्तुको प्रयोग गरिने | ३. | बालबालिकाका उमेर अनुरूपको भाव, भाषा र वस्तुको प्रयोग गरिने |
| ४. | पाठ्यक्रमको उद्देश्यअनुरूप लेखिने हुँदा पाठ्यक्रमको उद्देश्यसँगै कथाहरू पनि परिवर्तन हुने | ४. | बालबालिकाले रुचि लागे जहिले पनि पढ्न सक्ने । |

**तेस्रो परिच्छेद**

# कार्तिकेय घिमिरेको जीवनी परिचय र उनको बालकथा यात्रा

## ३.१ कार्तिकेय घिमिरेको जीवनी परिचय

कार्तिकेय घिमिरे बालसाहित्यको क्षेत्रमा सिर्जनात्मक योगदान गर्ने बहुमुखी पुरुष व्यक्तित्व हुन् । उनले नेपाली बालसाहित्यमा कथा, कविता, उपन्यासका साथै पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान गरी आफ्नो विविधतापूर्ण सिर्जनशीलता देखाएका छन् । प्रस्तुत शोधकार्य तिनै कार्तिकेय घिमिरेको आख्यानात्मक (कथा) को अध्ययनमा केन्द्रित रहेको छ । कृतित्त्वको अध्ययन गर्नुभन्दा पहिले जीवनीपक्षको अध्ययन गर्नु आवश्यक हुन जान्छ । त्यसैले यस तेस्रो परिच्छेदमा कार्तिकेय घिमिरेको जन्मकालदेखि हालसम्मको जीवनीको विभिन्न पक्षको जीवनीपरक समालोचनात्मक अध्ययन गरिएको छ ।

### ३.१.१ जन्मकाल, जन्मस्थान, बाबुआमा र नामकरण

नेपाली बालसाहित्यको क्षेत्रमा उदाएका विभिन्न व्यक्तित्वमध्ये कार्तिकेय घिमिरे पनि एक उत्कृष्ट व्यक्तित्व हुन् । जसको न्वारानको नाम कृष्णप्रसाद घिमिरे हो । यिनको जन्म जनकपुर, अञ्चलको सर्लाही जिल्लाको हरिवन २ मा वि.सं. २०३३ साल कार्तिक ११ गते बेलुका ९ बजेर १३ मिनेटमा भएको थियो (शोधनायकको आमाबाट प्राप्त जानकारी) । यिनी पिता चन्द्रनाथ घिमिरे र माता दुर्गादेवी घिमिरेका नवौँ सन्तान हुन् । छोराहरूमा यिनी माइला छोरा हुन् । कार्तिकेय घिमिरेले आफ्नो नागरिकताको जन्ममिति अनुसार पुस ३ गतेलाई आफ्नो जन्मदिनका रूपमा मनाउँदै आएका छन्, जस अनुसार “उनको जन्म मिति वि.सं. २०३३ पुष ३ गते तद्नुसार ई.सं. १९७६ को डिसेम्वर १७ तारेखका दिन भएको हो” (शोधनायकबाट प्राप्त जानकारी) ।

### ३.१.२ पारिवारिक पृष्ठभूमि तथा बाल्यकाल

कार्तिकेय घिमिरेको पैतृक थलो जनकपुर अञ्चल रामेछापको मन्थली, गहिराथोक हो । उनका बुबा चन्द्रनाथ घिमिरे, आमा दुर्गादेवी घिमिरेका छोरा तीन जना र छोरी सात जना गरी जम्मा दशजना सन्तान रहेका छन्, जस मध्ये जेठी दिदी सुधा चालिसे, माइली सरस्वती गौतम, साइली गायत्री पौडेल, दाजु पुरुषोत्तम घिमिरे र भाइ शशी घिमिरे मध्ये दिदीहरू हरिपुर ९ सर्लाहीमा र दाजु भाइ हरिवन २ सर्लाहीमा बसोबास गर्छन् । दिदी सावित्री तिमल्सिना (सिराहा लाहान), शान्ति गौतम (बाँके नेपालगञ्च), गंगा गौतम (हेटौँडा), जमुना घिमिरे (हाल काठमाडौंको कीर्तिपुरमा बसोबास गर्छिन । शोध नायक कार्तिकेय घिमिरे काठमाडौंमा बसोबास गर्छन् । यिनका पिता चन्द्रनाथ घिमिरेको शुरुमा प्रशस्त धनसम्पत्ति भए तापनि विस्तार-विस्तार धन सम्पत्ति सकिँदै गएपछि एउटा मध्यमवर्गीय साधारण परिवारमा पिताको आर्थिक स्थिति कमजोर अवस्थामा पुगेपछि कार्तिकेय घिमिरे जन्मिएका हुन् । यसकारण शुरुमा धनी र सम्पन्न पिताले जोडेर बेचिसकेका सम्पत्तिका रोचक कथाका साक्षीका रूपमा यिनी हुर्किए (पितासँगको कुराकानीबाट प्राप्त जानकारी) । यिनको बाल्यकाल सर्लाहीको हरिवन २ को घर वरिपरि खेतबारीमा भैँसी चराउँदै र पढ्दै वितेको हो ।

आफ्नो गजगजेको खेतमा होस् वा  मट्टीको डगर वा आफ्नो घर अगाडिको मूल बाटोमा भैँसी चराउँदै विभिन्न कुरा मनमा खेलाउँदै साहित्य पढ्न रुची राख्ने यिनको स्वभाव थियो । सानै देखि एकदमै कम बोल्ने र अरुलाई मुस्कुराएर मात्र प्रतिक्रिया दिने स्वभावका थिए । वास्तवमा कार्तिकेय घिमिरे सानोमा एकदमै चकचके र जिज्ञासु स्वभावका थिए (आमासँगको कुराकानीबाट प्राप्त जानकारी) । जुनसुकै कुराबारे जान्न खोज्ने उनको स्वभाव विद्यालय जीवनमा प्रवेश गरेपछि गम्भिर खालको हुन गयो । उनको खेलप्रति अत्यधिक रुची थियो । उनी विशेष गरी फुटबल खेल्ने गर्थे । फुटबल खेल्दा दायाँ साइडबाट सेन्टरमा खेल्ने र दौडाउँदै लगेर गोल हान्ने कलामा उनी पोख्त मानिन्थे । जुन सीपले गर्दा उनले पटक-पटक

उत्कृष्ट खेलाडीको पुरस्कार पनि पाएका थिए । यसका अलावा बाल्यकालमा उनी दौड प्रतियोगितामा सँधै विजयी हुन्थे । कविता लेख्ने प्रतियोगितामा त उनी जिल्ला स्तरमै प्रथम हुन्थे (शोधनायकसँगको कुराकानीबाट) ।

उनी मिलनसार र मिष्ठ भाषी भएकाले साथीहरूको समूहमा हिँड्ने, आफ्नो समूहको नेतृत्व गर्ने र समूहको सहयोग लिने कलामा यिनी निपूण थिए । जसको फलस्वहरू विद्यालयमा अध्ययन गर्दा पनि यिनीसँग थुप्रै साथीहरूले सँगै मिलेर पढ्ने गर्दथे । कसैसँग दबिएर बस्न नसक्ने स्वभावका कारण कुनै साथीलाई प्रतिवाद गरिहाल्ने भन्दा त्यो साथीसँगको मित्रता नै त्यागिदिने स्वभाव यिनको थियो, जसले गर्दा स्वार्थी साथीहरूसँग यिनी एकदमै कम सङ्गत गर्दथे ।

आर्थिक दृष्टिको कुरा गर्दा निकै अभावको भूमरीमा घिमिरेको बालापन वितेको थियो । जिन्दगीका स-साना खुशी पनि प्राप्त गर्न नसक्दा मन मारेर आफ्नो चित्त बुझ्भाउँदै आफूलाई सिर्जनामै भुलाउन प्रयत्न गर्ने गर्दथे । जसको फलस्वहरू उनी सानै उमेरदेखि नै साहित्यको सिर्जनामा चुर्लुम्म डुबेका थिए ।

यसका साथै "उनी विद्यालय जीवनमा चलचित्र हेर्न खुबै मन गर्दथे । थुप्रै चलचित्र हेर्ने बानी उनको थियो । धेरै चलचित्र हेरेको कारण घरपरिबारका सदस्यबाट यिनले धेरै पटक गाली पनि खानु पर्दथ्यो" (पितासँगको कुराकानीबाट प्राप्त जानकारी) ।

बाल्यकालमा घिमिरे आमाको न्यानो माया र ममता पाएर आमाप्रति निकै वफादार थिए । उनी आमाको हरेक कुरा टेर्ने र आमाको हरेक बचनलानई ध्यान दिएर गम्ने विचार्ने गर्दछन् । वास्तवमा बाल्यावस्थाबाट किशोरावस्थातर्फ लम्कदै गर्दा कार्तिकेय घिमिरे अलि बोलक्कड स्वभावका थिए । उनी धाराप्रवाह रूपमा साथीभाइलाई आफ्ना साहित्यिक रचनाहरू र अनुभवहरू सुनाउन  कस्सिन्थे । कतिपय सन्दर्भमा कहीँ नयाँ नौलो ठाउँ घुमेर फर्केपछि त्यो ठाउँको यात्राबारेको

अनुभवमा फूलबुट्टा भरेर साहित्यिक ढंगले सुनाउँदा साथीहरू सबै दंग र लट्ठ परेर सुन्दथे ।

यिनी विद्यालयका साथीभाइका सामुमा राम्रो साहित्य लेख्ने सहयोगी साथीका रूपमा चिनिएका थिए “किशोराबस्थाका रंगिन दिनमा यिनले आफ्नो साहित्य लेख्ने नाम कहिले ‘शुभम्’, कहिले ‘विश्वव्यापी’ राख्ने गरेका थिए । यो समयमा शुभम् शर्माको नामले यिनले स्थानीय स्तरमा केही रचनाहरू छपाएका पनि थिए (शोधनायकसँगको कुराकानीबाट) ।

आफूले किनेर पढ्न चाहेको बाल-पत्रिका किनेर पढ्न नसक्नु र टुलुटुलु झुन्ड्याइएको हेरेर बस्नु पर्ने बाध्यताको गहिरो पीडा कार्तिकेय घिमिरेमा थियो । त्यही भएर अहिले उनी भेटेसम्मका गरिब बालबालिकालाई सकेसम्मका कथाका किताब बाँड्दै हिँड्छन्, यो उनको त्यही बालापनको पीडाको प्रभाव हो कि जस्तो लाग्छ (उही) ।

विद्यालय जीवनमा पढ्दा आफूभन्दा स-साना साथीहरूलाई बटुलेर गफगाफ गर्न र कथा, कविता सुन्नु र सुनाउनु यिनको रुचीको विषय थियो । त्यसैले यिनको घरमा बालबालिकाहरूको भीड लाग्दथ्यो । वास्तवमा कार्तिकेय घिमिरेले अनेकौं अभाव र पीडाका बीचमा आफ्नो अध्ययन जारी राखेका थिए । जसका लागि उनी जस्तोसुकै अभावमा पनि आफूलाई निरन्तर पढ्न प्रोत्साहित गर्ने आमा र बुबाप्रति कृतज्ञता ज्ञापन गर्दछन् ।

सानो छँदाका जीवनका रमणीय पल सम्झँदै आल्हाहिद हुने घिमिरे आफ्नो पहिलो गुरु **भीमबहादुर सिन्डाली** र **गोविन्द ढुंगेल**बाट निकै प्रभावित देखिन्छन् । साहित्य लेखनका क्रममा उनी अंग्रेजी बाल साहित्यका सर्वाधिक चर्चित विश्वप्रसिद्ध लेखक **हान्स क्रिश्चियन एन्डरसन**बाट प्रभावित छन् भने नेपाली साहित्यकारमा कवि **दिनेश अधिकारी**को काव्यात्मकताबाट साह्रै प्रभावित छन् । **दिनेश अधिकारी**

कार्तिकेय घिमिरेको छिमेकी दाइ र साहित्य लेखनमा कार्तिकेयलाई डोऱ्याउन उहाँको अप्रत्यक्ष योगदान रहेको कुरा कार्तिकेय घिमिरे बताउँछन् (उही) ।

वि.सं २०४९ सालमा एस.एल.सी. परीक्षा पास नहुन्जेलसम्म यिनी गाउँका साथीसंगीसँग रमाउँदै खेल्दै हुर्किए । सानो उमेरमा यिनी मोटो गोरो र हँसिलो बालक थिए । जसले गर्दा यिनलाई हेर्ने जोसुकै प्रभावित हुन्थे र बोकेर बारम्बार म्वाइँ खान्थे । एकदमै छुकछुके स्वभावका यिनको धानको ढुकुटीबाट लडेर निधारको देब्रे छेउमा ठूलै घाउ भएको थियो । जुन खत अहिलेसम्म उनको निधारमा छँदैछ ।

### ३.१.३ शिक्षा–दीक्षा तथा स्वाध्यायन

हरिवन २ सर्लाही स्थित पुरानो बजारमा आफ्नो घर नजिकै स्कूल टोलमा रहेको “महादेव जनता माध्यमिक विद्यालय” मा कार्तिकेय घिमिरेले आफ्नो पढाइ शुरु गरेका हुन् । यिनले कक्षा एक देखि दश कक्षासम्म त्यही विद्यालयमा अध्ययन गरेका थिए । सोही विद्यालयबाट “यिनले दोस्रो श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरे । त्यसपछि यिनी “चतुर्भुजेश्वर जनता उच्च मा.वि.” सुकेपोखरी सर्लाहीमा दश जोड दुई पढ्न भर्ना भए । यिनले शिक्षा सङ्कायमा सोही उच्च मा.वि.बाट दश जोड दुई उत्तीर्ण गरेर यिनी वि.सं. २०५२ मा सो उच्च मा.वि.को प्रथम समूहको एकजना मात्र विद्यार्थी उत्तीर्ण भई जिल्लाकै इज्जत जोगाउन सफल भएका थिए (उही) ।

कार्तिकेय घिमिरेले १२ कक्षासम्म घरपायक ठाउँमा पढेपछि उनी उच्च शिक्षाको लागि राजधानी काठमाडौंतिर हानिए । राजधानी काठमाडौंको पुतली सडकमा रहेको काठमाडौं ‘शिक्षा क्याम्पस’ को रात्री कक्षामा पढी यिनले शिक्षा शास्त्रमा बी.एड. द्वितीय श्रेणीमा उत्तीर्ण गरे । बी.एड्. पढ्दै गर्दा यिनले कालीमाटीस्थित ‘ज्वाला मा.वि.’ र ‘जिलेट उच्च मा.वि.’ मा पनि पढाउने काम गरे । यसरी बी.एड. पढ्ने क्रममै यिनी नेपाल “बालसंगठन बालमन्दिरको” ‘बालक’ पत्रिकाको सम्पादकका रूपमा वि.सं. २०५५ देखि काम गर्न थालेर बालमन्दिरमा यिनले वि.सं. २०६२ असारसम्म काम गरे । बालमन्दिरमा बिताएका सात वर्षको

अवधिमा घिमिरेले निकै सक्रिय जीवन व्यतित गरे । त्यसताका उनी विभिन्न विद्यालयहरूको सञ्चालक समितिमा बालगृहहरूको संस्थापक सञ्चालक समितिमा लगायत दर्जनौ सामाजिक संघ-संस्थाहरूमा संलग्न रही कार्यरत रहन पुगे ।

कार्तिकेय घिमिरेले सक्रियताका क्रममा पत्रकारितातर्फको सक्रियतालाई अझ बढावा दिँदै यिनले वि.सं. २०५९ मा नेपालको पहिलो इन्टरनेट बालपत्रिका **केटाकेटी न्यूज डटकमको अनलाइन** प्रकाशन आरम्भ गरे जुन नेपालमा नौलो काम थियो । जसले गर्दा यिनले थुप्रै जस पाए । नेपाली बालसाहित्य र बालअधिकारको प्रवर्धनका लागि समर्पित यस अन लाइन बाल पत्रिकाका बारेमा स्वदेशी तथा विदेशी पत्रपत्रिकाहरूले निकै ठूलो कभरेज गरे । यसैका फलस्वहरू वि.सं. २०६२ सालमा यिनले अमेरिकाबाट प्रदान गरिने “पिस मिडिया बाल पत्रकारिता पुरस्कार २०६२” प्राप्त गर्न सफल भए ।

पत्रकारिता क्षेत्रको यी र यस्तै खालका सक्रियताहरू घिमिरेमा बढ्दै गए । यस बीचमा उनले काठमाडौंबाट प्रकाशित हुने “प्रकाश साप्ताहिक”, “नयाँ करेन्ट साप्ताहिक” र “युगसंवाद” साप्ताहिकमा पनि काम गरे । “युगसंवाद” साप्ताहिकमा त यिनका निकै चर्चित बालसरोकार नामक स्तम्भ अन्तरसंवाद लेखहरू पनि प्रकाशित भएका छन् । “युगसंवाद” पत्रिकामा यिनले “साहित्यानुभूति” “मान्छेको सेरोफेरो” लगायत विविध नामका स्तम्भहरू डेढवर्षसम्म लेखे । यसै सिलसिलामा पत्रकारिता विषयमै उच्च शिक्षाका लागि कार्तिकेय घिमिरेले काठमाडौं तीनकुनेमा रहेको “कलेज अफ जर्नालिजम् एण्ड मास कम्युनिकेशन” बाट पत्रकारिता विषय लिई ‘आम सञ्चार तथा पत्रकारितामा २०६३ मा स्नातकोत्तर तह पनि प्रथम श्रेणीमा उत्तीर्ण गरे ।

औपचारिक शिक्षा आर्जनको निमित्त आफ्नो व्यक्तित्वलाई अझ बढी निखार दिन कार्तिकेय घिमिरे स्वाध्यायनमा पनि एकदमै सक्रिय रहन्छन् । प्रशस्त पुस्तक, पत्र पत्रिकाहरू पढ्ने उनको बानी रहेको छ ।

नेपाली, अंग्रेजी र हिन्दी भाषाका कथाका किताबहरू उनी निकै नै पढ्दछन् । उनी विशेष गरी हान्स क्रिश्चियन एन्डरसनका कथाका साथै नेपालीमा रमेश विकल र दिनेश अधिकारीका फुटकर कविताहरू पढ्ने गर्दछन् । उनले पढ्ने अन्य किताब पत्रकारिता "बालसाहित्य" र विविध सन्दर्भका उत्कृष्ट स्वदेशी तथा विदेशी साहित्यका कृतिहरू हुन्छन् ।

यिनी मूलतः कथा विधाका किताबहरू बढी पढ्ने गर्छन् । पत्रकारिता क्षेत्रमा दक्ष हुन नयाँ नयाँ विकसित मान्यताहरूबारे बुझ्न यिनमा पत्रकारिताको पनि गहिरो अध्ययन अभिरुची देखिन्छ । यसका साथै बालसाहित्य विधामा समर्पित रहेका यिनले यस विधाका असख्य किताबहरू पढेका छन् । साथै पत्रकार र लेखकहरूका लागि आयोजित विभिन्न कार्यशालाहरूमा पनि यिनले भाग लिएका छन् ।

कार्तिकेय घिमिरे अहिले विभिन्न शैक्षिक व्यक्तित्वहरूसँग उठबस गर्ने अन्तरक्रिया गर्ने र उनीहरूको अनुभवलाई सुन्ने छलफल गर्ने कुरातर्फ बढी केन्द्रित छन् । विद्यालय स्तर देखि नै साहित्य लेख्दै आएका उनले विभिन्न नाममा साहित्य लेख्दै अघि बढिरहेको भए तापनि कार्तिकेय घिमिरेको नाममा प्रथम प्रकाशित गरेको रचना "कथा एउटा जीवनको" शीर्षक कविता हो । जुन कविता "रचना" द्वैमासिक पत्रिकाको वि.सं. २०५३ सालको कार्तिक मङ्सिर अङ्कमा प्रकाशित भएको छ ।

### ३.१.४ विवाह तथा पारिवारिक जीवन

शिक्षाशास्त्र संकायबाट बी.एड. स्नातक उत्तीर्ण गरेपछि यिनी आम सञ्चार र पत्रकारिता विषय लिई "कलेज अफ जर्नालिजम् एण्ड मास कम्युनिकेशन" तीनकुने काठमाडौंमा स्नातकोत्तर पढ्न भर्ना भए । त्यहीँ यिनको भेट सोही कलेजमा पहिलो वर्षमा पढ्दै गरेकी युवती सुभद्रासँग भयो । ती सुभद्रा बाग्मती अञ्चल, काभ्रेपलाञ्चोक जिल्ला चौरी गा.वि.स.को वडा नं. २ मा जन्मी हुर्की हाल बाग्मती अञ्चल काठमाडौंको सिफल ७ मा स्थायी बसोबास गर्दै आएका शिक्षित र सभ्य परिवारका सरकारी अधिकृत (किट्विज्ञ) पुरुषोत्तम गौतम र भगवती गौतमकी जेठी

सुपुत्री हुन् । यिनै सुभद्रासित २ वर्षको प्रेमपछि वि.सं. २०६३ फागुन १३ गते कार्तिकेय घिमिरेले मागी विवाह गरे । गुह्येश्वरी मन्दिर काठमाडौंको प्राङ्गणमा उनले साधरण तरिकाले विवाह गरेका थिए । उनकी धर्मपत्नीको अभिरुची कथा लेखन र पत्रकारितातर्फ रहेको देखिन्छ । हालसालै कार्तिकेय घिमिरे दम्पतीलाई पुत्रलाभ भएको छ जसको नाम नयन राखिएको छ (शोधनायककी पत्नीसँगको कुराकानीबाट) । यिनको ससुरालीतर्फ एक भाइ डा.सरोज गौतम, एक बहिनी सन्तोषी गौतम र सासु ससुरा रहेका छन् ।

नेपाली बाल साहित्यमा उल्लेखनीय योगदान दिने कार्तिकेय घिमिरेले एकदमै आदर गर्ने प्रेरणाको स्रोत ठूलाबुबा पण्डित सोमनाथ घिमिरे हुनुहुन्थ्यो । उहाँ २०५५ सालमा स्वर्गीय हुनभयो । काठमाडौंको गहना पोखरीमा हाल ठूलो बुबाका सात भाइ छोराहरू स्थायी रूपमै बसोबास गर्नुहुन्छ । ठूलो बुबाका छोराहरू मध्ये रोचक घिमिरे, रघु घिमिरे र केशव घिमिरेबाट कार्तिकेय घिमिरे प्रभावित छन् । बिडम्बना केशव घिमिरेको हालसालै अर्थात् २०६६ श्रावण १० गते निधन भयो । उनी आफ्ना दाजुहरूलाई आफ्नो आदर्श मान्दछन् । मूलतः साहित्य लेखनका क्रममा आफ्ना परिवारका सदस्यहरूबाट माया प्रेम र हौसला प्राप्त गर्दै अघि बढेका देखिन्छन् कार्तिकेय घिमिरे ।

परिवार, जागिर, समाजसेवा, अध्ययन र साहित्य साधनालाई सन्तुलित गर्दै सबै क्षेत्रमा आफ्नो कर्तव्यमा दृढ रहँदै अघि बढि रहेका यिनको मुख्य रुची बालसेवा र बालसाहित्यका क्षेत्रमा देखिन्छ । उनको मुख्य पेशा भने ‘पत्रकारिता’ नै हो । यिनले वि.सं. २०५५ देखि २०६२ सम्म बालमन्दिर नेपाल, बालसंगठनमै सूचना तथा जनसम्पर्क प्रमुख र ‘बालक’ मासिक (पत्रिका)को सम्पादकको रूपमा जागिर खाएका थिए । त्यसपछि यिनी केटाकेटी नेपाल संस्थामा संलग्न भई बालबालिका र सञ्चार क्षेत्रकै प्रबन्ध निर्देशकका रूपमा कार्य गर्न दत्तचित्त रहे । त्यसपछिका चरणमा ‘विद्यार्थी प्रकाशन’, ‘बालसाहित्य प्रतिष्ठान नेपाल’, ‘केटाकेटी न्यूज डटकम’, ‘डायमन शमशेर राणा साहित्यिक प्रतिष्ठान’, ‘जिलेट उच्च मा.वि.’, ‘ब्राइट फ्युचर

मा.वि.' आदि जस्ता थुप्रै संघ-संस्थाहरूमा संलग्न छन् । अहिले यिनी ललितपुरस्थित "मदरहुड केयर नेपाल" नामक संस्थामा प्रोजेक्ट को-अर्डिनेटरको हरूमा कार्यरत छन् । यस बाहेक यिनी केटाकेटी न्यूज डटकम, नेपालको पहिलो "अन लाइन बाल पत्रिकामा" सम्पादकका रूपमा र 'राजधानी' (दैनिक) मा बालबाटिका संयोजन गरी काम गरिरहेका छन् ।

## ३.२ कार्तिकेय घिमिरेको बालकथा यात्रा

कार्तिकेय घिमिरेले विगत दशकदेखि सामाजिक, यथार्थवादी, नैतिक शिक्षा दिने खालका बालकथा लेख्दै आएका छन् र उनले आफ्ना बालकथाहरूमा बालबालिकालाई रमाउने मौका दिएका छन् ।

### ३.२.१ सिर्जनाको पृष्ठभूमि

नेपाली साहित्यका कथा र उपन्यास विधाहरूका तुलनामा बालसाहित्य केही पछाडि परेको छ । तापनि प्रत्यक्ष अप्रत्यक्ष रूपमा यस क्षेत्रमा काम गर्ने प्रतिभाहरू निकै देखा परिसकेका छन् । आजका बालबालिका भोलिका देशका कर्णधार हुन् । उनीहरूलाई कलिलो उमेरदेखि साहित्यका माध्यमबाट सबल बनाउँदै लैजान सके भोलिको राष्ट्रको समुन्नतिमा यिनले राम्रो योगदान पुऱ्याउन सक्छन् । यस भावनाको विकाससँगै साहित्यकारहरूले यस क्षेत्रमा कलम चलाएका हुन् । वि.सं. १९५८ मा 'गोरखापत्र' को स्थापनासँगै बभ्फाङ्गी राजा जयपृथ्वीबहादुर सिंहबाट थालनी भएको नेपाली बालसाहित्यले करिब सय वर्षको समय पार गरिसके पनि प्रारम्भिक अवस्थाको लामो समय निरङ्कुश राणाशासकले ओगटेकाले यसले त्यतिबेला फस्टाउने मौका पाएन । त्यसैले बाल साहित्यका समुचित विकासका लागि यो समय त्यति पर्याप्त भएको मानिदैन, तापनि यस समयमा बाल साहित्यकारको जन्म भने भैसकेको देखिन्छ । आजको समयमा यसले लामै फड्को मारिसकेको छ । अहिले यस क्षेत्रमा धेरै प्रतिभाहरू लागिपरेका छन् । त्यस्ता प्रतिभाहरूमध्ये कार्तिकेय घिमिरे पनि वरिष्ठ बालसाहित्य साधकका रूपमा चिनिएका छन् ।

२० वर्षको उमेरमा कविता लेख्न अग्रसर हुने कार्तिकेय घिमिरेको प्रारम्भिक शिक्षा आफ्नै पैतृक भूमि हरिवन २ सर्लाही स्थित पुरानो बजारमा आफ्नो घर नजिकैको 'महादेव जनता माध्यमिक विद्यालय' बाट भएको थियो । उक्त विद्यालयबाट यिनले एस.एल.सी. दोस्रो श्रेणीमा उत्तीर्ण गरेपछि दश जोड दुई पढ्न यिनी गाउँकै 'चतुर्भुजेश्वर जनता उच्च मा.वि.' मा भर्ना भए । उनले त्यहाँबाट शिक्षा संकायमा दश जोड दुई २०५२ मा उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि उनी काठमाडौं आए । काठमाडौं आएदेखि नै उनले बालसाहित्यमा कलम चलाउन थालेका थिए । काठमाडौं आएपछि रचना गरेका बाल साहित्यिक लेख प्रकाशित भए । उनको पहिलो प्रकाशित कथा 'भोकबन्द' शीर्षकको लघुकथा नै हो । उक्त कथा वि.सं. २०५४ वैशाख महिनाको "मधुपर्क" (मासिक) साहित्यिक पत्रिकामा प्रकाशित भयो । यस अघि उनका २०५२-५३ तिर केही कथाहरू "नयाँ करेन्ट" साप्ताहिक र "प्रकाश" साप्ताहिकमा पनि छापिएका देखिन्छन् । त्यस्तै वि.सं. २०५३ सालमै काठमाडौं कालिमाटी स्थित "ज्वाला माध्यमिक विद्यालय" को प्रकाशनमा उनको बालकथा सङ्ग्रह "बुद्धिमान छोरी" (२०५३) प्रकाशित भयो । जुन कथाकृति घिमिरेको पहिलो पुस्तककार कृति पनि हो ।

वास्तवमा वि.सं. २०५३ देखि यता हालसम्म घिमिरेले प्रशस्त कथाहरू सिर्जना गर्दै आएका छन् । उनको पछिल्लो कथा "तन्नेरी डटकम" मासिक पत्रिकाको पुष-माघ २०६५ अङ्कमा "रक्त रञ्जित बटुवा र जानकी नगर" शीर्षकमा प्रकाशित भएको छ । यस कथामा तराईमा सिर्जित द्वन्द्वको सजीव चित्रण गरेको छ । साथै कथाको प्रस्तुती एकदमै चित्ताकर्षक र पठनीय रहेको छ । हुन त घिमिरेले वि.सं. २०४९ देखि नै कथाहरू लेख्न थालेका हुन् । उनी काठमाडौं खाल्डोमा वि.सं. २०५३ मा छिरेपछि मात्र उनका रचना छापिन थाले । त्यसपछि झन यिनको कथाको पुस्तक निस्कन समय लागेको देखिन्छ । यिनले वि.सं. २०६१ कार्तिकमा मात्र "निर्दोष हत्यारा" नामक आफ्नो पहिलो पुस्तककार कृति प्रकाशित गरे । कथा विधाको यो नै उनको हालसम्मकै पहिलो र अन्तिम कृति हो । यस कृतिमा उनका १५ वटा कथाहरू रहेका छन् । जुन निम्नलिखित शीर्षकका रहेका

छन् । भोक, लिना, मौन-चित्कार, निर्दोष हत्यारा, उनको ओठमा नपुगेको मुस्कान, फूलमती र बाढी, झापड, द नाना जिमुला, भागिलाल, हरिया रोइरहन्छे, दशैं, प्रविको शहरमा, कथा मुसहरी रोलाको, भ्यालेन्टाइन डे, उनी मेरी हुन् ।

यस सङ्ग्रहका कथाहरूमाथि टिप्पणी गर्दै नेपाली उपन्यास साहित्यका हस्ति वरिष्ठ उपन्यासकार डायमन शमशेर राणा भन्छन्– "कार्तिकेयद्वारा लिखित कथाहरू मनका कथाहरू हुन् । मनका कथाहरू नै बढी हृदयस्पर्शी हुन्छन् भन्ने मलाई लागेको छ । कथामा घिमिरेले निकै राम्रोसँग पात्रगत मनोवेगलाई प्रस्तुत गरेका छन् । उनको कथानकको वहावलाई पनि तारिफ गर्नु पर्ने हुन्छ । आफ्नो कथा लेखनको उद्देश्य र पृष्ठभूमिका सन्दर्भमा लेखक घिमिरे भन्छन् "मेरा कथाहरू समाजका विविध पाटाहरू हुन्, जसलाई मैले बाँच्ने सन्दर्भमा विविध कोणबाट भोग्ने र महशुस गर्ने जमर्को गरेको छु । जुन मेरै माहोल हुँदै समाज र समग्र मान्छेको सेरोफेरामा उनिन पुगेको मैले महशुस गरेको छु" (घिमिरे, २०६१ : ५) ।

कथा विधामा कार्तिकेय घिमिरेका हालसम्मका प्रकाशित बालकथा सङ्ग्रहहरू :

| | | | |
|---|---|---|---|
| (१) | बुद्धिमान छोरी | - | २०५३ |
| (२) | मेरी सानी राधा | - | २०५६ |
| (३) | फुच्चे बन्यो राजा | - | २०५७ |
| (४) | परीको कल्पना | - | २०५८ |
| (५) | भ्यागुताको प्रजातन्त्र- | - | २०५८ |
| (६) | बालबालिका | - | २०६० |
| (७) | निर्दोष हत्यारा | - | २०६१ |
| (८) | चङ्गा चेट | - | २०६४ |
| (९) | छिः कस्तो नराम्रो हिरो | - | २०६४ |
| (१०) | जादूको कथा | - | २०६४ |
| (११) | जादुको टोपी | - | २०६४ |
| (१२) | तरवारको जादू | - | २०६४ |
| (१३) | फर्सी बहादुरको कथा | - | २०६४ |
| (१४) | बाल दिवस | - | २०६४ |
| (१५) | केवुलकारको कथा | - | २०६५ |

| | | | |
|---|---|---|---|
| (१६) | डस्टर उड्यो | - | २०६५ |
| (१७) | तिम्रो चौकी भत्काइदिन्छु | - | २०६५ |
| (१८) | नेपाली जुनियर जेम्स | - | २०६५ |
| (१९) | पिरिरीको देश | - | २०६५ |
| (२०) | फुच्चे | - | २०६५ |
| (२१) | बादलको देश | - | २०६५ |
| (२२) | राम र श्याम दुबै बेस्सरी रोए | - | २०६५ |
| (२३) | हनूमानले सूर्य निले | - | २०६५ |

यी बालकथाहरूबाहेक उनले **निर्दोष हत्यारा** (२०६१) कथासङ्ग्रह लेख्नुका साथै तीनवटा बाल उपन्यासहरू **अचम्मको देश** (२०५८), **डरलाग्दो राक्षसको खोजी** (२०५८), **भूतराज** (२०५८) पनि लेखेका छन् । उनको एउटा कवितासङ्ग्रह **मुर्दालाई दुख्दैन** (२०५६) पनि प्रकाशित भैसकेको छ । यसका अतिरिक्त उनका अङ्ग्रेजी भाषामा पनि **सेलेक्टेड चाइल्ड स्टोरिज अफ कार्तिकेय** (२०५९), **फेयरिज इम्याजिनेसन** (२०५९) जस्ता कथासङ्ग्रह पनि प्रकाशित भएका छन् । यी मध्ये सबै कथा सङ्ग्रहको विश्लेषण गर्न सम्भव नभएकाले महत्त्वपूर्ण 'कथासङ्ग्रहरूको विश्लेषण गरेकी छु ।

## ३.३ सम्मान तथा पुरस्कार

असल कार्य गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनका लागि सम्मान तथा पुरस्कार दिने गरिन्छ । यस किसिमका पुरस्कारले व्यक्तिमा हौसला प्रदान गरी उसलाई अझ बढी लगनशील बनाउँछ । कलेज स्तरको अध्ययन सँगसँगै घिमिरे विभिन्न संघ, संस्थामा आवद्ध भए । लेखन कार्यमा पनि त्यत्तिकै अग्रसर भए । उनले विभिन्न संघ-संस्था तथा विभिन्न क्षेत्रबाट पाएका महत्त्वपूर्ण पुरस्कार तथा सम्मान निम्न लिखित छन्–

- पिस मिडिया बालपत्रकारिता पुरस्कार - २०६२ ।
- जमर्को युवा समूह- युवा सम्मान २०६३ ।
- बालहितकारी पुरस्कार, २०६४ ।
- पारिजात बाल साहित्य विशेष सम्मान, २०६५ ।

- पर्वत साहित्य समाज आभार पत्र - २०६५ ।
- नुरगंगा राष्ट्रिय प्रतिभा पुरस्कार, २०६६ ।
- नेपाल सरकार राष्ट्रिय बाल दिवस मूल समारोह समिति कदरपत्र - २०६६ ।

यस्ता विभिन्न क्षेत्रबाट समय समयमा प्राप्त पुरस्कार वा सम्मानले उनी पुरस्कृत भएका छन् । उनी जति पुरस्कृत हुँदै जान्छन् त्यति हौसला बढेको अनुभूति हुन्छ भन्ने उनको भनाइ छ (शोधनायकसँगको कुराकानीबाट) । यिनले विभिन्न पुरस्कार प्राप्त गरेका मात्र होइनन् आफूले पनि आफ्नै नामबाट अर्थात् “कार्तिकेय बालप्रतिभा सम्मान” पुरस्कारको स्थापना गरी अन्य बालबालिकालाई पनि साहित्य लेखन कार्यमा हौसला दिने काम गरेका छन् । उक्त पुरस्कार १६ वर्ष मुनिका सिर्जनशील र प्रतिभाशाली बालबालिकाले प्राप्त गर्न सक्छन् । उक्त पुरस्कारको राशी रु. १०,००१।- रहेको छ र हालसम्म चालिस जना बालबालिकाहरूले त्यो पुरस्कार पाइसकेका छन् ।

## ३.४ संलग्नता

यिनी विभिन्न संघसंस्थामा संलग्न रहेका छन् । ती हुन्-

- “जमर्को युवा समूह” सर्लाही (अध्यक्ष) २०५५-२०६२ सम्म
- “साहित्य समाज”, काठमाडौं शिक्षा क्याम्पस (अध्यक्ष) २०५३-२०५७ सम्म
- “औडाहा” त्रैमासिक पत्रिका (सम्पादक) २०५३-२०५७ सम्म
- “बालक” नेपाल बाल संगठन (सम्पादक) २०५५-२०६२ सम्म
- “हवाई” साहित्य समूह नेपाल (राष्ट्रिय अध्यक्ष) २०५६-२०५९ सम्म
- “जमर्को” हवाई बाल पत्रिका (सम्पादक) २०५५-२०५९ सम्म
- “ताजा खबर” दैनिक (सम्पादक) २०५५-२०५९ सम्म
- संस्थापक/संयोजक: बाल पत्रकारिता तथा बालसाहित्य समिति (जमर्को बाल पत्रकारिता पुरस्कार र जमर्को बालसाहित्य पुरस्कार)
- “जिलेट बाल” पुरस्कार संयोजक
- “उज्वल बालप्रतिभा” सम्मान (संयोजक)
- “बालक उत्कृष्ट बाललेखन” पुरस्कार (संयोजक)

- "जिलेट बाल सिर्जना क्लब" (संस्थापक/संयोजक)
- "संचारकर्मी" समूह अध्यक्ष
- "इन्टरनेट बाल पत्रिका" (सम्पादक)

## ३.५ कार्तिकेय घिमिरेका बालकथाका प्रमुख मोड र प्रवृत्ति

कार्तिकेय घिमिरेका बालकथा यात्राका प्रमुख मोड र प्रवृत्तिलाई मोटामोटी रूपमा दुई चरणमा राखेर छुट्याउन सकिन्छ । पहिलो चरण (वि.सं. २०५३ देखि २०५८ सम्म), दोस्रो चरण (वि.सं. २०५९ देखि हालसम्म)

### ३.५.१ पहिलो चरण (वि.सं. २०५३ देखि २०५८ सम्म)

कार्तिकेय घिमिरेको बालकथा यात्रा वि.सं. २०५३ सालबाट सुरु हुन्छ । उनको बालकथा यात्राको पहिलो प्रकाशनविन्दु यही भएकाले वि.सं. २०५३ सालदेखि नै औपचारिक रूपमा उनको बालकथा यात्रा शुरु भएको मान्न सकिन्छ । हुन त यसपूर्व पनि यिनले साहित्य रचना र प्रकाशन नगराएका होइनन् तर ती कृतिहरू बालकथा नभएर अन्य क्षेत्र र विधाका थिए । अन्य क्षेत्र र विधा यस शोधको सीमाभित्र नपर्ने भएकाले त्यसको चर्चा यहाँ गरिएको छैन ।

कार्तिकेय घिमिरेको बालकथा यात्राको पहिलो चरणमा– **बुद्धिमान छोरी** (२०५३), **मेरी सानी राधा** (२०५६), **फुच्चे बन्यो राजा** (२०५७), **परीको कल्पना** (२०५८), **भ्यागुताको प्रजातन्त्र** (२०५८) हुन् । उनी पनि अरु बालसाहित्यकार झैँ फुटकर रचनाकै माध्यमबाट नेपाली बालजगत्मा प्रवेश गरेका हुन् । उनको बाल साहित्य यात्राको पहिलो चरणको यी उल्लेख्य रचनाहरूमा सामाजिक यथार्थ, रुढीवादी परम्परा, नीति चेतना आदि विषयलाई मूल रूपमा प्रस्तुत गरेका छन् । यसरी कार्तिकेय घिमिरेको बालकथा यात्राको पहिलो चरण केही फुटकर रचना र केही पुस्तकाकार कृतिमा केन्द्रित रहन पुग्यो, तर पनि यो चरण उनको बालकथा लेखनको दरिलो आधार बन्न पुग्यो ।

### ३.५.२ दोस्रो चरण (२०५९ देखि हालसम्म)

कार्तिकेय घिमिरेको बालकथा यात्राको दोस्रो चरण २०५९ बाट सुरु हुन्छ । यस चरणमा उनका प्रशस्तै कथाहरू प्रकाशित भएको पाइन्छ । ती कथासङ्ग्रहरू हुन्– **सेलेक्टेड चाइल्ड स्टोरिज अफ कार्तिकेय** (२०५९), **फेयरिज इम्याजिनेसन** ( २०५९), **बालबालिका** (२०६०), **निर्दोष हत्यारा** (२०६१), **तरवारको जादु** (२०६४), **छि Û कस्तो नराम्रो हिरो** (२०६४), **जादुको कथा** (२०६४), **बालदिवस** (२०६४) **फर्सीबहादुरको कथा** (२०६४), **जादुको टोपी** (२०६४), **तिम्रो चौकी भत्काइदिन्छु** (२०६५), **हनुमानले सूर्य निले** (२०६५), **फुच्चे** (२०६५), **बादलको देश** (२०६५), **नेपाली जुनिएर जेम्स** (२०६५), **डस्टर उड्यो** (२०६५), **केवुलकारको कथा** (२०६५), **पिरिरीको देश** (२०६५), **राम र श्याम दुवै बेस्सरी रोए** (२०६५) जस्ता मौलिक बालकथाका पुस्तकहरू प्रकाशित छन् । यो उनको बालकथा यात्राको उर्वर चरण हो । यस चरणका उनका रचनाहरू पहिलो चरणका रचनाका तुलनामा आकार, भाषा र विषयका दृष्टिकोणले समेत मौलिक तथा परिस्कृत रहेका छन् ।

अर्कोतर्फ उनले बालबालिकालाई नै पात्र बनाएर उनीहरूकै जीवनमा आउने रोचक तथा प्रेरणादायी घटनाहरूलाई चित्रात्मक प्रस्तुती समेत दिने काम गरेका छन् । पहिलो चरणका तुलनामा यस चरणमा बाल मनोरञ्जन पक्ष पनि सबल देखिन्छ । यसरी नै कार्तिकेयका कथामा नैतिक ज्ञान, सामाजिक यथार्थता, विसंगतिविरुद्धको ज्ञान, वातावरण संरक्षण आदि विषयको तथ्यपूर्ण जानकारी गराई सुसूचित तुल्याउने कार्यका प्रयासहरू उनका कथामा पाइन्छन् ।

यस चरणको सुरुवात वि.सं. २०५९ सालमा अङ्ग्रेजी भाषामा लेखिएको **सेलेक्टेड चाइल्ड स्टोरिज अफ कार्तिकेय** नामक बालकथा सङ्ग्रहको प्रकाशनपछि भएको पाइन्छ । त्यसपछि भने कृति प्रकाशनमा एक किसिमको बाढी नै आएको देखिन्छ । यो क्रम यद्यपि कायम रहेको देखिन्छ । यस बालकथाको अलवा बालसाहित्यकै अन्य विधा “बाल कविता” “बाल उपन्यास” का पुस्तकहरू समेत

प्रकाशित भएका पाइन्छन्, तर यस्ता कृतिहरू बालकथाका तुलनामा गौण रहेका छन्, र यो शोधको सीमाभित्र ती कृति नपरेकाले तिनीहरूको चर्चा यहाँ गरिएको छैन ।

जे होस् यस चरणमा उनले बालबालिकाहरूलाई विविध विषयका मौलिक रचनाहरू प्रभावकारी र मनोरञ्जनात्मक ढंगमा प्रस्तुत गराएका छन् । यस समयमा प्रकाशित सामाजिक यथार्थ, नैतिक शिक्षा तथा वातावरण संरक्षण विषयका मौलिक रचनाको अत्यधिक प्रकाशन भएका छन् । उनको बालकथा यात्राको यो चरण उपलब्धिका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

**३.६ निष्कर्ष**

कार्तिकेय घिमिरेका बालकथाका दुई मोडमध्ये दोस्रो चरण नै बढि सशक्त भएको देखिन्छ । पहिलो चरणका कथा सङ्ख्यात्मक रूपमा थोरै भए तापनि यिनीहरू नै दोस्रो चरणका दरिलो आधार स्तम्भ बन्न पुगेका छन् ।

**चौथो परिच्छेद**

# कार्तिकेय घिमिरेका बालकथाहरूको विश्लेषण

## ४.१ "भ्यागुताको प्रजातन्त्र" कृतिको विश्लेषण

भ्यागुताको प्रजातन्त्र शीर्षकको कथासङ्ग्रह २०५८ सालमा प्रकाशित भएको भए तापनि हालसम्म विभिन्न पत्रपत्रिकामा दशपटकसम्म छापिएको हुनाले र अहिलेको समसामयिक घटनामा आधारित छ । यसमा "भ्यागुताको प्रजातन्त्र" भन्ने वित्तिकै के भ्यागुताको पनि प्रजातन्त्र हुन्छ र भन्ने जस्ता प्रश्नहरू पाठकको मनमा खडा हुने र पाठकको मनलाई पनि आकर्षित गर्न सफल हुने भएकाले उनका धेरै कृतिहरूमध्ये यही सङ्ग्रह महत्त्वपूर्ण ठानिएको हुनाले विस्तृत रूपमा यसै सङ्ग्रहको विश्लेषण गरिएको हो ।

### ४.१.१ परिचय

कार्तिकेय घिमिरेको "भ्यागुताको प्रजातन्त्र बालकथा सङ्ग्रह" वि.सं. २०५८ सालमा प्रकाशित भएको हो । यस सङ्ग्रहमा साथी, दिदीको माया, सबैको रगत रातो, नयाँ जीवन, भ्यागुताको प्रजातन्त्र, मनको मन्दिर, तिमी देवी हौ सुषमा र दसैं गरी आठवटा बालकथाहरू रहेका छन् । कार्तिकेय घिमिरेको बालकथा यात्राको प्रथम चरणको मौलिक र सशक्त सामाजिक पृष्ठभूमिका बालकथा लेखनको आरम्भ यही कृतिबाट भएको हो । यस कृतिमा रंगीन आवरण पृष्ठ सहित जम्मा (२४+४) २८ पृष्ठ रहेका छन् । यस कृतिमा शान्ता हिताङद्वारा निर्मित १६ वटा श्याम श्वेत चित्र रहेका छन् । यी चित्रहरूले कथावस्तुलाई व्यक्त गर्न राम्ररी सहयोग पुऱ्याएका छन् । आवरणको दुवै तर्फको भित्री भाग खाली राखिएका छन् । बाहिरी भागको मुख पृष्ठमा सङ्ग्रहको नाम र पोखरीको छेउमा बसेर भ्यागुताले ठूलो पोखरी हेरिरहेको, कमलको फूल फुलेको चार रंगी चित्रका साथ लेखकको नाम उल्लेख गरिएको छ । यसरी नै भित्रि २८ पृष्ठमा कथा र चित्रको संयोजन गरिएको छ र अन्तिम पृष्ठमा

लेखक कथाकारको परिचय तस्वीरसहित दिइएको छ र अन्तमा प्रकाशकको नाम ठेगाना र सम्पर्क नम्बर दिइएको छ ।

यो कथाकृति वि.सं. २०६१ मा केटाकेटी नेपालबाट दोस्रो संस्करण र वि.सं. २०६२ मा साझा प्रकाशनबाट तेस्रो संस्करकणका रूपमा प्रकाशित भएको छ । यस कृतिको नामकरण गरिएको शीर्षक कथा सङ्ग्रहको “भ्यागुताको प्रजातन्त्र” शीर्षकको कथा वि.सं. २०५७ फागुन १२ गते कान्तिपुर साप्ताहिकको  पृष्ठ २१ मा प्रकाशित भएको हो ।

भ्यागुतालाई मुख्य पात्र बनाएर रचना गरिएको यस कथामा भ्यागुताको माध्यमबाट बालबालिकाको माझमा प्रजातन्त्रमा शान्ति, अहिंसा र एकता हुन्छ भन्ने सन्देश दिन खोजिएको छ । कथामा रमाइलो कथानकका माध्यमले खराब पात्रको सिर्जना गरी समस्या कौतूहलता उत्पन्न गराउन र त्यसको निराकारणका लागि सटिक समाधान अर्थात् रोचक र घतलाग्दो अन्त्य समाधान प्रस्तुत गर्ने कलात्मक शैलीमा प्रस्तुत हुनु बालकथा लेखक घिमिरेको कथागत प्रवृत्ति नै हो । कथाकार घिमिरेले उक्त कृतिमा बालबालिकाको सेरोफेरोकै विषयवस्तुहरूबाट बाल मैत्री समाजको वकालत गरेका छन् । उनले बालमनमा रहेको अबोध साथीत्वको मर्म, दिदीभाइको घनिष्ट ममता, जातजाति प्रथाप्रतिको जागरण सन्देश, घरेलु श्रमिक बालिकाको पढ्ने सपना, मानवता र समग्रमा मानवीय मूल्यका पक्षमा कलम चलाएका छन् । उनले बालबालिकालाई प्रजातन्त्रका लागि प्रतिबद्ध हुन, छुवाछुतका विरुद्ध लाग्न र सबैले पढ्नुपर्छ भन्ने अभियानमा सरिक हुन पनि प्रेरित गरेका छन् ।

### ४.१.२ शीर्षक चयन

कुनै पनि कृतिका रचना गरिसकेपछि त्यसको शीर्षक चयन गरिन्छ । शीर्षक चयन गर्दा उक्त कृतिमा विशेष महत्त्व राख्ने पद, पदावली वा वाक्यात्मक संरचनालाई नै लिने गरिन्छ । त्यस्तै कथाको समग्र भावको निचोड झल्कने गरी र त्यो शीर्षक पढेपछि त्यो रचना पढ्न पाठकलाई प्रेरित गरोस् भन्ने ध्येय राखेर पनि

शीर्षक चयन गर्ने गरिन्छ । शीर्षक चयनका दृष्टिले कथाकार घिमिरे सफल देखिन्छन् । उनले आफ्नो कथाको समग्र भावलाई समेट्ने गरी आकर्षक शीर्षकहरू राखेका छन् । त्यस्तै उनले कथाकृतिको शीर्षक राख्दा पनि सबैको ध्यान आकृष्ट हुने खालको शीर्षक चयन गरेका छन् । जुनकृति भित्र अटाएका आठवटा कथाहरू मध्येका पाँचौं कथाको शीर्षक पनि हो । घिमिरेको यस कृतिका शीर्षकले कथाकार प्रजातन्त्र, स्वतन्त्रता र अधिकारप्रति बढी सजग र अभिप्रेरित भएकाले उक्त कृतिको शीर्षक पनि प्रजातन्त्र र लोकतन्त्रप्रति नै लक्षित देखिन्छ । भ्यागुता लम्पटले राजालाई उकासेर निरंकुशता लाद्न गरेको प्रयत्न र राजाको प्रजातन्त्रप्रतिको निष्ठाभावलाई कथाकारले कथामा व्यक्त गरेका छन् । मौकाको फाइदा लुट्न उद्यत टपरटुइँया व्यापारीको कुत्सित मनसायलाई बुझेर आधुनिक समयको विश्वव्यापी अभिमतलाई सम्मान गर्दै शान्ति, अहिंसा र लोकतन्त्रको पक्षमा उभिन भ्यागुता राजाको पक्षमा उभिएर कथाकारले कथाको शीर्षक सार्थक बनाएका छन् । उनका हरेक कथामा शीर्षक चयनको त्यस्तै खालको चामत्कारिक विलक्षणता देखिन्छ ।

### ४.१.३ कथातत्त्वका आधारमा विश्लेषण

बालबालिकाहरू समाजका एक अभिन्न अंग हुन् । उनीहरूको अभिव्यक्ति कथाको प्राण हो । आवश्यक घटनाहरूको श्रृङ्खलाबद्ध कलात्मक गठन र गुम्फन तथा पात्रका क्रियाकलापको एक अमूर्त आकृति नै कथानक हो । वास्तवमा सामाजिक यथार्थ बोकेका कथाहरूमा समाजका विभिन्न वर्गका मानिसहरूले भोगेका हाँसो, खुशी, दुःख सुखका संवेगलाई कलात्मक ढंगले मिलाएर अभिव्यक्त गरिएको हुन्छ, त्यसैगरी बालकथामा पनि बालबालिकाले बाँचेको समाजको चित्रलाई बालबालिकाकै केन्द्रबिन्दु र सेरोफेरोमा रहेर व्यक्त गर्ने गरेको पाइन्छ ।

"भ्यागुताको प्रजातन्त्र" कथामा घिमिरेले प्रजातन्त्र विरोधी शक्तिहरू सल्बलाई रहेको अवस्थामा प्रजातन्त्रप्रति अडिग निष्ठावान् रहन कसरी चनाखो हुनुपर्दछ भन्ने सन्देश दिँदै उनले समग्र हरूमा बालबालिकाहरूलाई प्रजातन्त्रको पक्षमा उभिन प्रेरित गरेका छन् । साथै प्रजातन्त्रको सकारात्मक पक्षका बारेमा

सन्देश दिँदै यसको पृष्ठपोषणमा वकालत पनि गरेका छन् । समाजमा विद्यमान घटनाक्रमलाई भ्यागुता पात्रका माध्यमले सांकेतिक रूपमा घटनाक्रमलाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गरेर कथानकको विकासमा सफलता ल्याएका छन् । कथामा गाउँको सुन्दर पक्ष र पोखरीको प्राकृतिक छटाको वर्णनबाट कथानकको आरम्भ भएको छ । विस्तारै पोखरीमा समस्याहरू थपिंदै जान्छन् । व्यापारी भ्यागुताको सुन्दर नगरीमा प्रवेश हुनु र उसलाई त्यहाँको नियम, कानुन, शान्ति र सौहार्दता देखी इर्ष्या  लाग्नु जस्ता समस्यालाई आधार मानेर कथानकको विकास भएको छ । राजाको प्रजातन्त्र प्रतिको दृढताबारे व्यापारी लम्पट स्पष्ट हुनु उनले व्यापारीलाई प्रजातन्त्र, शान्ति, अहिंसा र स्वतन्त्रतामा नै प्रगति छ भन्ने कुरा राम्ररी बुझाउनु अनि व्यापारीले आफ्नो गलत धारणा त्यागी राजासँग माफी मागेर उनको स्वतन्त्रताप्रतिको निष्ठावान्को कदर गर्दै माफी माग्नु र पुनः सामान्य दिनचर्यातर्फ भ्यागुताहरूको जीवनशैलीलाई परिवर्तन गराएर कथाको अन्त्य भएको छ । यसरी यस कथाको कथानकलाई सहज, सरल  बोधगम्य बनाउने काममा उक्त कथामा प्रयोग भएका चित्रहरूले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

### ४.१.४ चरित्र चित्रण

चरित्र (पात्र) कथाको एक अभिन्न अङ्ग हो यो कथामा प्राण भनौं एउटा जीव माध्यम पनि हो । कथालाई आकर्षक बनाउन त्यसलाई भावपूर्ण बनाइ पठनीय तुल्याउने मुख्य तत्त्व नै चरित्र चित्रण हो । चरित्र भनेको कथाको योजना गर्दा प्रयोग गरिने उपकरणहरूलाई क्रमवद्धता प्रदान गर्ने एक अत्यावश्यक माध्यम हो । कथा शास्त्रको आधुनिक शोचमा यसलाई दृष्टिविन्दु” भनेर पनि भनिन्छ। “म” पात्रका प्रयोग भएका कथामा प्रथम पुरुष दृष्टिबिन्दू र अन्य तेस्रो पक्ष पात्रहरूको प्रयोग भएको छ भने तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको मानिन्छ । घिमिरेले उक्त कथाकृतिमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् । उनका कथाका चरित्र मानवेतर छन् र तिनले वैयक्तिक र वर्गीय चरित्रको प्रतिनिधित्व गरेका छन् । मानवीय पात्रको अधिक प्रयोग गर्ने घिमिरेले यस कृतिमा भने मानवेत्तर पात्रको

प्रयोग गरेका छन् । कथामा गतिशील किसिमका पात्रको प्रयोग गरिएको छ भ्यागुताराज ‘काठे’ र लम्पट यस कथाका गतिशील पात्र हुन् । ‘जनता’ भ्यागुता गतिहीन पात्र हुन् । यसकै आधारमा उक्त कृतिका पात्रहरूलाई मुख्य र सहायक गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । कथामा राजा काठे, व्यापारी लम्पट र त्यहाँ बसोबास गर्ने भ्यागुताहरू सबै गरी जम्माजम्मी तीन खालका चरित्रहरूको परिकल्पना गरिएको छ । कथामा राजा काठे र व्यापारी लम्पटलाई मुख्य पात्र र अन्यलाई सहायक पात्रको हरूमा प्रयोग गरिएको छ । उक्त कथामा असत् पात्रको रूपमा कसैलाई प्रयोग गरिएको छैन ।

राजा काठे यस कथाको प्रजातन्त्रप्रति प्रतिबद्ध सज्जन पात्र हो । कथाकारले काठेलाई ‘स्वतन्त्रता प्रेमी र प्रजातन्त्रवादी शासकका रूपमा उभ्याएर बालबालिकालाई प्रजातन्त्र प्रेमी र स्वतन्त्रता प्रेमी बन्न प्रोत्साहित गरेका छन् । काठेले समग्र ग्रीनपार्कका भ्यागुताहरूका लागि एउटा निस्वार्थ, निडर, मृदुभाषी र समग्र, देशप्रति नै बफादार राजाको भूमिका निर्वाह गरेको छ । कथाको शीर्षक देखि नै सक्रिय बनाएर अन्त्यसम्म नै अत्यन्त महत्त्वपूर्ण भूमिका प्रदान गर्दै कथाकारले राजा ‘काठेलाई’ यस कथाको मुख्य पात्रको रूपमा प्रस्तुत गरेका छन् । ऊ अत्यन्त गतिशिल त छँदैछ यसका साथै स्वतन्त्रता, न्याय, अहिंशा र प्रजातन्त्रप्रति प्रतिबद्ध हुनाले आदर्श चरित्रका रूपमा प्रतिस्थापित हुन पुगेको छ । व्यापारी लम्पट यस कथाको एक मात्र धूर्त पात्र हो । ऊ एउटा नामी व्यापारी र इर्ष्यालु चरित्रका रूपमा रहेको छ । आफ्नो स्वार्थपूर्तिका लागि छलकपट गर्न उद्यत उसको चरित्रले समाजमा मौका भोगीहरूको द्वैध चरित्रलाई उदाङ्गो पारेको छ ।

ग्रीनपार्कमा बसोबास गर्ने सम्पूर्ण बासीहरू यस कथाका सहायक गतिहिन पात्र हुन् । जसले शान्ति र स्वतन्त्रता भएको देशमा जनता माझमा अमनचयन हुने र उनीहरूको जीवन खुशी र समृद्ध हुने पक्षतर्फ सङ्केत गर्दै पृष्ठभूमिमा सहयोगी पात्रको रूपमा रहे पनि यिनको भूमिका समग्र रूपमा कथाले बोकेको प्रजातन्त्रप्रतिको आस्था बढाउनमा यसको भूमिका गहकिलो देखिन्छ ।

### ४.१.५ परिवेश

कथा जहिले पनि एउटा धरातलमा हिँडेको हुन्छ । अर्थात् यसको कथानक, घटना र परिस्थिति अगाडि बढ्ने, हिँड्ने काम धरातलमा हुन्छ । त्यो धरातललाई भौतिक र मानसिक दृष्टिले हेर्न सकिन्छ । यसैको समष्टि रूप नै परिवेश अर्थात् वातावरण हो वातावरण परिवेशले कथामा घट्ने घटनाहरूको समय र स्थानको सूचना दिन्छन् समय र स्थान निरपेक्ष मनोवैज्ञानिक कथाहरूमा भने पात्रको मनस्थिति नै वातावरण बनेर आउँछ ।

“भ्यागुताको प्रजातन्त्र” कथामा हरिभवन, नाम गरेको नेपालकै कुनै एउटा तराईको गाउँको वातावरणलाई समेटिएको छ । उक्त कथामा प्रयोग भएका हरियाली, पोखरी, ग्रीनपार्क स्वच्छ, सफा वातावरणले सानो सुन्दर गाउँलाई झल्काएको छ । कथाको तेह्रौँ पृष्ठमा दिएको चित्रले पनि कथाको परिवेश गाउँको तराईको सानो सुन्दर गाउँको हरियाली पोखरी भएको स्पष्ट हुन्छ । प्रस्तुत चित्रमा देखाइएको वरिपरि रुखविरुवाले ढाकिएको पोखरी, रमाएका भ्यागुता र पौड्न जम्प गर्दै गरेका भ्यागुताको चित्रले पनि कथामा गाउँले वातावरणको सङ्केत गरेका छन् ।

यसरी घिमिरेले यस कथामा ग्रामीण परिवेशको चित्रण गरेर त्यहाँ प्रदूषणमुक्त वातावरणमा रमाइरहेका प्राणीसँग परिचित गराउने जमर्को पनि गरेका छन् ।

### ४.१.६ भाषाशैली

भाषाशैली भनेको कथाको मेरुदण्ड हो । भाव, विचार, संवेग र चरित्रका हरेक बैचारिक पक्ष भाषाको माध्यमबाट अभिव्यक्त हुन्छन् । कुनै पनि कथामा चरित्रले व्यक्त गर्ने भावमा ती चरित्रको बौद्धिक क्षमता, उमेर र उनीहरू हुर्किरहेको वातावरणीय प्रभाव हुन्छ । बालकथाको हकमा कुरा गर्दा यसमा सरल र सरस भाषाशैली छोटा-छोटा वाक्य संरचना र प्रस्तुतिमा रोचकता हुनु जरुरी छ ।

"भ्यागुताको प्रजातन्त्र" कथामा कथाकार कार्तिकेय घिमिरेले बालमैत्री बालबालिकाको भाषिक स्तर र क्षमता अनुकूलको बालोपयोगी सरल, सरस भाषाहरूको प्रयोग गरेका छन् । उक्त कथामा घिमिरेले शुरुदेखि नै बालबालिका माझमा उत्सुकता जगाउने खालका र एउटा सुन्दर, सौम्य, गाउँठाउँको चित्रण गर्दै बाललोली अनुरूपका उनीहरूलाई बालाकर्षण गर्ने खालका आहा! ग्रीनपार्क सुन्दर राम्रा, साच्चै, मनमोहक जस्ता शब्दको बढी प्रयोग गरेर भाषामा स्वाभाविकताको निर्माण गरेका छन् । त्यसैगरी "मुखमा राम राम बगलीमा छुरा" जस्ता उखान टुक्काको प्रयोग गरेर भाषामा मिठास ल्याएका छन् ।

यसरी भाषामा पूर्णतया स्वभाविकता र मिठास ल्याउने प्रयासमा घिमिरे सफल देखिएका छन् । सरल भाषा शैली र बाल बोलीको प्रयोगले गर्दा कथा आकर्षक बन्न पुगेको छ । तथापि कथाको बीच र अन्तमा एक दुई ठाउँमा रहेका दमन, रुवाइ, सङ्कल्प जस्ता  बालक्षमता भन्दा बाहिरका केही शब्द प्रयोग गर्नाले अलि सानो कथाका बालबालिकाका लागि क्लिष्टता थपिएको महशुस हुन्छ तापनि समग्रमा उक्त कथाको भाषाशैली बालोपयोगी रहेको भन्न सकिन्छ ।

### ४.१.७ दृष्टिविन्दु

दृष्टिविन्दुका हिसावले "भ्यागुताको प्रजातन्त्र" मिश्रित कथा होइन यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको मात्र प्रयोग गरिएको छ सबै, भाषा तृतीय पुरुष शैलीमा प्रयोग गरिएको छ । जसलाई नमूनाको रूपमा हेर्न सकिन्छ, जस्तै "हरिभवन" नाम गरेका एउटा सुन्दर गाउँ थियो । चारैतिर अग्ला रुख बिरुवाहरूको सुन्दर, स्वच्छ वातावरण भएकाले भ्यागुताहरूले त्यो पोखरीको नाम ग्रीनपार्क राखेका थिए (भ्यागुताको प्रजातन्त्र, पृ. १३) ।

### ४.१.८ सारवस्तु

देशमा नयाँ  व्यवस्थाको रूपमा भित्रिएको प्रजातन्त्रको गूढ अर्थ र महत्त्वबारे बालबालिकालाई सजग गराइ बालबालिकाकाको प्रजातन्त्रप्रतिको आस्थाभाव बढाउनु

र प्रजातन्त्रलाई संस्थागत हुन सघाउनु भ्यागुताको प्रजातन्त्र कथाको उद्देश्य हो । समाजमा व्याप्त चाकरी चाप्लुसी र धूर्तता प्रति बालबालिकाहरूलाई सजग गराउँदै उनीहरूलाई शान्ति र अहिंसाको सन्देश दिँदै जागृत गर्नु कथाको लक्ष्य देखिन्छ । २१ औं शताब्दीको संघारमा उभिएका केटाकेटीहरूमा प्रजातान्त्रिक सोच र लोकतान्त्रिक अवधारणा पस्किएर उनीहरूमा सहकार्य  र समावेशी सोचाइको चरित्र निर्माण गर्ने कुरालाई पनि यस कथाको उद्देश्यका रूपमा लिन सकिन्छ । भ्यागुताराज काठेले आफ्ना जनताप्रति देखाएको सद्भावपूर्ण समान अस्तित्त्वको व्यवहार र स्वतन्त्रताप्रिय जीवनशैली र स्वतन्त्रतामा नै सफलता निहित हुन्छ भन्ने उसका बैचारिक निचोडको सजिव चित्रणले सबैलाई स्वतन्त्र लोकतान्त्रिक व्यवस्थाको पक्षमा लाग्नुपर्छ भन्ने सन्देश पनि यस कथाले दिएको छ ।

### ४.१.९ निष्कर्ष

कथाकार  कार्तिकेय घिमिरे नेपाली बालसाहित्यका एक सबल हस्ताक्षर हुन् । उनको लेखन लोकतन्त्र र समाजवादप्रति पूर्णतया लक्षित छ । उनले समाजमा शान्ति, न्याय, अहिंशा सह-अस्तित्त्व र मेलमिलापको वकालत गर्दै सूक्ष्म ढंगले बालअधिकार र बालमनोविज्ञानको पाटाहरू केलाएका छन् । “भ्यागुताको प्रजातन्त्र” कथामा एउटा भ्यागुताको माध्यमबाट समाजमा विद्यमान असमानता र टाठा बाठाले मात्र फाइदा लिन खोज्ने प्रवृत्ति केलाउँदै एउटा नाइकेले कसरी सही र अडिग धरातल निर्माण गरी त्यसमा अटल रहेर देश र जनताको हित गर्न सक्छ भन्ने भावनालाई प्रकट गरिएको छ । यस खालको विषयका माध्यमबाट उनी बालबालिकाहरूलाई समाजमा सबैको अस्तित्त्व स्वीकार गर्दै सबैप्रति समान व्यवहार र सद्भाव कायम गरी अघि बढ्नुपर्छ भन्ने सन्देश दिन चाहन्छन् ।

वास्तवमा समाज बालबालिकाहरूको पहिलो पाठशाला हो । यहाँ रहेका कुराहरू हेरेर बालबालिकाहरूले धेरै कुरा सिकि सकेका हुन्छन् त्यसैले कथाकारले उनीहरूलाई प्रिय लाग्ने ‘भ्यागुता’ पात्रको माध्यमले समाजमा प्रजातन्त्र कसरी मौलाउन सक्छ ? प्रजातन्त्र कस्तो हुनुपर्छ ? र प्रजातन्त्रमा के के कुरा हुन्छ ? भनेर

निकै सरल कथानकका माध्यमले बालबालिकाहरूलाई यथार्थ बोध गराउने जमर्को गरेका छन् । यसबाट के प्रष्ट हुन्छ भने लेखक बालबालिकाको रुचिप्रति सचेत छन् । साथै सु-संस्कृत समाज निर्माणका लागि प्रजातन्त्र, लोकतन्त्र चाहिन्छ भन्ने कुरामा पनि दृढ छन् । त्यही भएर उनी बालबालिकाको बोलीमा लोली मिलाउँदै उनीहरूकै रुचीको पात्र समातेर समाज परिवर्तनतर्फ केटाकेटीलाई घच्घच्याउन चाहन्छन् र उनीहरूलाई प्रजातन्त्र र लोकतन्त्रको हिमायती बनाउने लेखकको प्रयास देखिन्छ ।

समग्रमा भन्दा यस कृतिको माध्यमबाट कथाकार घिमिरेले परम्परागत बालसाहित्य लेखनको धारलाई भत्काई दिएका छन् । उनले पूर्णतया मौलिक, सामाजिक कथाहरू पस्किएर एकातिर कथाकारले आधुनिक बालरुचीलाई समातेका छन् भने अर्कोतिर ती बालबालिकाको मनोविज्ञानलाई जीवन्त रूपमा उतारेर उनीहरूका लागि कथालाई प्रियः खुराक बनाएका छन् । जसले गर्दा यी कथाका माध्यमले साथीत्व, नाताको मर्म ममत्व, समानता, भाइचारा, सहयोगी, सहृदयीपन, सह-अस्तित्त्व, मानवताप्रतिको प्रगाढ आस्था र सांस्कृतिक चेतना जस्ता पक्षहरू सबल ढंगले व्यक्त कथामा प्रभावोत्पादक ढंगले बैचारिक श-शक्तताका साथ प्रकट भएकाले उक्त कृति आधुनिक सुसंस्कृत समाज निर्माणमा बालबालिकालाई उन्मुख गराउन उपयोगी छ भन्न सकिन्छ ।

## ४.२ “भ्यागुताको प्रजातन्त्र” बालकथा सङ्ग्रहको विश्लेषणः

**भ्यागुताको प्रजातन्त्र** कथासङ्ग्रहभित्र जम्मा आठवटा कथाहरू छन् । तिनै कथाहरूको विश्लेषण यहाँ गरिएको छ ।

### ४.२.१ परिचय

कथाकृति “भ्यागुताको प्रजातन्त्र” वि.सं. २०५८ सालमा निरन्तर प्रकाशनबाट प्रथम पटक प्रकाशित भएको हो । त्यसपछि वि.सं. २०६० र वि.सं. २०६२ मा यसका थप संस्करणहरू निस्किसकेका छन् ।

२०६१ मा केटाकेटी नेपालले यसको दोस्रो संस्करण प्रकाशित गरेको थियो । यो घिमिरेको बालकथा यात्राको दोस्रो चरणको सातौं पुस्तककार कृति हो । यस अघि उनका बुद्धिमान छोरी (२०५३), मेरी सानी राधा (२०५६), फुच्चे बन्यो राजा (२०५८) र बालदिवस (२०५८) गरी ६ वटा बाल कथाकृतिहरू प्रकाशित भएका छन् ।

आयतनका दृष्टिले आवरण पृष्ठ बाहेक २८ पृष्ठमा फैलिएको यस कृतिमा समावेश गरिएका आठकथाहरू मध्ये "साथी' 'दिदीको माया', 'सबैको रगत रातो', 'नयाँ जीवन', 'भ्यागुताको प्रजातन्त्र', 'मनको मन्दिर', 'तिमी देवी हौ सुषमा' र 'दशैं' हुन् । यीमध्ये 'मनको मन्दिर' नामक कथा मात्र पहिलो पटक यसै सङ्ग्रहमा संकलित हुन पुगेको देखिन्छ । अन्य साथी, दिदीको माया, सबैको रगत रातो लगायत सात कथा राष्ट्रिय स्तरका बालपत्रिकाहरूमा पूर्व प्रकाशित कथाहरू हुन् । यहाँनिर के भन्नु पर्ने हुन्छ भने घिमिरेका कथाहरूलाई मन पराइदिएर उनका यी कथाहरू विभिन्न पत्रपत्रिकाहरूले छापेको देखिन्छ । साथै एउटै कथा पाँच, सात र दश वटा पत्रिकामा सम्म पनि प्रकाशित भएका देखिन्छन् । "भ्यागुताको प्रजातन्त्र" शीर्षक कथा हालसम्म दशवटा पत्रिकामा प्रकाशित भइसकेको छ । सङ्ग्रहमा सङ्ग्रहित कथाहरूको कथानकलाई जीवन्त बनाउन शान्ता हिताङका सोह्रवटा चित्र यस कृतिमा रहेका छन् । यी चित्रकलाले कथावस्तुलाई अगाडि  बढाउन स-शक्त ढंगले सहयोग पुऱ्याएका छन् । बाहिरी भागको मुख्य (कभर पेज) मुहार पृष्ठमा सङ्ग्रहको नाम पहेंलो गाढा रंगमा, नीलो आकाश र बादलहरू मुनि ठूलो पोखरी, डिलमा सानो झारको विरुवा छेउमा रही भ्यागुताले पोखरीतिर नियाली रहेको र भ्यागुताको छेउमा अगाडि अनि दायाँ छेउमा कमलको फूल फुलेको रंगीन चित्र रहेको छ । किताबको पुछारमा तलतिर दायाँ छेउमा कथाकारको नाम उल्लेख गरिएको छ साथै भित्री पृष्ठ (पृष्ठ नं. नदिएका) 'क' मा क्रमशः कथासङ्ग्रहको नाम, विधाको नाम, बीचमा लेखकको नाम तल प्रकाशकको लोगो सहितको नाम उल्लेख छ । त्यस्तै पृष्ठ 'ख' मा निरन्तररूपबाट प्रकाशित लेखक घिमिरेका र अन्य लेखकका कृतिहरूको नाम उल्लेख गरी तयार

गरिएको जानकारी विज्ञापन रहेको छ । त्यसको तल प्रकाशक पुस्तक संस्करण, सर्वाधिकार, कला, चित्रकार, डिजाइनर, मूल्य र मुद्रकको नामहरू उल्लेख गरिएको छ । त्यस्तै पृष्ठ 'ग' मा घुम्दा घुम्दै शीर्षकमा कथाकारको मन्तव्य रहेको छ भने पृष्ठ 'घ' मा कथाक्रम प्रस्तुत गरिएको छ । त्यस्तै भित्री भागको पृष्ठ १ देखि २३ सम्म कथावस्तुले मागेअनुसार विभिन्न चित्रहरूको संयोजन गरिएको छ । र २४ नम्बरमा सङ्ग्रहका कथामा रहेका केही कठीन शब्दहरू शीर्षकमा शब्दार्थ दिइएको छ । वि.सं. २०५८ असोज ३ मा नेपाल समाचार पत्र दैनिकको सौजन्यमा प्रकाशित पुस्तक 'समीक्षा' अनुसार नेपाली बाल साहित्यमा यसरी बालकथाको किताबमा कठिन शब्दहरूका अर्थ सहित प्रकाशन गर्ने चलन यही किताबबाट शुरु भएको हुनुपर्छ भन्ने कुरा उल्लेख गरिएको छ । त्यस्तै यो कृतिका सबै भन्दा पछिल्लो पृष्ठमा (पछाडीका मुख पृष्ठमा) कथाकारको परिचय भन्ने, शीर्षकमा लेखक घिमिरेको फोटो बायाँ छेउमा राखेर उनको नाम, पितामाताको नाम, शिक्षा, जन्मथलो लगायत उनका प्रकाशित, प्रकाशोन्मुख कृतिहरूको सूची, संलग्नता, शीर्षकमा लेखक संलग्न संस्थाहरूको नाम, सम्पर्क र सुझावका लागि भनेर फोन नम्बर समेत उल्लेख गरिएको छ । यो पृष्ठको अन्तिम पुछारमा प्रकाशकको लोगो सहित नाम र ठेगाना उल्लेख गरिएको छ । त्यसको ठीक माथि दायाँ छेउमा आइएसबिएन नम्बर र एनपिबिएन नम्बर समेत प्रकाशित गरिएको छ ।

### ४.२.२ शीर्षक चयन

कुनै पनि कृतिको रचना सँगै त्यसको उपयुक्त र आकर्षक शीर्षकको चयन गर्नु आवश्यक हुन्छ । शीर्षक चयनका पनि आफ्नै तौरतरिकाहरू रहेका छन् । मूलतः कृतिमा अन्तरनिहित भाव, सन्देश र त्यसभित्र रहेका पद, पदावली एवं सङ्केत अर्थात् कृतिको निचोड चुस्त, दुरुस्त र आकर्षक ढंगले झल्किने गरी शीर्षक चयन गर्ने गरिन्छ । "भ्यागुताको प्रजातन्त्र" उक्त शीर्षक यस सङ्ग्रहमा रहेका कथाहरू मध्ये एउटा राम्रो कथाको शीर्षक हो । यो शीर्षक पाठकको ध्यान तान्न सफल शीर्षक पनि हो । "भ्यागुताको प्रजातन्त्र" भन्नासाथ के रहेछ यो भन्ने

कौतूहलता पाठकमा जागृत हुने हुनाले यो शीर्षकको छनोट उपयोगी देखिन्छ किनकि यस सङ्ग्रहमा सङ्ग्रहित अरु कथाहरूको भन्दा यो कथाको शीर्षक बढि आकर्षक देखिन्छ ।

प्रस्तुत "भ्यागुताको प्रजातन्त्र" बालकथा कृतिमा सङ्ग्रहित साथी, दिदीको माया सबैको रगत रातो, नयाँ जीवन मनको मन्दिर, तिमी देवी हौ सुषमा र दशैँ जस्ता शीर्षकहरू कथाको समग्र भाव अर्थात् निचोडलाई आधार मानेर तयार गरिएका हुन् । शीर्षक चयनका हिसावले हेर्ने हो भने लेखक घिमिरेमा बिलक्षण खूबी देखिन्छ । उनी सरल, सुन्दर र पाठकलाई प्रभावित गर्ने खालको शीर्षक रचना गर्न सिपालु देखिन्छन् । सङ्ग्रहमा समेटिएका आठवटा कथाका शीर्षकहरू मध्ये आठौँ कथा "दशैँ" को शीर्षक छनोट कथानकको विषय प्रधान देखिन्छ ।

कृतिको मूल शीर्षकले यसमा संकलित अन्य कथाहरू कस्तो रहेछ ? के हो "भ्यागुताको प्रजातन्त्र" भन्ने कौतूहलता बोकेको देखिन्छ । साथै व्यङ्ग्य चेत पनि शीर्षकमा देखिन्छ जसले झट्ट हेर्दै मान्छेको ध्यान खिच्दछ । तसर्थ मूल शीर्षक उपयोगी नै देखिन्छ ।

त्यस्तै कृति भित्रका कथाहरूमा राखिएका अन्य शीर्षकहरू 'दशैँ' बाहेक अन्य सबै प्रभावकारी लाग्दछन् । पात्रीय चरित्रलाई प्रमुखता नदिई कथाको शीर्षक मूल भाव र सन्देशकै प्रतिनिधित्व गर्ने गरी राखिएको छ । जुन उपयोगी देखिन्छ, तर "दशैँ" शीर्षक भने त्यति प्रभावकारी रूपमा प्रयोग गरिएको देखिदैन । समग्रमा हेर्दा यस सङ्ग्रहको मूल शीर्षक "भ्यागुताको प्रजातन्त्र" सार्थक रहेको देखिन्छ ।

### ४.२.३ कथानक

कथामा अन्तरनिहित घटनाहरूको सिलसिलाबद्ध कलात्मक गठन नै कथानक हो । कार्तिकेय घिमिरे मूलतः कथा विधाकै हस्ताक्षर भएकाले उनका कथामा प्रयुक्त कथावस्तु बालबालिकाको सामाजिक परिवर्तनसँग बढि सम्बन्धित रहेका छन् । "भ्यागुताको प्रजातन्त्र" मा सङ्ग्रहित कथाहरू सामाजिक र बालमनोविज्ञानमा

आधारित विषयवस्तु बोकेर प्रस्तुत भएका छन् । मानवेत्तर पात्रका माध्यमले सामाजिक संवेगलाई उजागर गर्ने जमर्को गरिएको छ भने अन्य कथाका पात्र बालबालिकाहरू नै रहेका छन् । उक्त सङ्ग्रहका प्रायः सबै कथाहरूमा बालबालिकाहरूले भोग्नु परेका सामाजिक उत्पिडन, भेदभाव र हिंसालाई प्रमुख विषयवस्तु बनाइएको छ । कथाहरूमा लेखकले फरक फरक स्वाद दिने उद्देश्यबाट प्रेरित भएर हुन सक्छ हरेक कथामा फरक पृष्ठभूमि, फरक कथानक, फरक शैलीको सन्देश अन्तरनिहित रहेको देखिन्छ । यही कारणले गर्दा प्रस्तुत सङ्ग्रहले बालबालिकाहरूलाई भरपुर मनोरञ्जन दिंदै उनीहरूलाई सामाजिक चेतना, नैतिक सन्देश, व्यवहारिक आदर्श समेत प्रदान गर्ने जमर्को गरेको छ ।

"भ्यागुताको प्रजातन्त्र" बालकथा सङ्ग्रहमा सङ्ग्रहित पहिलो कथा "साथी" हो । उक्त कथाको थालनी तराईको छठ पर्वको मनमोहक वर्णनबाट भएको छ । काठमाडौंबाट विद्यालयको छुट्टीमा तराई पुगेको बालक सुजनलाई उसकै उमेरकी साथी सन्ध्याले आफ्नो ठाउँको लोकप्रिय पर्व छठमा पोखरी वरिपरि "छठ मेला" मा घुमाइरहेकी हुन्छिन् । उनीहरू लङ्गुर बुर्जा खेलेको हेर्न जान्छन्, त्यसपछि उनीहरूले बेहुला-बेहुलीको खेल पनि खेल्छन् । यसरी यस कथामा दुई निर्दोश बालबालिकाको स्वच्छ, सरल र निष्कपट मायाको प्रगाढ सम्बन्धलाई कथाकारले सूक्ष्म र आकर्षक ढंगले केलाएका छन् ।

कथामा मिल्ने साथी सुजन घर फर्कदा सन्ध्याले दुःख र पीडाको अनुभव गरिएको कुरा पनि चित्रण गरिएको छ । मूलतः यो कथा बालमनोविज्ञानलाई सशक्त ढंगले केलाइएको कथा हो । यस कथाले साथीहरू सँगसँगै सँधै बस्न नपाए पनि उनीहरू बीच मित्रता गाढा हुन सक्छ भन्नेतर्फ सङ्केत गरेको छ । त्यस्तै बालपात्र सुजनका माध्यमले लेखकले पढाइलाई महत्त्व दिनुपर्छ भन्ने सन्देश दिएका छन् ।

वास्तवमा यस मनोवैज्ञानिक यथार्थको उद्घाटन र घटना मार्फत् कथाकारले बालबालिका बीचको आपसी विश्वास, भाइचारा, समझदारी र देशका सबै भेगका

बालबालिका बीचको भेटघाट, खुलापनका साथै बाल चाहना अनुसारको बातावरणमा नै उनीहरूको व्यक्तित्वको प्रखर विकास हुनेतर्फ सङ्केत गरेका छन् । एउटा छोटो समयको गाढा मित्रता, साथीहरूसँग बिदाको बेलामा रमाइलो गर्नुपर्छ पढ्न छोड्नु हुन्न मिहिनेत गर्नुपर्छ भन्ने सन्देशका साथ कथानकको अन्त्य भएको छ । यस कथामा सन्ध्यालाई सुजनसँग रमाएर खेल्दाको क्षण र अब उसँगै सँधै रमाएर खेलिरहने तीब्र इच्छाहरू हुनु र सुजनले ल अब म घर फर्कन्छु मेरो विद्यालय खुल्यो भन्नु कथानकका गहकिलो आरम्भ मात्र हो भने सुजन फर्कने बेलामा दुई मित्र बीचमा देखिएको विछोडको पीडा विकास हो साथै अब फेरि भेट्न आउने वाचा गरी सन्ध्याले बिदा हुन दिएको अनुमति अन्त्य हो । यसरी यो कथा आरम्भ, विकास र अन्त्यको शृङ्खलामा बाँधिएको छ ।

सङ्ग्रहमा सङ्ग्रहित दोस्रो कथा “दिदीको माया” मा पनि बाल संवेगलाई नै विषयवस्तु बनाइएको छ । भाइ सलिल र दिदीको बीचको कथा हो यो र सधैं यसो गर, उसो गर भनेर कराउने दिदी देखि भाइ दिक्क हुन्छ । उसलाई दिदी मन पर्न छाड्छ । यस्तैमा प्याच्च उसले बुवाको मुखबाट दिदीको बिहे हुने कुरा सुन्छ । त्यसपछि ऊ आहा ! अब दिदीको बिवाह भएपछि दिदी भिनाजुको घर जान्छिन् र म घरमा एक्लै बस्न पाउँछु भनेर रमाउँछ ।

यस कथामा भाइलाई दिदी देखि दिक्क लाग्नु र ऊ दिदीको विवाह भएपछि भिनाजुकोमा जान्छिन् भनेर दंग पर्नु र दिदीको बिहेमा रमाउनुसम्मको भाग कथानकको दृष्टिले आरम्भ हो भने त्यसपछि दिदीलाई बिदाइ गरेपछि घरमा खल्लो भएको सलिलले उसको अचम्मको नियम, कानून र अनुशासननै नभएको देशमा पुगेको सपना देख्नु सम्मको अवस्था विकास हो । सपनाबाट झसङ्ग ब्यूँझदै दिदी भन्दै कराएको सलिल (भाइ) र उसले आमालाई दिदीलाई भेट्न जाने इच्छा प्रकट गरेको प्रसंग र आमाले उसको इच्छा पूरा गरिदिने स्वीकृति दिनु अन्त्य हो । यसरी कथामा आदि मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

"सबैको रगत रातो" यस सङ्ग्रहमा सङ्ग्रहित तेस्रो कथा हो । यस कथा मानवेत्तर पात्रका माध्यमले बालबालिकाहरूलाई छुवाछुतका विरुद्धमा उभिन प्रेरित गर्ने उद्देश्यबाट लेखिएको देखिन्छ । यो कथामा काला र सेता भ्यागुताहरूको गाउँमा दुबैको ठाउँ छुट्टिने गरी लगाइएको पर्खाल र उनीहरू बीच केही सहयोग आदान-प्रदान नहुने अवस्थासम्मको कथाको विकासको दृष्टिले आरम्भ हो भने ठूलो भुइँचालो आएर गर्ल्यामगुर्लुम पर्खाल ढल्नु थुप्रै गोरा भ्यागुताहरू मर्नु, चिच्याउँदै कराउँदै गरेर बाँचेका भ्यागुताहरूको दृश्य कथाको विकास हो । त्यसपछि काला भ्यागुताहरूले सबै रिसराग, द्वेष, बिर्सिएर सेता भ्यागुतालाई रेडक्रससँग मिलेर सहयोग गर्नु र सेता भ्यागुताको नाइकेले कालालाई धन्यवाद प्रकट गर्नु अन्त्य हो । यसरी कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

"भ्यागुताको प्रजातन्त्र" सङ्ग्रहमा सङ्ग्रहित चौथो कथा "नयाँ जीवन" हो । यस कथामा एउटी काम गर्न बसेकी घरेलु श्रमिक बालिकाको पढ्ने तीव्र इच्छा संवेगलाई प्रस्तुत गरिएको छ । सधैँ मालिकको सानो छोरा प्रविणलाई विद्यालयमा पढ्न पुऱ्याउन जाने राधा सधैँ जस्तो प्रविणलाई विद्यालयमा पुऱ्याएर फर्कन खोज्छे, तर उसलाई कता कता उसको पढ्ने इच्छाले अझ बढी सताउन थाल्छ । ऊ चौरमा रमाएर विद्यालय पोशाकमा खेलिरहेका नानीहरू देखेर झन तड्पिन्छे । यही प्रसङ्गबाट कथाको विकास भएको छ । कथाको उत्तरार्द्धमा राधाले भात नै नखानु ऊ टोलाएर बस्नु र मालिक्नीको चर्को स्वर सुनेर उसले रुँदै उनको खुट्टा समातेर आफ्नो कुरा प्रकट गर्नु विकास हो । त्यसपछि मालिक्नीले राधालाई विद्यालय पढ्न पठाइदिनु र विद्यालय पोशाकमा प्रविणको हात समाएर रमाउँदै विद्यालय गइरहेकी राधाको प्रसङ्ग यो कथाको अन्त्य हो । यसरी कथामा आदि, मध्य र अन्त्यको शृङ्खला मिलेको छ ।

यस मार्फत् कथाकारले बालश्रमिकहरूले पढ्न पाउने अधिकारको वकालत गरेका छन् ।

"भ्यागुताको प्रजातन्त्र" यस सङ्ग्रहको पाँचौं क्रममा परेको कथा हो । यही कथाबाट नै कृतिको मूल नामको नामकरण पनि गरिएको छ ।

यो कथा लोककथाको शैलीमा तयार गरिएको सामाजिक कथा पनि हो । मानवेतर पात्रका माध्यमले प्रजातन्त्रको मूल्य र मान्यताहरूको वकालत कथाकारले यस कथा मार्फत् गरेका छन् । हरिवन गाउँ रमाइलो हरियाली गाउँ, जसलाई ग्रीनपार्क भनिन्छ । त्यहाँ बस्ने भ्यागुताहरू तँछाड मछाड गर्छन् त्यहाँ भ्यागुताराज काठे छन् । उनी सबैलाई बराबर माया दिने राजा हुन् । उनको राज्य ग्रीनपार्कमा एकदिन धूर्त व्यापारी लम्पटको प्रवेश हुन्छ । यही प्रसङ्गबाट कथाको विकास भएको छ । कथाको उत्तरार्द्धमा भ्यागुताराज काठेलाई भएका नभएका कुरा गरी उक्साएर आफू राजाको विश्वास पात्र बनी फाइदा लुट्ने मनसाय बोकेको लम्पटद्वारा गल्ती स्वीकार गरी क्षमायाचना गरेको प्रसङ्ग उत्कर्ष हो पछि ग्रीनपार्ककै नियममा बसेर माया बाँडी अघि बढ्ने संकल्प सहित कथाको अन्त्य हुन्छ । यसरी प्रस्तुत कथा आदि, मध्य र अन्त्यको शृङ्खलामा शृङ्खलित भएको छ ।

प्रजातन्त्र र लोकतन्त्रप्रति निष्ठावान भ्यागुताराज काठेको शान्ति, अहिंशा र विकास प्रतिको दृढ इच्छा शक्ति र उसको श-शक्त विचार संवादका रूपमा व्यापारी र राजाको कुराकानी समेटिएको यो कथा वास्तवमा नयाँ परिवेशप्रति बालबालिकालाई वैचारिक रूपमा दृढ बनाउन सक्ने सामर्थ्य राख्दछ ।

"मनको मन्दिर" यस सङ्ग्रहको छैठौं कथा हो । यस कथामा बालबालिका बीचको प्रतिस्पर्धाको भावनालाई उत्प्रेरित गर्दै मानव-मानवीय संवेदना र मानवता प्रति अभिप्रेरित गर्ने उद्देश्य राखिएको छ ।

राजाले भ्याली पिटाएर दशजना बालकलाकारलाई दरबारमा बोलाइ भोलि बेलुकासम्म जसले काठको राम्रो मन्दिर बनाएर दिन सक्छ त्यसलाई म पुरस्कृत गर्नेछु भन्ने प्रसङ्ग कथानकका दृष्टिले आरम्भ हो भने सबै बालकहरू चित्र बनाउन लाग्नु, एउटा बूढो मान्छे पानी माग्दै जानु र ती मध्ये एउटा बालकले मात्र

उसलाई पानी दिएर सँगै लगेर सेवा गर्नु कथाको विकास हो । त्यसपछि सबैले काठको मन्दिर बनाएर बुझाउन सक्नु तर त्यो बूढो मान्छेलाई सेवा गर्ने केटाले बुझाउँन नसक्नू कथाको उत्कर्ष हो । अनि राजाले हिजो म नै बूढो मान्छेको भेष लिएर तिमीहरूको मानवीय मन जाँच्न गएको थिएँ । तिमीहरूमध्ये मानव सेवाको मन भएको मान्छे काठको मन्दिर नल्याउने केटो हो । अनि त्यो वास्तविक मान्छेलाई सेवा गरी काठको मन्दिर बनाएर पुरस्कार थाप्ने मोह त्याग्ने असल बालकलाई उनले पुरस्कृत गर्छन् । यसरी यो कथाको अन्त्य हुन्छ । राजाले सबैलाई दया, करुणाले सजिएको मनको मन्दिर भएको बालकलाई पुरस्कार दिनु अन्त्य हो । यसरी कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको छ ।

“तिमी देवी हौ सुषमा” यस सङ्ग्रहको सातौं क्रममा परेको कथा हो । यस कथामा साथी-साथीबीचको निश्चल र निष्कपट मित्रतालाई मन छुने ढंगले प्रस्तुत गरिएको छ । कथाको आरम्भमा तिहारको रमाइलो पिङको चचहुइको मज्जाको सुन्दर वर्णन गरिएको छ । यस कथामा सुषमा र शुभम् पिङ खेलेको हेर्न रमाउँदै जाने क्रममा सुषमाको कुरा मानेर वागवानीको फलफूल मेला हेर्न जानुको अवस्था कथानकको विकासका दृष्टिले आरम्भ हो । वागवानीको फलफूल मेला हेर्दै फूलबारीको झाडीमा पुगेको बेलामा सुषमालाई गोमन सापले टोक्नु कथाको उत्कर्ष हो । कथाको विकासको चरण हो । त्यसपछि हतार हतार शुभम्ले आफ्नो जुत्ताको तुना खोलेर सुषमाको हातमा रक्त संचार बन्द हुने गरी बाँधिदिएर साथीको ज्यान बचाउँनु र अस्पतालमा भेटेका सबैले शुभम्लाई देवता भन्नु र शुभम्ले दौडदै गएर सुषमालाई “तिमी देवी हौ सुषमा” भनेपछि कथाको अन्त्य हुन्छ । सुषमा र शुभम्को प्रगाढ मित्रताको गाढा रूप नै अन्त्य हो । यसरी कथामा आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको छ ।

यस सङ्ग्रहमा सङ्ग्रहित अन्तिम कथा “दशैं” हो । यो कथामा कथाकारले सामाजिक विषयवस्तुलाई अँगालेका छन् । एउटी लोग्नेले छोडेकी स्वास्नी मान्छे आमा र दुई स-साना भाइ बहिनीको कथा हो यो । दशैंको

रमझम छ । घरमा बुवा छैनन् । सानी बहिनी बुबाको आउने प्रतिक्षामा टोलाइरहेकी छिन् । दाइलाई पनि किन  बुवा घर आउँदैनन् थाहा छैन । यस्तै भावना खेलाउँदै दु:खी भएर रोइरहेकी बहिनी र बहिनीको दु:खमा दुखित दाइको भावुक संवेगबाट यो कथाको कथानकको विकास भएको छ ।

ल ! बहिनीले साह्रै दु:ख मानी आज म आमालाई भन्न लगाइ छाड्छु बुबा कहाँ जानु भएको हो ? र कहिले आउनु हुन्छ? यति दृढ निश्चय लिएर उठेको त्यो बालक आमाले भित्तामा टाँगिएको बुबाको फोटोमा हेरेर किन मलाई धोका दिनु भयो मनेशको बुबा भनेको सम्पूर्ण संवाद सुनेपछि छर्लङ्ग हुन्छ । यो अवस्थामा कथा उत्कर्षमा पुग्छ । त्यसपछि उसले दौडेर गई आमालाई आमा हामीलाई केही चाहिन्न तपाइँको न्यानो अँगालो भए पुग्छ भन्ने संवाद सहित कथाको अन्त्य हुन्छ । कथामा कथाकार घिमिरेले समाजमा पीडित नारीको व्यथासँगै तड्पित बालबालिकाहरूको बाबु पिताप्रतिको चाहलाई जीवन्त ढंगले प्रस्तुत गरेका छन् । यसरी बुबाको अनुपस्थितिमा पनि आमासँग रमाउने बालबालिकाको संवेगात्मक अठोटका साथ कथाको अन्त्य भएको छ । यसरी कथाको कथानकको आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको देखिन्छ । साथै उक्त कृतिमा रहेका हरेक चीजहरूले पनि कथालाई अगाडि बढ्न सहयोग पुऱ्याएका छन् । समग्रमा हेर्दा उक्त सङ्ग्रहमा रहेका हरेक कथानकको विकासका दृष्टिले सुनियोजित र सुगठित रहेको देखिन्छ ।

### ४.२.४ चरित्र चित्रण

चरित्र (पात्र) कथाको प्राण हो । यसले कथालाई गति दिने काम गर्छ । कथालाई पठनीय र सर्वोत्कृष्ठ बनाउने काम चरित्रले गर्दछ । कथालाई कसिलो र पढ्न मज्जा लाग्दो, लोभ लाग्दो बनाउने काम नै चरित्रले गर्दछ । शास्त्रीय मत अनुसार चरित्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणलाई क्रमवद्धता प्रदान गर्ने एक अत्यावश्यक माध्यम हो" (बल्लभ, सम्पा., २०३३:६२) । कथाकार कार्तिकेयले चरित्रको छनोट गर्दा मानवीय चरित्रलाई प्राथमिकता दिएका छन् । त्यसमा पनि बाल बालिका चरित्र उनको

प्राथमिकतामा परेका छन् । यस सङ्ग्रहमा सङ्ग्रहित आठकथा मध्ये दुईटा कथामा चाहिँ उनले मानवेत्तर पात्रको पनि प्रयोग गरेका छन् । सङ्ग्रहमा संकलित कथाहरूमा घटना र पात्रको चरित्र चित्रण एक साथ अगाडि बढाउने काम कार्तिकेयले गरेका छन् । बालबालिकामा अन्तर्निहित रहने जिज्ञासु स्वभाव, मैत्री भाव र जानेको सिकेका कुरा खुलेर साथीभाइसँग साटासाट गर्ने प्रवृत्ति पनि कथामा प्रस्तुत गरेका छन् ।

सङ्ग्रहमा "साथी", "दिदीको माया", "सबैको रगत रातो", "नयाँ जीवन", "भ्यागुताको प्रजातन्त्र", "मनको मन्दिर", "तिमी देवी हौ सुषमा", र "दशैं" गरी जम्मा आठवटा कथाहरू संकलित छन् । 'साथी' कथामा छ पात्रको प्रयोग भएको छ । जसमा सुजन र सन्ध्या प्रमुख दुई पात्र छन् भने सन्ध्याका साथीहरू चारजना सहायक पात्रका रूपमा देखिन्छन् । यी सबै सत् पात्र नै हुन् । सुजन यस कथाको असल चरित्र हो । ऊ तराई घुम्न गएको बेला 'छठ' पर्वको रमाइलोमा मज्जाले रमाइलो गरी तराई राम्ररी हेरी, घुमी घर फर्कन चाहन्छ । उसकै साथी सन्ध्याको सहायता र मायाले सुजनको यात्रा सफल हुन्छ । सन्ध्याले उसलाई तराईको गाउँमा खुब सहयोग र सत्कार गर्छिन् । यी दुवै पात्रले असल विचार र सुमधुर व्यवहारको प्रतिनिधित्व गरेका छन् । सुजन यस कथाको गतिशिल पात्र हो । सन्ध्याका साथीहरू यस कथाका सहायक पात्र हुन्, जसले केटाकेटीको खेलप्रेमी भावनालाई मलजल गर्दै रोमाञ्चकता थपेका छन् ।

"दिदीको माया" यस सङ्ग्रहको दोस्रो कथा हो । यस कथामा चार पात्रको प्रयोग गरिएको छ । दिदी र भाइ सलिल यस कथाका प्रमुख गतिशील पात्र हुन् भने बाबु र आमा सहायक पात्र हुन् । उक्त कथामा सलिल र दिदीको माध्यमद्वारा बालबालिकाहरूको क्षणिक रिसराग प्रकट भए पनि उनीहरूको सम्बन्ध भावनात्मक रूपमा कति गाढा र दह्रो हुन्छ भन्ने कुरा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

बालक भएर पनि सलिल एउटा सचेत पात्र हो । कथाकारले उसको मनोविश्लेषण सशक्त ढंगले यस कथामा गरेका छन् । ऊ दिदीलाई घरबाट पठाउने

माहोलमा जसरी रमाएर सहभागी हुन्छ । त्यति नै चाँडो दिदीको रिक्तताको महसुस गरी तड्पन थाल्छ । ऊ चिच्यायो "दिदी ! मलाई बचाउनुस्, दिदी म मरेँ।" (भ्यागुताको प्रजातन्त्र, पृ. ६) । जसबाट कथाकारले बालबालिकाको चञ्चल, अस्थिर र निष्कपट चरित्रको बेजोड चित्रण गरेका छन् । त्यसैले यस कथामा सलिल बालकहरूको प्रतिनिधि पात्रको रूपमा उभिएको छ ।

### ४.३ बाल दिवस कथा सङ्ग्रहको विश्लेषण

बालदिवस कथासङ्ग्रहभित्र बालदिवस, भाइटीका, एकता, साँच्चैको हिरो हो कृष्णबहादुर र कान्छी गरी जम्मा पाँचवटा कथाहरू छन् र तिनै कथाहरूको विश्लेषण यहाँ गरिएको छ ।

### ४.३.१ बाल दिवस कथाको विश्लेषण

"बालदिवस" कथा शोधका सिलसिलामा प्राप्त भएका कथाहरूको सूचीमा कथाकार कार्तिकेय घिमिरेको २०६४ मा प्रकाशित (दोस्रो संस्करण) कथा सङ्ग्रह हो (शोधनायकसँगको कुराकानीबाट प्राप्त जानकारी) । यसमा जम्मा पाँचवटा कथा छन् । यो कथा तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएको कथा हो । यस कथामा प्रकृतिको प्रलयपछि घरबार विहिन र बाबु बिहिन एउटी बालिकाको र अन्य सडक बालबालिकाको कथा प्रस्तुत छ । यस कथामा लिना भन्ने मुख्य पात्र छिन् र उनी घर ढलेपछि र बुबा मरेपछि टुहुरी र असाहय हुन पुग्छिन् र एउटा व्यक्तिले बालमन्दिरमा लगेर पढाउँछन् र पछि उनी ठूलो डाक्टर भएको कुरा यस कथाको विषयवस्तु बनेर आएको छ ।

### ४.३.२ विषयवस्तु

सडकमा फालिएका खानेकुरा खाएर बाँच्न विवश भएका बालबालिकाहरूको मानसपटलमा खेलेका कुराहरू यस कथामा विषयवस्तु बनेर आएका छन् । आफू थाहै नपाई एक्लिएको र सडकमा बस्नु पर्दा भोकभोकै बस्नु परेको पीडा लिना र रामेशको माध्यमबाट प्रस्तुत गरिएको छ । फोहरको थुप्रोमा रामेशले पाउरोटी

भेटेपछि लिनालाई पनि खान्छ्यौं भनेर सोध्छ लिनाले मलाई धेरै भोक लागेको छ त्यसैले मलाई सबै पाउरोटी दिन्छौ, भनेर सोध्छे- रामेश मलाई धेरै भोक लागेको छ । के तिमी मलाई सबै पाउरोटी दिन्छौ?" (बालदिवस, पृष्ठ १) ।

यसरी भोकले छटपटिएको लिना र रामेशको सडकको कष्टपूर्ण जीवन र पछि एउटा सरले आएर मलाई तिम्रो बुबा जत्तिकै सम्झ म तिमीलाई बालमन्दिरमा लैजान्छु र तिम्रो भविष्य सुन्दर भएको हेर्न चाहन्छु भनेको भरमा त्यो सरको पछि लागेर बालमन्दिरमा पुग्छे र त्यही लेखपढ गरेपछि एकदिन एकजना विदेशी महिला आएर म लिनालाई धर्मपुत्री बनाउँछु भन्ने प्रस्ताव राख्छिन् त्यसपछि लिना हवाइजहाज चढेर विदेशतिर लाग्छिन् ।

धेरै वर्षपछि लिना डाक्टर बनेर अस्पतालमा काम गर्न थाल्छिन्, ती सर जसले लिनालाई बाटोबाट उठाएको थियो तिनै बिरामी अस्पतालमा भेट हुन्छ र लिनाले उनलाई चिन्छिन् सरले ठूलो गुन लगाएर नै उनी डाक्टर भएको कुरा गर्दा सरले भन्छन्– "तिमीलाई थाहा छ छोरी आज बालदिवस हो । तिमी जस्ता टुहुरा टुहुरीलाई विदेशी र स्वदेशीहरूले धर्मपुत्र र धर्मपुत्री बनाएर यसैगरि डाक्टर, इन्जिनियर, पाइलट कवि, कलाकार बन्न सघाए बालदिवस मनाएको सार्थक हुन्थ्यो" (बालदिवस, पृष्ठ ५) ।

यस कथाको शीर्षक सार्थक रहेको छ । यसैको शीर्षकबाट यस कथा सङ्ग्रहको नामकरण गरिएको छ । यस कथाको कथानक विकासक्रमलाई हेर्दा यो सरल कथानक भएको कथा हो । यसको कथानक आदि, मध्य र अन्तको हरूमा विकसित भएको पाइन्छ । रामेशले पाउरोटी भेट्नु, लिनालाई खान अनुरोध गर्नु दुबै जनालाई धेरै भोक लाग्नु रामेशले लिनालाई सबै पाउरोटी दिएर आफू फोहरमा केही पाइन्छ कि भनेर खोज्न जानु त्यति नै बेला लिनाले आफ्नो विगत सम्झनु कथानक विकासको आरम्भिक भाग हो । एउटा सर आएर लिनालाई बाल मन्दिर लैजानु र त्यहाँ  विदेशी महिलाले लिनालाई धर्मपुत्री बनाइ विदेश लैजानु कथानक विकासको मध्य भाग हो । लिना डाक्टर बन्नु आफूलाई सडकबाट उठाएर लैजाने सर बिरामी भएर अस्पताल आउनु र

लिनाले सरलाई चिन्नु र सरले बाल दिवसका दिन र बालदिवसको महत्त्व बुझाउनु कथानकको विकासको अन्तिम भाग हो । यसरी प्रस्तुत कथाको कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा विकसित भएको छ ।

### ४.३.३ चरित्र चित्रण

प्रस्तुत कथाले दुईजना बालबालिकालाई र एक जना सरलाई आफ्नो कार्य पिठिका बनाएको छ । यस कथामा मुख्य पात्रका रूपमा लिना र सर आएका छन् भने अन्य सहायकमा आएका छन् । यस कथाकी लिना र रामेश एक निरिह पात्रका रूपमा शुरुमा देखा परेको भए तापनि लिना पछि डाक्टर जस्तो सम्मानित पेशा गर्न सफल हुन्छिन् र यो सफलतामा सरको ठूलो हात हुन्छ । रामेश यस कथामा शुरुमा देखा पर्छ र बिचैमा हराउँछ । यसरी एउटी अबोध बालिका एउटा सरको सहयोगले उसका भविष्य सुन्दर भएको कुरा उल्लेख गरिएको छ ।

### ४.३.४ देशकाल र वातावरण

यस कथाले वातावरणको रूपमा धैरै ठूलो स्थानलाई ओगटेको छ । यस कथाले फोहोरका थुप्राहरू, पानीको कारणले भत्केको घर, बालमन्दिरको सेरोफेरो, विदेशी जहाज र अस्पतालको वातावरणलाई चित्रण गरेको छ । फोहोरमा भेटिएको पाउरोटी मरिहत्ते गरेर खानु लिनाले आफ्नो विगत सम्झनु सरले उनको उद्धार गर्नु उनी डाक्टर बनेर सरको उपचार गर्नु यी सबै प्रकृतिका नियमका कारणहरू हुन् । यी सबै घटना लामो समयमा घटेका छन् । एकपछि अर्को घटना घट्नुका लागि विश्वसनीय वातावरणको सिर्जना भएको छ ।

### ४.३.५ भाषाशैली

बालदिवस कथा कथाकार कार्तिकेय घिमिरेको कथायात्राको दोस्रो चरणको कथा हो । यस कथाको भाषाशैली सरल रहेको छ । यस कथामा प्रकृतिको नियतिलाई सरल किसिमले प्रस्तुत गरिएको छ । यस कथाका कथाकार बालकथाकार भएकाले बालबालिकाहरूले सजिलै बुझ्न सकिने भाषाका प्रयोग

गरिएको छ । यस कथाका वाक्य गठनदेखि लिएर शब्दहरूमा पनि सरलता पाउन सकिन्छ ।

### ४.३.६ उद्देश्य

कथाकार कार्तिकेय घिमिरेले सडक बालबालिकालाई पनि उचित अवसर दिइयो भने उनीहरूले पनि महान् मान्छेले जस्तै राष्ट्रका लागि उल्लेखनीय कार्य गर्न सक्छन् समाजमा सबै मानिस खराब हुँदैनन् र असल मान्छे पनि हुन्छन् र उनीहरूको सानो सहयोगले मानिसको जिन्दगी नै परिवर्तन हुन सक्ने कुरा देखाउनु र सडकमै बसे पनि एकले अर्कोलाई आफू नखाएर पनि साथीलाई खुवाउने महानता प्रकट गरिएको छ । यस कथाको मुख्य उद्देश्य भनेको हामीले अरुलाई सहयोग गर्नुपर्छ भन्ने नै हो ।

### ४.३.७ शीर्षक सार्थकता

यस कथाको शीर्षकबाट नै यस कथा सङ्ग्रहको नामकरण गरिएकोले पनि "बालदिवस" को महत्त्व निकै रहेको छ । बालदिवसमा बालबालिकालाई ठूलो मान्छे बनाउने प्रयास गरियो भने मात्रै सच्चा बालदिवस मनाएको सार्थक हुन्छ भन्ने कुरा व्यक्त गरिएको छ । यस कथामा घटेका घटनालाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ । एउटा सरले बालदिवसमा एउटा बालिकाको उद्धार गरी जीवन परिवर्तन गरेको कुरो र अरुले बालदिवसमा यस्ता काम गर्नु पर्ने कुरा उल्लेख गरेकाले शीर्षक सार्थक रहेको छ ।

यस कथासङ्ग्रहका अन्य कथाहरूमा "भाइटीका" दोस्रो कथा हो । यस कथामा शुरुमा भाइले दिदी छुच्ची भएकीले टीका नै नलगाउने निर्णय गर्छ तर पछि डण्डीबियो खेल्दा भाइ सन्दिपको आँखाबाट भलभली रगत बग्छ र ऊ बेहोस हुन्छ त्यसपछि उसलाई अस्पतालमा भर्ना गरिन्छ । आमाले दिदीलाई तिमी सानी छ्यौ अस्पतालमा नबस भन्दा भन्दै उनी जिद्दि गरेर भाइको बेडमा भाइकै छातीमा टाउको राखेर सुतेको देख्दा भाइलाई अचम्म लाग्छ र दिदीले भाइलाई धेरै माया

गर्ने कुरा थाहा पाउँछ । त्यसपछि भाइलाई दिदीको अत्यधिक माया लाग्छ र उसले आमालाई भाइटीकाको दिन दिदीलाई मनपर्ने चीज ल्याइदिनुस् है भन्छ त्यसपछि दिदी भाइ न्यानो मायामा बाँधिन्छन् यस्तो देखेर उनीहरूकी आमा असाध्यै रमाइलो मान्छिन् र उनी सोच्छिन् सबै भाइ बहिनीले यसरी मिलेर भाइटीका मनाए कति मज्जा हुन्थ्यो ।

यसरी यस कथामा आमाले आफ्नो छोराछोरीप्रति गर्नुपर्ने कर्तव्य, दिदीभाइको प्रेम भाइटीकाको महत्त्व र अन्य व्यक्तिले पनि भाइटीकालाई एक आपसमा मिलेर रमाइलो गरेर मनाउनु पर्ने कुरालाई सरल र मिठो भाषामा व्यक्त गरिएको छ । यस कथामा जम्मा तीन पात्रहरू छन् आमा, भाइ र दिदी । यी तीन जनाको माध्यमबाट हामी सबल हुँदा एक अर्काले रिसराग गरे पनि बिरामी पर्दा आफन्तले सेवा गर्नुपर्ने र भाइटीकाको महत्त्व दर्शाउनु नै यो कथाको मुख्य उद्देश्य हो ।

यस कथा सङ्ग्रहका अन्य कथाहरूमा “एकता” तेस्रो कथा हो । यस कथामा तेस्रो पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस कथामा धेरै पात्रहरू छन् ती मध्ये शुभम् प्रमुख पात्र हो अन्य पात्रहरूमा हरि, राम, सुषमा, राधा र अन्य साथीहरू हुन् । यस कथामा शुभम्ले एकताका विषयमा स्कूलको कार्यक्रमबाट **एकता** शीर्षकको कविता लेखेर वाचन गर्दा नेपाली गुरु नै चकित पर्छन् र शुभम्लाई सोध्छन् यो कविता कसले सिकाइदियो शुभम्ले सजिलै जवाफ दिन्छन् एकताका प्रतीक पृथ्वीनारायण शाहले । यिनले “एकता” शीर्षकको अत्यन्त राम्रो कविता सुनाए पछि गुरु र अन्य साथी त खुशी भए, तर राम र हरीलाई पटक्कै मन परेन्, झन् ऊ नै प्रथम भएपछि उनीहरूको रिसको सीमा नै रहेन । त्यसैले शुभम् लाई हरि र रामले घर जाँदा एक्लै पारिदिए । शुभम् चिन्तित थियो एक्लै घर कसरी जाने भनेर । साथीहरूले उसलाई घरसम्म पुऱ्याउन थाले , उता राम र हरिलाई सुनसान जङ्गलमा दुईजना मान्छेहरूले बेस्सरी भकुरे र घडी र सिक्री थुतेर लिए । त्यति नै बेला साथीहरूको हुल राँको बालेर आएको देखी ती चोरहरू भागे । यसरी सबैको एकता भयो भने कसैले पनि आक्रमण गर्न सक्दैन

त्यसैले हामी एक हुनुपर्छ भन्ने मूल उद्देश्य बोकेको यस कथा सरल र मीठो भाषामा प्रस्तुत गरिएको छ ।

यस कथा सङ्ग्रहका अन्य कथाहरूमा "साँच्चैको हिरो हो कृष्णबहादुर" चौथो कथा हो । यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यो कथा म पात्रबाट शुरु हुन्छ र यो कथा एकादेशको नभई साँच्चिकै जीवनमा आधारित कथा हो । यस कथामा कृष्णबहादुर मुख्य पात्र छ र अन्य पात्रहरूमा म र आमा छन् । कृष्णबहादुर दश एघार वर्षको हुन्छ र ऊ जसलाई भेट्यो त्यसलाई एक दुई रुपियाँ माग्दै हिँड्छ र म पात्रसँग पनि हात फैलाउँछ । म पात्रले त्यो बालकलाई पचास रुपियाँ दिन्छ, बालकले त्यो पैसाले आमाको लागि खोकीको औषधी किनेर आमालाई लगेर ख्वाउँछ, त्यसपछि म पात्रले त्यो दृश्य लुकी लुकी हेरिरहेको हुन्छ । केटो औषधी किनेर बाँकी रहेको पैसाले आमालाई पाउरोटी किनेर ख्वाउँछ । यो देखेर म पात्र अचम्ममा पर्दछन् यत्ति सानो बालक आमाको स्याहार सम्भार गर्न सक्ने यति ठूलो दायित्व पूरा गर्न सक्ने हुनु चानचुने कुरा होइन । पछि त्यही बालक काठमाडौंको सडक गल्लीमा पत्रिका बेच्दछ ऊ हकर बनिसकेको छ र उसकी आमा पनि निको भइन् र दिनमा सय रुपियाँ कमाउने भएकी छिन् र उसको कोठाको बसाइ पनि सुध्रिएको छ । यसरी कृष्णबहादुर साँच्चैको हिरो हो । म पात्रले आफ्नो छोरालाई भन्ने गर्छ– "बाबु, आज साँच्चिकै हिरोलाई भेटेर आएँ ।" म पात्रको छोरो को बा, राजेश हमाल भनेर प्रश्न गर्छ म पात्र भन्छ "होइन छोरा कृष्णबहादुर । ऊ चलचित्रको होइन वास्तविक जीवनको हिरो हो (बालदिवस, पृ. १८) ।

यसरी एउटा सानो अबोध बालकले आमाप्रतिको स्नेह र कर्तव्य पूरा गरेको कुरालाई कार्तिकेय घिमिरेले मिठो र सरल भाषामा व्यक्त गरेका छन् र सबैले आ-आफ्ना स्थानबाट आफ्नो कर्तव्य पूरा गर्नु पर्ने सन्देश कृष्ण बहादुरको माध्यमबाट व्यक्त गरेका छन् । साँच्चिकैको हिरो हुनलाई राम्रो काम गर्नुपर्छ भन्ने कुरा पनि यस कथाले प्रष्ट पारेको छ । यस कथाको मुख्य उद्देश्य भनेको हरेक व्यक्तिले आफ्नो

कर्तव्य पूरा गर्नुपर्छ भन्ने नै हो । म पात्रले बालकलाई सहयोग गर्नु, बालकले त्यो पैसा सही ठाउँमा उपयोग गर्नु पछि उसको आर्थिक अवस्था सुधार हुनु नै यो कथाको मूल भाव हो ।

**बालदिवस** कथासङ्ग्रहको अन्य कथाहरूमा "कान्छी" अन्तिम अथवा पाँचौ कथा हो । यस कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसमा मुख्य पात्र कृष्ण हो र अन्य पात्रहरूमा कृष्णकी बहिनी, सडक बालिका, एउटा अधबैंसे लोग्ने मानिस र पुलिस रहेका छन् । यसको वातावरण सडक, तिहारको रमझम र पशुपतिको सार्वजनिक शौचालयलाई लिइएको छ । कृष्णले तिहारको रमझममा आफ्नी बहिनी जस्तै सडक बालिका देख्छ र उसको मनमा त्यो बालिकाप्रति निकै दया लाग्छ र दिनभरी नै त्यो केटीको याद आउँछ । अचानक पशुपतिको शौचालयमा त्यो बालिका भेट हुँदा उसको मन हर्षले गद्गद् हुन्छ, तर त्यति नै बेला एउटा अधबैंशेले त्यो बालिकालाई केही भनिरहेको देखेर कृष्ण नजिकै गएर वास्तविकता बुझ्छ त्यसपछि पुलिसलाई खबर गरेर त्यो अधबैंसेलाई पक्रन लगाई आफू ती बालिकालाई लिई घर जान्छन् र भाइटीकाको दिन आफ्नी बहिनी र ती बालिका दुबैसँग टीका लगाइ रमाइलो गर्छन् र ती बालिका अत्यन्त हर्षित हुन्छिन् र उनले कृष्णलाई दाइ बनाएर टीका लगाए जस्तै अरु दाजुभाइले पनि सडकमा बसेका कान्छीलाई बहिनी बनाएर टीका लगाए कति राम्रो हुन्थ्यो भनेर कल्पना गर्छिन् । यसरी समाजमा कतिपय व्यक्तिहरू कान्छीलाई दुःख दिन उद्धत हुन्छन् भने कतिपयले आफ्नै बहिनी सरह समान व्यवहार पनि गरेका हुन्छन्  भन्ने कुरा सरल, सरस र मीठो भाषा शैलीमा व्यक्त गरिएको छ । यस कथाको मुख्य उद्देश्य भनेको हामीले अरुलाई सेवा र सहयोग गर्नुपर्छ अप्ठ्यारोमा परेकाको उद्धार गर्नुपर्छ भन्ने नै हो । सबैको चाड तिहारमा सबैलाई रमाइलो गर्नुपर्छ आफ्नो र अर्काको दुःख सुख एउटै सम्झनु पर्छ भन्ने नै यो कथाको मूल भाव हो । कार्तिकेय घिमिरे बाल साहित्यकार हुनाले उनले बालदिवसको  अवसरमा बालबालिकाको कुनै न कुनै रूपमा उद्धार गर्नुपर्छ भन्ने कुरा यस कथासङ्ग्रहको माध्यमबाट व्यक्त गरेका छन् ।

### ४.३.८ निष्कर्ष

प्रस्तुत सङ्ग्रहमा बालबालिकाले देखेभोगेका स-साना विषयवस्तुमा कथा गुथिएका छन् । आफ्नै स्तर सुहाउँदो र आफू वरिपरिका वातावरण तथा जीवनसँग सम्बन्धित भएकाले यी कथाहरू बालपाठकका लागि निकै रूचिपूर्ण छन् ।

## ४.४ छिः कस्तो नराम्रो हिरो कथा सङ्ग्रहको विश्लेषण

"छिः कस्तो नराम्रो हिरो" शोधको सिलसिलामा प्राप्त भएको कथाहरूको सूचीमा कथाकार कार्तिकेय घिमिरेको २०६४ मा प्रकाशित कथाकृति हो (शोधनायकबाट प्राप्त जानकारी अनुसार) यस कथासङ्ग्रहमा जम्मा पाँच वटा कथाहरू सङ्ग्रहित छन् । त्यसमध्ये "छिः कस्तो नराम्रो हिरो" पनि एउटा कथा नै हो यसै कथाको नामबाट कथा सङ्ग्रहको नामकरण गरिएको छ । स्कूलका बालबालिकाले सिनेमा हेरेपछि हिरोले थुप्रै गुण्डाहरूलाई गोली ठोकेर मारेकोले बन्दना भन्ने पात्रलाई सिनेमा नै मन पर्दैन । "छिः कस्तो नराम्रो हिरो" भन्न पुग्छिन् । यो कथासङ्ग्रहको दोस्रो कथा हो ।

### ४.४.१ विषयवस्तु

सिनेमा हेर्न पुगेका दाजु बहिनी मध्ये दाजुलाई सिनेमा अत्यन्त मनपर्छ र बहिनी बन्दनालाई फिटिक्कै मन पर्दैन त्यसैले उनका मनमा खेलेका कुराहरू यस कथामा विषयवस्तु बनेर आएका छन् । यति नराम्रो सिनेमालाई किन सबैले मन पराएका होलान् भनि बन्दनाको मनमा अनेक किसिमका तर्क वितर्क उठेका छन् । उनी स्कूल जाँदा पनि त्यही कुरा मनमा खेलाउँछिन् । "सिनेमामा हिरो हिरोइनको मित्रता, बुबाआमाको माया सबै कुरा मन परे पनि उनलाई हिरोले थुप्रै गुण्डाहरूलाई गोली ठोकेर मारेको र त्यही हिरोलाई सबैले धन्यवाद दिएको कुरा भने पटक्कै (छिः कस्तो नराम्रो हिरो : पृष्ठ ७) मन नपर्नु नै यसको विषयवस्तु हो । उनले स्कूलमा पनि हिरो र गुण्डाको कुरा गरेपछि सरले पनि सकारात्मक प्रतिक्रिया दिएपछि बन्दनाको मनोवल बढ्छ र उनले स्कूलको अफिसमा गएर हिरोलाई फोन

गरेर हिंसा हुने सिनेमामा नखेल्नु है भनेपछि र हिरोले पनि बिनम्रपूर्वक हुन्छ भनेपछि बन्दना निकै खुशी हुन्छिन् । यस कथाको कथानक विकासक्रमलाई हेर्दा यो सरल कथानक भएको कथा हो । यसको कथानक आदि, मध्य र अन्तको रूपमा विकसित भएको पाइन्छ । दाजु बहिनी सिनेमा हेर्न जानु दाजुलाई सिनेमा असाध्यै मन पर्नु त्यसको विपरित बहिनीलाई हिरोले गुण्डालाई र चोरलाई गोली हानेर मारेकोले पटक्कै मन नपर्नु कथानक विकासको आरम्भिक भाग हो । सिनेमाको कुरा मात्रै बन्दनाको मनमा खेली रहनु उसले दर्शकलाई किन यो सिनेमा मन पराएका होलान् भनेर खिन्न हुनु स्कूलमा पनि त्यही कुरा सोच्नु कथानकको विकासको मध्य भाग हो । स्कूलमा हिरो र गुण्डाको कुरा गरेपछि सरले पनि यस विषयमा चासो राखेर सकारात्मक सल्लाह दिएर बन्दनाले फोन गरी हिरोलाई सचेत बनाउनु र हिरोले पनि स्वीकार गर्नु कथानक विकासको अन्तिम भाग हो । यसरी प्रस्तुत कथाको कथानक आदि मध्य र अन्त्यको श्रृङ्खलामा विकसित भएको छ ।

### ४.४.२ चरित्र चित्रण

छिः कस्तो नराम्रो हिरोको पात्र संयोजनलाई हेर्ने हो भने यहाँ पात्र संयोजन सटिक रहेको देखिन्छ । बन्दना, दाजु, सर र हिरो यस कथाका पात्र भए तापनि यस कथाका प्रमुख पात्रका रूपमा बन्दना नै आएकी छन् र अन्य पात्र सहायक पात्रका रूपमा आएका छन् । यस कथालाई बन्दना भन्ने पात्रले हेरेको सिनेमाको घटनालाई सुरुदेखि अन्त्यसम्म प्रस्तुत गरिएको छ । समग्रमा यो कथा बन्दनामा केन्द्रित भएकोले बन्दना पात्र यहाँ विश्लेषण कर्ताका रूपमा आएको छ ।

### ४.४.३ देशकाल र वातावरण

यस कथाले हिंसा भन्ने कुरा साना बालबालिकालाई पनि मन पर्दैन र उनीहरू यसको विरोधमा उत्रन्छन् भन्ने कुरा सिनेमाको माध्यमबाट प्रस्तुत गरिएको छ । देशमा हत्या हिंसा बढेको बेलामा सिनेमाको माध्यमबाट हत्या, हिंसा गर्ने भन्दा

त्यसलाई माया ममताबाट निरुत्साहित गर्नुपर्छ भन्ने कुरा देखाउन खोजिएको छ । समाजमा हुने गुण्डागर्दी, अन्याय, अत्याचार र त्यसको विरोधमा उत्रनु पर्ने यथार्थलाई बन्दनाको माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ४.४.४ भाषाशैली

यस कथामा बालकहरूको सोचाइ र दृष्टिकोणलाई जीवन भोगाइका हरेक प्रसङ्गलाई सरल र मिठो भाषाशैलीमा प्रस्तुत गरिएको छ । कथाकार कार्तिकेय घिमिरे बालकथाकार हुनाले उनले बालकहरूले बुझ्ने सरल भाषा शैलीको प्रयोग गरेका छन् ।

### ४.४.५ उद्देश्य

कथाकार कार्तिकेय घिमिरेले यस कथामा बच्चाहरूले हेरेको सिनेमाको नकारात्मक प्रभावलाई उजागर गरी अहिंसालाई महत्त्व दिनुपर्छ भन्ने कुरा देखाउन खोजेका छन् । यसका साथै समाजमा विद्यमान अवस्थामा रहेका विकृतिहरूको निराकरण गर्ने प्रयास गर्नु यस कथाको मुख्य उद्देश्य रहेको छ ।

### ४.४.६ शीर्षक सार्थकता

'छिः कस्तो नराम्रो हिरो' कथाले हिरोले गुण्डा र चोरलाई मारेको हुनाले हिरो नराम्रो भएको हो । हिरो भएपछि राम्रो काम गर्नु पर्थ्यो चोरलाई र गुन्डालाई अन्य तरिकाबाट सही बाटोमा ल्याउनु पर्थ्यो अनि मात्र त्यो राम्रो हिरो हुन्थ्यो । चोर र गुन्डाले जस्तै हत्या गरेपछि हिरो पनि ती चोर जस्तै भयो त्यसैले छिः कस्तो नराम्रो हिरो भनेर हिरोलाई नै नकारात्मक रूपमा हेरिएकाले शीर्षक सार्थक छ । यस कथाको शीर्षक सोझो रूपमा नै सार्थक देखिन्छ । एउटी बालिकाले सिनेमा हेरिसकेपछि हिरोले पनि हत्या, हिंसा गरेको कुरा मन नपरेकोले हिरो राम्रो हुनु पर्थ्यो भन्ने कुरा प्रष्ट्याइएको छ । तसर्थ यस कथाको शीर्षक प्रत्यक्ष रूपमा नै सार्थक देखिन्छ ।

यस कथासङ्ग्रहका अन्य कथाहरूमा "लौ भाइ हरायो" पहिलो कथा हो । यस कथाको विषयवस्तु भनेको सडकमा धेरै बालबालिका हुनु, तिनीहरू पत्रिका बेच्ने काम गर्नु, ती बालबालिकाहरूमा माया, ममता र स्नेहको भावना रहनु, एउटा सानो केटो (सुमन भाइ) एक दिन हराउनु सबै साथी मिलेर उसको सबैतिर खोजी हुनु, पुलिसले पनि उनीहरूको साथ दिनु, अन्तमा बच्चाहरू अपहरण गरी मृगौला बेच्ने गिरोह समातिनु नै यस कथाको विषयवस्तु हो । यस कथाको उद्देश्य भनेको सबै जना मिल्यौँ भने हामी जे पनि गर्न सक्छौँ यसैले हामी सम्पूर्ण मानिसहरू मिल्नुपर्छ भन्ने नै हो । यस कथामा धेरै पात्रहरूको संयोजन गरिएको छ । यस कथाको मुख्य पात्र सुमन भाइ हो ऊ सानो अथवा नौ वर्षको मात्रै भएकोले उसलाई सबैले सुमन भाइ भन्छन् । उसैको नामबाट यो कथाको नामाकरण गरिएको छ । "लौ भाइ हरायो" (छिः कस्तो नराम्रो हिरो, पृ. १) । अन्य पात्रहरूमा नाइके, समिर छ भने रोहन, विकास, हरि, राम, प्रहरीहरू, कालो मान्छे, कुइरे, भुसतिघ्रेहरू आदि छन् । उनीहरूकै सेरोफेरोमा यो कथा घुमेको छ । यस कथाको देशकाल वातावरण भने काठमाडौंको सडक र काठमाडौंकै विभिन्न ठाउँहरू रहेका छन् । जस्तै, कालीमाटी, ताहाचल, असन, इन्द्रचोक, बसन्तपुर, विष्णुमती पुलको सेरोफेरोलाई लिइएको छ । यस कथाको भाषा सरल छ । कार्तिकेय घिमिरे बालसाहित्यकार हुनाले बालबालिकाले सजिलै बुझ्न सक्ने भाषाको प्रयोग गरेका छन् । यो कथाको शीर्षक पनि सार्थक छ । सबैले सुमनलाई भाइ भन्नु त्यही भाइ एकदिन अचानक हराउनु र सबैले त्यतिबेला लौ भाइ हरायो भन्नु नै शीर्षक सार्थक हो । यसरी यस कथामा साना साना बालबालिकाले एकजुट भएर अगाडि बढ्ने हो भने ठूलो ठूलो गिरोहलाई पक्रन सक्छौँ भन्ने कुरा देखाइएको छ ।

यस कथा सङ्ग्रहको अन्य कथामा "ताली बजाउनुस है" तेस्रो कथा हो । यस कथामा एउटा लङ्गडो केटाको मनमा लागेका कुराहरू व्यक्त गरिएको छ । बालबालिकाहरू प्रतिस्पर्धामा भाग लिन पाउँदा र त्यसमा पनि प्रथम र द्वितीय भएर

पुरस्कार पाउँदा अत्यधिक खुशी हुन्छन् र बच्चाको अवस्था अनुसार हरेक बालबालिकालाई खेलमा सहभागी बनाउनुपर्छ भन्ने नै यो कथाको विषयवस्तु हो ।

लङ्गडालाई पनि खेल्ने इच्छा हुन्छ । उसले पनि खेल्न पाउनु पर्छ, अन्यथा उसको पनि चित्त दुख्छ भन्ने कुरालाई बुझेर सबै शिक्षकहरूले सबै विद्यार्थीलाई समान सहभागी बनाइ उनीहरूलाई खुशी दिलाउनु पर्छ भन्ने नै यो कथाको उद्देश्य हो । यो कथा सरल कथानक भएको कथा हो । यस कथामा कुनै एउटा विद्यालयको वातावरणलाई प्रस्तुत गरिएको छ । यस कथामा पात्रहरू अत्यन्त न्यून छन् । यस कथाको मुख्य पात्र सुवास हो । ऊ लङ्गडोको रूपमा चित्रित छ अन्य पात्रहरूमा रमेश हो भने श्याम सर पनि सहायक पात्रका रूपमा देखिन्छन् । यस कथाको शीर्षक पनि सार्थक छ रमेशले पुरस्कार पाउँदा सबैले ताली बजाएको सुवासले हेरिरहेको थियो (छिः कस्तो नराम्रो हिरो, पृष्ठ १०) भनेर कथाको शुरुवात गर्नु र कल्पनामा हराउँदा हराउँदै सुवासको मुखबाट प्याच्च बोली निस्कियो– "सर ताली बजाउनुस् है" (छिः कस्तो नराम्रो हिरो, पृष्ठ १२) भनेर कथाको अन्त्य हुनु शीर्षक सार्थक हुनु हो ।

यस कथासङ्ग्रहको अर्को कथा "धरहरा चढ्दाको मज्जा" चौथो कथा हो । एउटा बालगृहका बालबालिकाहरू धरहरा चढ्नका लागि आतुर देखिन्छन् । उनीहरू मिसको प्रतिक्षामा हुन्छन् जब मिस आउनुहुन्छ त्यसपछि बालगृहका सबै विद्यार्थी खुशीले उफ्रिन्छन् र विद्यार्थीका उमेर मिल्ने टोली बनाइ धरहरा पुग्नु र त्यससँग सम्बन्धित प्रश्नहरू गर्नु, धरहरा चढ्दा निकै रमाइलो हुनु नै यस कथाको विषयवस्तु हो । बालगृहका बालबालिकालाई नयाँ ठाउँको भ्रमण गराई त्यहाँबाट आनन्द लिनु, बच्चा खुशी गराउनु उनीहरूको कौतूहलता पूरा गर्नु र धरहरा जस्तो ठाउँको विषय पहिचान गराउनुमा यो कथा केन्द्रित छ । यस कथामा कार्तिकेय घिमिरेले धेरै पात्रहरूको संयोजन गरेका छन् । यस कथाका मुख्य पात्र यमुना दिदी हुन् भने अन्य पात्रहरूमा सरिता दिदी, मनिषा, बिसु, सुमन, सुवास, पालेदाइ र अन्य बालबालिकाहरू रहेका छन् । यस कथामा टोली नाइकेका रूपमा विसु र मनिषा

रहेका छन् । उनीहरूको नेतृत्वमा सबै बालबालिकाहरू धरहरा पुग्छन् । यो कथामा धेरै पात्रहरू रहेता पनि पात्र संयोजन मिलेको देखिन्छ । यस कथाका सबै पात्रहरूले आ-आफ्नो कर्तव्य पूरा गरेको देखिन्छ । यस कथाले आफ्नो वातावरणको रूपमा धेरै ठूलो क्षेत्रलाई ओगटेको छैन । कीर्तिपुर, बल्खु, कालीमाटी, त्रिपुरेश्वर र सुन्धारालाई लिइएको छ । यी ठाउँहरू घुमेर विद्यार्थीले लिएको अपार खुशीलाई यहाँ प्रस्तुत गरिएको छ । यिनै बालबालिकाहरूका मनमा उठेका प्रश्नहरूका उत्तरमा यो कथा सीमित रहेको छ । यसैलाई वातावरणका रूपमा लिइएको छ ।

कथाकार घिमिरेले यस कथामा सरल भाषाशैलीको प्रयोग गरेका छन् । कथाकारले कथावस्तुको संयोजन गर्न पद-पदावली र वाक्य गठनमा विशेष ध्यान पुऱ्याएका छन् । कथा केही बालमनोवैज्ञानिक विषयवस्तुमा आधारित भए तापनि यस कथाको भाषाशैली सरल र सहज रहेको पाइन्छ । यस कथामा सरल शब्दको प्रयोग गरिएकाले भाषाशैली सुबोध्य बन्न पुगेको छ । यस कथाको मुख्य उद्देश्य भनेको बालबालिकालाई विभिन्न ठाउँको भ्रमण गराई त्यो ठाउँ सम्बन्धी जानकारी गराउनु रहेको छ । यस कथाको शीर्षक सार्थक रहेको छ । कथाको शीर्षक र कथानक बीच प्रत्यक्ष सम्बन्ध रहेका कारण यस कथाको शीर्षक पनि सार्थक देखिन्छ ।

"आमाको माया" कथा शोधका सिलसिलामा प्राप्त भएका सामग्रीका आधारमा कथाकार कार्तिकेय घिमिरेको कथासङ्ग्रह "छिः कस्तो नराम्रो हिरो" मा प्रकाशित अन्तिम कथा हो । यो कथा प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको छ । आमाको माया हरेक छोराछोरीलाई कति धेरै हुन्छ भन्ने कुरा "म" पात्रबाट व्यक्त गराई यसैलाई विषयवस्तु बनाइएको छ । आमाको लागि छोराछोरी अत्यन्त ठूला सम्पत्ति हुनु । छोराछोरी अथवा आफ्नो सम्पत्ति बिग्रेला कि भन्ने डर उनलाई सँधै हुन्छ र उनी आफ्ना सन्तान नबिग्रिऊन भन्ने चाहन्छिन् र आमालाई खुशी बनाउनु नै छोराछोरीको कर्तव्य हो भन्ने कुरा नै यस कथाको

विषयवस्तु हो । आमाले हामीलाई गाली गरेर होस, पिटेर होस् आमाले सही मार्गमा ल्याउने प्रयास गर्छिन् र हामीले पनि त्यो प्रयासलाई सकारात्मक रूपमा लिनुपर्छ उनले जत्तिकै हामीले पनि माया गर्नुपर्छ भन्ने कुरा नै यस कथाको विषयवस्तु हो । यस कथामा अत्यन्त थोरै पात्रहरू छन् । म पात्र नै यस कथाको मुख्य पात्र हो । ऊ शुरुमा विग्रन लागेको हुन्छ र आमाको रुवाइले उसको मन पग्लन्छ र ऊ सही मार्गमा आउँछ र केही नराम्रो काम गर्न लाग्दा उसले आमाले 'छोरा' भनेको सम्झन्छ र ऊ नराम्रो कामबाट सँधै पछि हट्छ । यो उसको आमाप्रतिको अगाढ प्रेम हो । अर्को सहायक पात्र आमा हुन्, यी दुई पात्रको सेरोफेरोमा यो कथा विकसित भएको छ । यस कथाले आफ्नो वातावरणको रूपमा धेरै ठूलो क्षेत्रलाई ओगटेको छैन । 'म' पात्र र आमाका बीचमा घटेका घटनाहरू नै यस कथाका वातावरण र परिवेश बनेर आएका छन् । यो कथाको भाषाशैली सरल रहेको छ । यस कथामा सीमित पात्रको संयोजन गरिएको छ । यस कथाको मुख्य उद्देश्य भनेको आमाको मायाको महत्व छोराछोरीप्रतिको कर्तव्य र छोराछोरीले पनि गर्नु पर्ने आमाबुबाप्रतिको कर्तव्य  र माया रहेको छ । यस कथाको शीर्षक पनि सार्थक रहेको छ । आमाको माया शीर्षक राखिनु र आमाप्रतिको माया दर्शाउनुले शीर्षक सार्थक भएको कुरा पुष्टि हुन्छ ।

बाल साहित्यकार कार्तिकेय घिमिरेले धेरै कथा सङ्ग्रहहरू प्रकाशित गरेका भए तापनि सबै कथासङ्ग्रहका विश्लेषण गर्न सम्भव नभएकोले यिनै तीन कथा सङ्ग्रह (भ्यागुताको प्रजातन्त्र, बालदिवस र छिः कस्तो नराम्रो हिरो) को विशेष महत्व भएकाले यी तीन कथा सङ्ग्रहको मात्र विश्लेषण गरिएको हो ।

## ४.५ निष्कर्ष

यस बालकथा सङ्ग्रहमा बालकहरूले नयाँ शैली र स्वाद चाख्न पाएका छन् । र उनीहरूलाई निकै मनोरञ्जन पनि प्राप्त भएको छ । यसरी यस कथासङ्ग्रहले नेपाली बालकथा क्षेत्रलाई अझ धनी र समृद्ध तुल्याएको छ ।

### पाँचौं परिच्छेद

# उपसंहार

कार्तिकेय घिमिरे (२०३३) बालकथाकार हुन् । उनले बालकथा, कविता, कथा उपन्यास, चित्रकथा लगायत नेपाली बालसाहित्यका सबैजसो विधामा कलम चलाएका छन् । उनका २३ वटा बालकथा सङ्ग्रह, एउटा कथासङ्ग्रह, दुईवटा अङ्ग्रेजी कथासङ्ग्रह, एउटा कविता सङ्ग्रह र तीनवटा बाल उपन्यास प्रकाशित भएका छन् । उनले साहित्य लेखनको शुभारम्भ विद्यालयस्तरबाटै शुरु गरेका थिए । यसको परिणामस्वरूप आज उनी स्थापित साहित्यकार बन्न पुगेका छन् । साहित्यका विविध विधामा कलम चलाएका भएतापनि उनी विशेष गरी कथाकार नै हुन् । शिक्षित, सभ्य, हँसिलो, आकर्षक व्यक्तित्वका धनी घिमिरे बाहिरी रूपमा मात्रै नभएर भित्री रूपमा पनि प्रतिभाशाली छन् । उनको प्रतिभाको उचित रूपले कदर भएको पाइन्छ । युवा अवस्थामै विभिन्न पुरस्कारबाट पुरस्कृत हुनु उनको योगदानको कदर गरिनु हो । बाल्यअवस्थामै उनी धेरै पुस्तकहरू पढ्ने गर्थे । नयाँ नयाँ पुस्तक खोजी खोजी पढ्नु उनको विशेषता नै थियो । यही विशेषताले गर्दा उनले राम्रा र उत्कृष्ट कथाहरू लेख्न सके । उनका कथाहरू समाजका ऐना हुन् । आजका युगमा बालबालिकाको अवस्था, उनीहरूको रुची, द्वन्द्व पीडित बालकको मनोवृत्ति, बालअधिकार र शिक्षालाई विशेष जोड दिएर उनले कथा लेखेका छन् । उनका कथाले समाजको यथार्थ चित्रण गरेको पाइन्छ । सामाजिक परिवेशमा आधारित भएर कथा लेख्नु उनको  मौलिक पन हो । शुरुमा उनले भनेजति पुस्तक किनेर पढ्न नपाएको पीडाले गर्दा उनी अहिले पढ्न चाहने बालबालिकाहरूलाई कथाको किताबहरू सित्तैमा बाँढ्दै हिड्छन् । त्यतिमात्रै नभएर उनले पत्रकारिता क्षेत्रमा रहेर बालबालिकालाई सहयोग गर्दै आएका छन् । विभिन्न किसिमका पुरस्कारको स्थापना  गरी ती पुरस्कारको माध्यमबाट प्रतिभाशाली,

जेहनदार बालबालिकालाई प्रोत्साहित गर्नु उनको शोख नै भएको छ । लेखन कार्यमा मात्र सीमित नभएर उनले पत्रकारिता क्षेत्रमा पनि उल्लेखनीय योगदान दिएका छन् । विभिन्न संघ-संस्थामा आवद्ध रहेर पनि उनले बालबालिकाको हकलाई सुरक्षित गरेका छन् । बालसाहित्यमा कलम चलाउने युवा प्रतिभाहरूलाई भेट्नु सुखद क्षण हो, त्यसमा पनि उनकै विषयमा शोध गर्न पाउनु उनलाई चिन्ने सुवर्ण अवसर नै हो । युवा कवि कार्तिकेय घिमिरेद्धारा लिखित बालकथाका नयाँ कोसेलीहरू निरन्तर रूपमा आइरहेकाछन् । बालबालिकालाई कथा कति मन पर्छ भन्ने कुरा आमा, हजुरआमाहरूबाट सुनेका कथाले बालजीवनमा पार्ने गरेको प्रभावबाट छर्लङ्ग हुन्छ । त्यसैले पनि बाल कथा लेखिरहनु पर्छ उनका बालकथाहरूले यस दिशामा एउटा राम्रो प्रयासको थालनी गरेको छ ।

पत्रपत्रिकामा प्रकाशित भएर संगेलिएका सङ्ग्रहका बालकथाहरू कुनैलाई सामाजिक विषयलाई टिपेका छन् भने कुनैले लोककथा तथा जनश्रुतिका आधारमा पनि कथा लेखेका छन् र कुनै चाहिँ वाह्य भाषाका कथाबाट प्रभावित पनि देखिन्छन् । कथाहरू केही काल्पनिक छन् र केही यथार्थपरक छन् । केही कथाले संस्मरणात्मक छनक पनि दिएको पाइन्छ । उनका कथाले चुट्किलोपन र आफ्नै किसिमको स्वाद दिन खोजेका छन् ।

वर्तमान अवस्थामा बालकथा निकै अघि लम्किसकेको छ । त्यस परिप्रेक्ष्यमा बालकथाकार घिमिरेले कथालाई अझै प्रभावकारी बनाएर नवीनता दिन साधनारत भैरहनुपर्छ । उनका कथाहरू त्यसतर्फ उन्मुख छन् र बालबालिकाको चरित्र तथा नैतिकतामा बल दिने कथात्मकता तिनमा छ । अन्धविश्वासको जालोलाई हटाउने, नराम्रा काम कुराको परिणाम राम्रो नहुने, आफ्नो गाउँठाउँलाई भुल्न नहुने, बाटो बिराउँदा ठक्कर लाग्ने आदि सन्देश उनका कथामा पाइन्छन् । यी कुरा सम्बद्ध बालकथाका सकारात्मक पक्ष नै हुन् । नेपाली बालसाहित्यको फूलबारीमा नयाँ फूल फुलाउन चाहने बालकथाकार कार्तिकेय घिमिरेका प्रयासले सार्थकता पाइरहने छ ।

कथानकलाई पुरातन कथानक तत्वका आधारमा भन्दा प्रयोगशील ढङ्गबाट हेरिनु बढी उपयुक्त हुन्छ । चरित्र चित्रणमा समाजका निम्नस्तरका व्यक्तिहरूको चित्रणमा बढी ध्यान पुऱ्याउनु र उनका कथाका पात्रहरू एउटै आर्थिक अवस्थाबाट पिरोलिएको वा बाँचेका हुनु उनको विशेषता हो । दृष्टिविन्दुमा विविधता पाइनु र प्रयोगका रूपमा अपनाइएको प्रथम पुरुष र द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोगले उनका कथाको नौलो प्रयोगको छनक देखिन्छ ।

भाषाशैलीगत दृष्टिबाट हेर्दा घिमिरेका परिष्कृत र परिमार्जित भाषाशैली छ । उनका कथाका भाषा पूर्वेली भाषिकाको प्रयोग केही मात्रामा भएको छ । आगन्तुक, अंग्रेजी, हिन्दी भाषाका शब्दहरूको साथै तत्सम र आगन्तुक शब्दहरूको पनि कही कतै प्रयोग देखिन्छ ।

घिमिरेले पाठकलाई भ्रम उत्पन्न गर्ने किसिमका घटनाहरू सृजना गरी पाठकलाई कौतूहल गराउने काम उनका कथामा गरेका छन् ।

विद्यार्थी जीवनबाट नै विद्यालयका गुरुहरूबाट लेखनको प्रेरणा पाएर साहित्यमा प्रवेश गरेका घिमिरेको वि.सं. २०५३ साल कार्तिक-मङ्सिर महिनाको 'रचना' साहित्यिक द्वैमासिक पत्रिकामा "कथा एउटा जीवनको" शीर्षक कविता मार्फत् उनी यस क्षेत्रमा प्रवेश गरेका हुन् । कथा क्षेत्रको कुरा गर्दा वि.सं. २०५४ को वैशाख महिनाको 'मधुपर्क' मासिक साहित्यिक पत्रिकामा "भोकबन्द" शीर्षकको लघुकथा नै कार्तिकेय घिमिरेको राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित प्रथम कथा हो । यसरी घिमिरेले कथा, उपन्यास र कविता क्षेत्रमा कलम चलाएका भए पनि उनको कथाकारिता क्षेत्र नै बढी मौलाएको देखिन्छ । उनले "भ्यागुताको प्रजातन्त्र" कथाको माध्यमबाट समाजमा विद्यमान असमानता र टाठाबाठाले मात्र फाइदा लिन खोज्ने प्रवृत्ति केलाउँदै एउटा नाइकेले कसरी सही र अडिग धरातल निर्माण गरी त्यसमा अटल रहेर देश र जनताको हित गर्न सक्छ भन्ने भावनालाई प्रकट गरिएको छ । यस खालका विषयको माध्यमबाट उनी बालबालिकाहरूलाई समाजमा सबैको अस्तित्व स्वीकार गर्दै सबै प्रति समान

व्यवहार र सद्भाव कायम गरी अघि बढ्नुपर्छ भन्ने सन्देश दिन चाहन्छन् । त्यसैगरी **बालदिवस** कथा सङ्ग्रहका माध्यमबाट उनले बालअधिकार र बालहकहितलाई बढि महत्व दिएका छन् । बालदिवसको अवसर पारेर उनीहरूको भविष्य उज्ज्वल हुने किसिमका कार्यक्रमहरू दिन सक्यौं भने उनीहरूले राष्ट्रलाई उल्लेखनीय योगदान दिन सक्छन् भन्ने कुरा बालदिवस कथा सङ्ग्रहका माध्यमबाट व्यक्त गरेका छन् । त्यस्तै **छिः कस्तो नराम्रो हिरो** कथा सङ्ग्रहबाट हामीले राम्रो काम गर्नेलाई मात्र महत्व दिनुपर्छ, हत्या, हिंसालाई प्राथमिकता दिनु हुँदैन चाहे त्यो हिरो होस् चाहे गुण्डा नै किन नहोस् नराम्रो काम गरेको भए तापनि त्यसलाई मार्नु नै हुन्न उसलाई सही मार्गमा ल्याएरै छोड्नुपर्छ भन्ने नै यो कथाको मूल सन्देश हो । त्यसैगरी **चङ्गा चेट** पनि उनको एउटा बालकथा सङ्ग्रह हो र यसमा युद्धको परिवेशमा दुःख पाएका बालकको कथा यहाँ प्रस्तुत गरिएको छ । साथै यी कथाहरूले बालबालिकाहरूको मनको कुरा बोली रहेका छन् र उनले आफ्ना कथाहरूमा बालबालिकाहरूलाई रमाउने मौका दिएका छन् ।

उनका बालकथाहरूले सामाजिक, पारिवारिक, पौराणिक विषयका साथै सांस्कृतिक विषयले बालबालिकालाई शिक्षा, मनोरञ्जन, नैतिक सन्देश दिनुका साथै मानवीय असल धारणाहरूको विकास गराउने उद्देश्य राखेका छन् । कार्तिकेय घिमिरेका बालकथाहरूमा समावेश गरिएका चित्रहरूले कथालाई झनै रोचक तथा स्पष्ट बनाएका छन् । उनका बालकथाहरूमा प्रयुक्त भाषा सरल सहज तथा सम्प्रेष्य नै रहेको छ भने ठाउँठाउँमा प्रयोग हुने शब्दहरूको विन्यासले भाषामा सरलता र स्वाभाविकता निर्माण गरेका छन् । उनका बालकथाहरूमा प्रयोग भएका नि, त, रे, है, ब्यारे, क्यारे जस्ता निपात तथा गद्गद्, ढुक्क, एक्कासि, ढुक्ढुक्, भुल्भुल्, गमक्क, दङ्ग जस्ता अनुकरणात्मक शब्दको प्रयोगले भाषामा आवश्यक मिठास थपेका छन् ।

साहित्य अभिव्यक्ति हो र मान्छेका आँसु, हाँसो, चित्कार, रोदन र मुस्कानको संगम हो भन्ने धारणा घिमिरेको रहेको पाइन्छ । उनका रचना छोटा

र सरल रहेको पाइन्छ । सरल भाषाको प्रयोगका कारण उनका रचनाहरू मार्मिक बन्न पुगेका छन् । आफ्ना सिर्जनामा देखेका, भोगेका, सुनेका कुरालाई यथार्थपरक ढंगले इमान्दारीपूर्वक प्रयोग गरी यथार्थको चित्रण गर्ने भएकोले उनलाई सामाजिक, यथार्थवादी साहित्यकारका रूपमा लिन सकिन्छ । नेपाल बाल साहित्यका क्षेत्रमा उनले पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ । जीवन आगाका लप्काहरूको बीचको संघर्षपूर्ण यात्रा हो भन्ने केही न्युन बालसाहित्यकारहरूको पङ्क्तिमा आफ्नो नाम सफलतापूर्वक अङ्कित गर्न सक्षम कार्तिकेय घिमिरेको कविता, कथा, उपन्यास, चित्रकथा, तथा बालसाहित्यमा पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ । आफ्नो बाल्यकालको युवा अवस्थाबाटै साहित्य साधनामा तल्लीन घिमिरेले बालसाहित्यको अभावमात्र पूर्ति गरेका छैनन् आफ्ना रचनामार्फत् मूल्यहरूको सम्प्रेषण गरी प्रतिस्पर्धात्मक साहित्यिक युगमा पनि आफूलाई उच्च दर्जाको गहकिलो स्थानमा सुरक्षित उभ्याएका छन् । रचनाहरूबाट प्राप्त बालअधिकार, जीवनदर्शन, बालशिक्षा तथा मनोरञ्जनजस्ता विषयलाई सौन्दर्य तत्वले रङ्गाएर पाठकसामु पुऱ्याउने कार्तिकेय घिमिरेका कृतिभित्र निहित उद्देश्यले गुणात्मक योगदानलाई माथि उठाएका छन् । यसैगरी विभिन्न विधामा कलम चलाइ त्यसमा सफलता समेत प्राप्त गरेर विभिन्न उच्च तहका साहित्यिक कृतिहरू पस्कने घिमिरेका कृतिहरूको सङ्ख्यात्मक परिमाणबाट उनको परिमाणात्मक योगदानको आङ्कलन गर्न सकिन्छ । उनले नेपाली साहित्यलाई उर्वर बनाएकोले युवा अवस्थामा नै थुप्रै सम्मान तथा पुरस्कारहरू प्राप्त गरिसकेका छन् । यति मात्रै नभएर उनले आफ्नै नाममा पुरस्कारको स्थापना गरी जेहेन्दार विद्यार्थीलाई हरेक वर्ष पुरस्कार वितरण गर्ने गरेका छन् । हाल उनी थुप्रै संघ संस्थाहरूमा पनि सम्लग्न रहेर अविस्मरणीय काम गरिरहेका छन् । हालका अन्य बालकथाकारको तुलनामा उनको स्थान अग्र पङ्क्तिमा रहेको छ । यसरी नेपाली साहित्य सेवामा मन, वचन र कर्मले सदासदा लागिपरिहने साधक कार्तिकेय घिमिरेकास्तरीय कृतिहरू निस्कने क्रम जारी रहोस्, घिमिरेको उच्च मूल्याङ्कन होस् र नेपाली पाठकले घिमिरेलाई कहिल्यै भुल्न नसकून् र भुल्नु पनि हुँदैन ।

# सन्दर्भग्रन्थसूची


आचार्य, लक्ष्मीप्रसाद, (२०६०), **मुना बालपत्रिकामा समाविष्ट बालकथाहरूको अध्ययन विश्लेषण** काठमाडौंः अप्रकाशित शोधपत्र स्नातकोत्तर नेपाली शिक्षण विभाग महेन्द्ररत्न क्याम्पस ताहाचल ।

उपाध्याय, केशवप्रसाद (२०६१), **बालसाहित्य र भाषा,** काठमाडौंः बालसाहित्य (वार्षिक) ।

क्षेत्री, जगत, (२०५२), **बालकथासाहित्यको संरचना र प्रारूप**, काठमाडौंः मधुपर्क (मासिक) ।

क्षेत्री, श्लेष्मा, (२०६४), **'मेरी हजुरआमा',** काठमाडौंः बालसाहित्य प्रतिष्ठान ।

घिमिरे, कार्तिकेय, (२०५८), **भ्यागुताको प्रजातन्त्र**, काठमाडौंः केटाकेटी नेपाल ।

_______, (२०६४), **छिः कस्तो नराम्रो हिरो,** काठमाडौंः विद्यार्थी प्रकाशन ।

_______, (२०६४), **बालदिवस,** विद्यार्थी प्रकाशन ।

तिम्सिना, कमला, (२०६५), **तपाई उपन्यासको कृतिपरक अध्ययन** काठमाडौंः स्नातकोत्तर शोधपत्र अप्रकाशित त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस ।

पराजुली, रञ्जुश्री (२०५३), **नेपाली बालकथाको विकासक्रम**, काठमाडौंः सुनकोसी (वार्षिक) ।

पोखरेल बालकृष्ण र अन्य, (२०४०), **नेपाली वृहत शब्दकोष,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, प्रमोद, (२०६१), **नेपाली बालसाहित्यको इतिहास,** काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि ।

बन्धु, चूडामणि, (२०४५), **बालसाहित्य अस्तित्त्व र प्रयोजन**, काठमाडौंः बालसाहित्य (वार्षिक) ।

भट्टराई, कल्पना, (२०५६), **नेपाली बालकथाको वर्गीकरण,** काठमाडौंः बालसाहित्य (वार्षिक) ।

भट्टराई, निलकण्ठ, (२०६५), **सर्लाहीका साहित्यिक प्रतिभाहरू** काठमाडौंः हरिवन-काठमाडौं सम्पर्क समाज ।

मैनाली, अम्बिका कुमारी, (२०६४), **'कोपिला' कान्तिपुर (दैनिक)** मा प्रकाशित **बालकथाहरूको अध्ययन-विश्लेषण** काठमाडौंः शोधपत्र अप्रकाशित त्रि.वि.वि. शिक्षा शास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

शर्मा, शरदचन्द्र, (२०५०), **माध्यमिक नेपाली गद्याख्यान,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

सत्याल, भुवनेश्वरी, (२०५३), **आधुनिक परिवेशमा बाल साहित्य,** काठमाडौंः बालसाहित्य (वार्षिक) बैतेडेली डडेलधुरेली लोक बालगीत ।

सुवेदी, राजेन्द्र, (२०५३), **नेपाली बालसाहित्यमा लक्ष्मीप्रसाद देवकोटाको योगदान**, काठमाडौंः सुनकोशी (वार्षिक) ।

# परिशिष्ट

## कार्तिकेय घिमिरेसँग लिइएको अन्तर्वार्ता

प्र.नं. १ तपाईलाई  आख्यान लेखनमा लाग्ने प्रेरणा कोबाट मिल्यो ?

मलाई आख्यान लेख्ने प्रेरणा मेरा साहित्यानुरागी आदरणीय दाजुहरू रघु घिमिरे र रोचक घिमिरेबाट मिल्यो ।

प्र.नं. २ तपाई क-कस्का आख्यानात्मक कृतिबाट बढि प्रभावित हुनुहुन्छ ?

म नेपाली साहित्यकार रमेश विकल र दिनेश अधिकारीका कृतिबाट प्रभावित छु ।

प्र.नं. ३ कस्ता पात्रलाई मुख्य स्थान दिनुहुन्छ ?

शिक्षाबाट वञ्चित बालपात्रलाई मुख्य स्थान दिनुका साथै द्वन्द्व पीडित र निम्नवर्गका पात्रलाई स्थान दिने गरेको छु ।

प्र.नं. ४ कस्ता घटनालाई आफ्ना कृतिमा स्थान दिनुहुन्छ ?

मैले सामाजिक घटनालाई र त्यसका अलावा समासामयिक राजनैतिक घटनालाई स्थान दिन्छु ।

प्र.नं. ५ तपाईको सबैभन्दा खुशीको क्षण कुन हो ?

मेरो सबैभन्दा खुशीको क्षण मैले २०६४ सालमा “राष्ट्रिय बालहितकारी” पुरस्कार ग्रहण गर्दाको क्षण हो ।

प्र.नं. ६ तपाईको सबैभन्दा दुःखको क्षण कुन हो ?

मेरो सबैभन्दा दुःखको क्षण मेरो दाजु डा. केशव घिमिरेको निधन भएको दिनलाई सम्झन्छु ।

प्र.नं. ७ साहित्य के हो ?

साहित्य भनेको कलात्मक अभिव्यक्ति नै हो ।

प्र.नं. ८ तपाईलाई मन पर्ने साहित्यकार कुन-कुन हुन ?

मलाई मनपर्ने साहित्यकार विश्वेश्वरप्रसाद कोइराला र दिनेश अधिकारी हुन् ।

प्र.नं. १० जीवन के हो ?

जीवन आगाका लप्काहरूवीचको संघर्षपूर्ण यात्रा हो तथा जीवन एउटा बन्धन, एउटा चौघेरा र एउटा बन्द वाकस हो ।

११. तपाईका प्रकाशोन्मुख कृतिहरू के के हुन ?

मेरा प्रकाशोन्मुख कृतिहरू कार्तिकेय घिमिरेका रमाइला बालकथाहरू, स्कुलवन जलेको त्यो दिन लगायत तेह्रवटा बालचित्रकथाका कृतिहरू चाँडै प्रकाशित हुँदैछन् ।

१२. हाल के गर्दै हुनुहुन्छ ?

बालसाहित्यको प्रवर्द्धनका लागि बालसाहित्य प्रतिष्ठान नेपालको नेतृत्व गरिरहेको छु, यसका अलावा विभिन्न अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूका लागि बालबालिकाहरूका निम्ति चेतना फैलाउने सन्देशपूर्ण कृतिहरू तयार गर्ने कामका साथै विभिन्न पत्रिकामा सम्पादक, अतिथि सम्पादक, प्रधान सम्पादकको जिम्मेवारी लिएर काम गर्दैछु ।

१३. नेपाली आख्यानको अवस्था कस्तो छ ?

नेपाली आख्यानको अवस्था निकै उल्लासपूर्ण रहेको छ ।

**कार्तिकेय घिमिरेकी आमा दुर्गादेवीसँग लिइएको अन्तर्वार्ता**

प्र.नं. १ कार्तिकेय घिमिरेको जन्म कहिले भएको हो ?

उनको जन्म वि.सं २०३३ साल कार्तिक ११ गते बेलुका ९ बजेर १३ मिनेटमा भएको हो ।

प्र. नं. २.उनको जन्म कुन ठाउँमा भएको हो ?

उनको जन्म जनकपुर अञ्चल सर्लाही जिल्लाको हरिवन-२ अन्तर्गत आफ्नै घरमा भएको हो ।

प्र.नं. ३ घिमिरेको बाल्यकालको स्वभाव कस्तो थियो ?

एकदमै चकचके र जिज्ञासु स्वभावका थिए । चकचके भएकै कारणले गर्दा धानको ढुकुटीबाट लडेर निधारमा लागेको चोट अहिलेपनि छ ।

**कार्तिकेय घिमिरेका पिता चन्द्रनाथ घिमिरेसँग लिइएको अन्तर्वार्ता**

प्र.नं. १ कार्तिकेयको बाल्यकालमा तपाईको आर्थिक अवस्था कस्तो थियो ?

पुर्ख्यौली सम्पत्ति सकिदै गएको अवस्थामा यिनको जन्म भएको हो । त्यसैले मेरो आर्थिक स्थिति कमजोर भएको थियो ।

पं. नं. २.घिमिरेको बाल्यकाल कसरी बित्यो ?

उनको बाल्यकाल सुखदपूर्ण तरिकाले आफ्नै गाउँमा भैसी चराउँदै बित्यो

...........................

**शोधनायकको हस्ताक्षर**